







# लोकप्रिय खेलाडी ?



फुटबलबाट संन्यासको घोषणा गरे पनि हरि खड्का नेपाली खेलकुदका सर्वाधिक लोकप्रिय खेलाडीमा दरिएका छन् । नेपाली खेलाडीको लोकप्रियता मापनका लागि सम्पर्क गरिएका १ सय मध्ये ४७ जनाले मन पर्ने ५ खेलाडीको सूचीमा खड्कालाई समावेश गरे । गत वर्ष दक्षिण एसियाली खेलकुदमा स्वर्ण तथा एसियाली खेलकुदमा कांस्य पदक जितेका तेक्वान्दो खेलाडी दीपक विष्ट लोकप्रियताको दोस्रो स्थानमा रहे । ४१ जनाले विष्टलाई मन पर्ने पाँच खेलाडीको सूचीमा राख्न चाहे । यसै गरी ३९ जनाले तेक्वान्दो स्टार संगीना वैद्यलाई मन पर्ने उत्कृष्ट पाँच खेलाडीको सूचीमा राखे ।

यस क्रममा खड्का १५ देखि २५ वर्ष उमेर समूहमा सर्वाधिक लोकप्रिय रहेको पाइयो । यीमध्ये १८ जनाले खड्कालाई आफूलाई मन पर्ने खेलाडीको सूचीमा राख्न चाहे । धेरैको तर्क थियो– 'सबैभन्दा लोकप्रिय खेल फुटबलको निर्विवाद सुपरस्टार भएका कारण खड्का नेपाली खेलकुदका शीर्ष व्यक्ति हुन् ।' यही उमेरका १५ युवाले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई दिलाएको सफलताका आधारमा विष्ट र वैद्यको योगदानलाई भुल्न नहुने तर्क दिए। यिनीहरूमध्ये १५ जनाले यी दुवै खेलाडीलाई मन पर्ने खेलाडीको सूचीमा समावेश गरे । १० जोड २ मा अध्ययनरत विद्यार्थीमाझ बास्केटबल खेलाडी रूपक गुरुङ त्यत्तिकै लोकप्रिय रहेको पाइयो । १५ देखि २५ वर्ष उमेरका ३० युवामध्ये १६ जनाले गुरुङलाई शीर्ष पाँचमा राख्न चाहे । संयोगवश उनीहरूमध्ये धेरै निजी कलेजमा ११ वा १२ कक्षामा अध्ययनरत छन् । सम्पर्क गरिएका व्यक्तिमध्ये २५ भन्दा बढी उमेरका कसैले पनि गुरुङलाई मन पर्ने उत्कृष्ट पाँच खेलाडीको कोटीमा राख्न चाहेनन् ।

नेपाली युवा क्रिकेट टिमका कप्तान पारस खड्का पनि युवाहरूमाझ लोकप्रिय देखिए । यही उमेरका ३० मध्ये १७ जनाले पारसलाई शीर्ष पाँचमा राख्न चाहे भने समग्रमा उनी २८ जनाबाट रुचाइए ।

नेपाली खेलकुदमा सबैभन्दा लोकप्रिय खेल फुटबल भएको र राम्रा फुटबलरको आफ्नै महत्त्व हुने तर्क धेरैको रह्यो भने अन्तर्राष्ट्रिय प्रतियोगितामा दिलाएको सफलतालाई आधार मान्नुपर्ने पनि धेरैले बताए । यही आधारमा विष्ट र वैद्यका साथमा मनीता शाहीलाई रुचाउनेहरूको संख्या पनि त्यत्तिकै देखियो । कुल १ सयमध्ये २२ जनाले शाहीलाई मन पर्ने पाँच खेलाडीको सूचीमा राखे । युवाहरूमाझ लोकप्रिय क्रिकेटका राष्ट्रिय कप्तान विनोद दासलाई मन पराउनेहरूको

**बाँकी पृष्ठ २३ मा**






मध्यपृष्ठमा

रोशा बस्नेत

साप्ताहिक झिल्को

साइबर गर्ल

समीक्षा



**तपाईंको लोकप्रियताको रहस्य ?**

पहिलो कुरा, फुटबल लोकप्रिय खेल हो । फुटबलको लोकप्रियताकै कारण हामी फुटबल खेलाडीहरू आमजनमानसमा सुपरिचित भएका छौं । दोस्रो कुरा, लामो समयदेखि नेपाली फुटबललाई सञ्चार क्षेत्रले महत्त्व दिएका कारण आममानिसमा फुटबलप्रतिको चासो बढ्यो । यसै कारण हामी फुटबल खेलाडी तुलनात्मक रूपमा बढी चिनियौं ।

**लोकप्रिय हुनका लागि खेलबाहेक सार्वजनिक जीवनको भूमिका ?**

खासै त्यस्तो केही छैन । खेल र कार्यालयको समयबाहेक अरू समय साथीभाइहरूसँगै बित्छ । मलाई साधारण जीवन नै मनपर्छ । सहज जीवनशैलीका कारण पनि मलाई मन पराउनेहरूको संख्या बढेको हुन सक्छ । मेरा साथीहरूको वृत्तमा र जोसुकैसँग सहज ढंगले प्रस्तुत हुने कारणले पनि मेरा प्रशंसक धेरै भएका हुनसक्छन् । समग्रमा जहाँ पनि सहज देखिनु नै मेरो विशेषता हो । मैदानभित्र र सार्वजनिक जीवनमा अनुशासित रहने प्रयास गरें । यसले पनि मलाई सहयोग गऱ्यो । यस पटकको लिगमा पुलिस टिमले उपाधि जितेपछि विभागभित्र र बाहिर मेरो प्रभाव अझ बढेको हुनसक्छ ।

**यो स्थानसम्म आइपुग्दा क–कसलाई सम्झनुहुन्छ ?**

मानिस जति ठूलो भए पनि पहिलो खुड्किलोलाई बिर्सनु हुँदैन । मलाई आजको स्थानमा पुऱ्याउने होल्यार ओवरम्यानलाई म आज पनि सम्झन्छु । ओवरम्यान नभएको भए म गाउँको एउटा साधारण परिवारको केटो, त्यति अवसर पनि पाउँदिनथें होला । दोस्रो गणेश राजभण्डारी, जसले मेरो अभिभावकको काम गर्नुभयो र मलाई फुटबल खेल्न प्रेरित गर्नुभयो । त्यसपछि मेरो व्यावसायिक खेल जीवनको ढोका खोल्ने गम्भीर राई तथा एनआरटी क्लब मैले सधैं सम्मानपूर्वक लिनुपर्ने नाम हुन् ।

**खेलजीवनप्रति कुनै गुनासो ?**

हरेक खेलाडीको पहिलो चाहना राष्ट्रिय टिममा पर्नु र आफ्नो देशलाई उपाधि दिलाउनु हुन्छ । मैले नेपालका लागि धेरै खेलें, तर दुर्भाग्य कुनै प्रतिष्ठित उपाधि दिलाउन सकिनँ । मेरो यही एउटा दुःखेसो छ ।

## सर्वेक्षण कसरी गरियो ?



**नेपाली खेलाडीको लोकप्रियता मापन गर्ने उद्देश्यले साप्ताहिकले गरेको यो सर्वेक्षणको अवधि लगभग एक महिना रह्यो । यस क्रममा ललितपुरका गोदावरी, सातदोबाटो, लगनखेल र डिएभी कलेजका केही युवालाई सर्वेक्षणमा समावेश गरियो । काठमाडौंमा भने मखन, क्षेत्रपाटी र सामाखुसीका केही व्यक्ति सम्पर्कमा थिए । त्रिपुरेश्वरमा पनि यो सर्भे गरियो भने काठमाडौं इन्जिनियरिङ कलेजको एउटा समूह पनि यो सर्वेक्षणमा समावेश भयो । मध्यपुर नगरपालिकाका कौशलटार र गठ्ठाघरसहित बालकोट, सल्लाघारी, भक्तपुर, नगरपालिका तथा नलिन्चोकवासीसँग पनि सम्पर्क गरियो ।**

**झापाको काँकडभिट्टा र धूलाबारीका केही बासिन्दासँग सम्पर्क गरियो भने झापाको एउटा खेल समारोहमा आइपुगेका पर्साका खेलप्रेमीहरूसँग पनि उनीहरूलाई मन पर्ने पाँच खेलाडीको सूची मागियो । काठमाडौंमा बसोबास गर्दै आएका सुनसरीको झुम्का र इटहरीका केही व्यक्ति पनि यो सर्वेक्षणमा समावेश थिए । सबैसँग सोधिएको एउटा साझा प्रश्न थियो– तपाईंलाई मन पर्ने पाँच नेपाली खेलाडीको नाम के होला ? जसको उत्तर कारणसहित दिनुपर्ने थियो । सर्वेक्षणमा ६६ पुरुष तथा ३४ महिला सहभागी थिए ।**

**अधिकांश विद्यार्थी र केही खेल व्यक्तित्व पनि यो सर्वेक्षणमा सहभागी भए । केही सुरक्षा निकायका व्यक्ति थिए भने केही साना होटल तथा किराना पसल व्यवसायीसँग पनि यही प्रश्न गरियो । ललितपुरको गोदावरीबाट सुरु भएको यो सर्वेक्षण झापाको धूलाबारीमा पुगेर सकिएको थियो । सर्वेक्षणका क्रममा भिन्न शैक्षिक तहका व्यक्तिलाई समावेश गराउने प्रयास गरियो । निरक्षरदेखि स्नात्तकोत्तर तहसम्म अध्ययन गरेकाहरूसँग सर्वेक्षणका क्रममा सम्पर्क गरियो । यसैगरी सर्वेक्षणमा बालकदेखि प्रौढसम्मलाई सम्पर्क गरियो । खेलाडीको लोकप्रियता यो सर्वेक्षणको एउटा पाटो भए पनि आमनेपाली मानसिकतामा नेपाली खेलकुदको प्रभाव बुझ्न यो सर्वेक्षण उपयुक्त भयो ।**

**विभिन्न समुदाय, पेसा र क्षेत्रका व्यक्तिहरूको संलग्नता गराउने प्रयास गरिए पनि यो सर्वेक्षण नै लोकप्रियताको अन्तिम मापदण्ड हो भन्ने होइन, तथापि निश्चित व्यक्तिको मनमा यी खेलाडीले राम्रैसँग बास गरेको तथ्य भने अकाट्य नै हो ।**

## क्यासेट

### दसी



भूमिराज राईको पहिलो एकल गीति-संग्रह 'दसी' आएको छ। धौलागिरी क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा १२ गीत छन्। राईले हिमालय ब्यान्डका नोर्देन तेञ्जिङ भुटियाको गीत गाजलुले आँखै छोपी र मुसुमुसु हाँसिदेऊ गीतलाई रिमिक्स गरेका छन्। संग्रहमा शब्द भूमिराज राई, भानुभक्त भट्टराई, उदयराज पौडेल, रमेश शाही, प्रतिमा श्रेष्ठ, शरण जोशी, बिजु बज्र, अरुण तिवारीको छ भने संगीत जेम्स प्रधान, बिजु बज्र, उदयराज पौडेल, किरण कंडेल, शान्तिराम राई, शरण जोशी, भीषण मानन्धर, विक्रम थापाको छ।

### स्पार्क



सीताराम पोखेलको चौथो एकल गीतिसंग्रह 'स्पार्क' दर्शक-श्रोतामाझ आएको छ। यो गीतिसंग्रहमा पोखलले आफैंले लेखेको तथा हरिश माथेमाले गाएको आँखाको नानी हौ तिमीलाई रिमिक्स गरेका छन्। स्पार्कमा सीताराम पोखेल, भूपेन्द्र खड्का, अर्जुन अर्याल, कृष्णहरि बराल, बिमल कोइराला, नरेश भट्टराई तथा राजेश हमालको शब्द सुन्न सकिन्छ। संगीत भूपेन्द्र रायमाझी, राहुल प्रधान, रामकृष्ण त्रिपाठी, राजु सिंह र संजय हमालको छ।

### पल



मौसमी गुरुङको एकल गीतिसंग्रह 'पल' दर्शक-श्रोतामाझ आएको छ। स्काई म्युजिकले बजारमा ल्याएको यो संग्रहमा ८ गीत छन्। संग्रहमा लाउन त लाइदिए मायालाई रिमेक गरेर प्रस्तुत गरिएको छ। संग्रहमा शब्द राजन इशान, भूपेन्द्र खड्का, दयाराम पाण्डे, सुगम पोखरेल, राजेन्द्र थापा, अविनाश घिसिङको छ भने संगीत राजन इशान, बिजु बज्र, सुरेश अधिकारी, सुगम पोखरेल, रामचन्द्र काफ्लेको छ।

## रंगमञ्च

• आरोहण गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित रिमाल थियटरमा गत असोज १२ गतेदेखि मञ्चन भैरहेको नाटक 'डाक्टर कनक' भोलि शनिबारसम्म प्रदर्शन हुनेछ। फ्रान्सेली नाटक डाक्टर नकको नेपाली रूपान्तरण डाक्टर कनकलाई रंगकर्मी सुनील पोखरेलले निर्देशन गरेका हुन्। चिकित्सा पेसाप्रति व्यंग्य गरिएको नाटक डाक्टर कनकलाई कल्पना घिमिरेले अनुवाद गरेकी हुन्। नाटकमा कमलमणि नेपाल, सौगात मल्ल, अरुणा कार्की आदिले अभिनय गरेका छन्।

• एसिया फाउन्डेसनको सहयोग तथा आरोहण-गुरुकुलको आयोजनामा हिजो बिहीबारदेखि नगरकोटमा 'दिगो शान्ति र नयाँ नेपाल' शीर्षकको कार्यशाला प्रारम्भ भएको छ। पर्सि आइतबारसम्म चल्ने उक्त कार्यशालामा रंगकर्मी, साहित्यकार, पत्रकार, चित्रकार एवं संगीतकर्मीहरूको सहभागिता छ। कार्यशालाअन्तर्गत ३ रात ४ दिनको बसाइका क्रममा सबैले आ-आफ्नै क्षेत्रसँग सम्बन्धित विभिन्न सिर्जना गर्नेछन्। कार्यशालाका सिर्जनालाई काठमाडौं फर्किएपछि प्रदर्शन गरिने रंगकर्मी सुनील पोखरेलले बताए।

• दसैंको अवसर पारेर हरेक वर्षको कोजाग्रत पूर्णिमाका दिन पुरानो बानेश्वरस्थित आरोहण-गुरुकुल परिसरमा दसैंको टीका तथा शुभकामना आदान-प्रदान गरिन्छ। यो कार्यक्रमलाई यसपटक पनि निरन्तरता दिइनेछ। रंगकर्मी, साहित्यकार तथा अन्य प्रबुद्ध व्यक्तिहरूको उपस्थिति रहने यो कार्यक्रममा वरिष्ठ साहित्यकार तथा रंगकर्मी गोविन्दबहादुर मल्ल गोठालेको प्रतिमा अनावरण स्वयं गोठालेले गर्नेछन्।

## ग्यालरी

• खुम्बुक्षेत्रको प्राकृतिक एवं सांस्कृतिक महत्त्वका विषयवस्तुलाई क्यानभासमा उतार्ने उद्देश्यले राजधानीका ९ जना युवा कलाकार मंगलबार त्यसतर्फ लागेका छन्। 'खुम्बुक्षेत्रको कलाभ्रमण' शीर्षक राखिएको उक्त यात्राको आयोजना लिभिङ इडेन आर्ट फाउन्डेसन तथा नाम्चे युवा समूहले गरेको हो। युवा कलाकारहरू प्रवीण मानन्धर, नवीनविकास महर्जन, सुनीता महर्जन, कृष्णगोपाल श्रेष्ठ, अर्चना बज्राचार्य, प्रज्ञा बज्राचार्य, सुमन महर्जन, सुनील डंगोल, दीपमाला महर्जन संलग्न रहेको उक्त टोलीले एघार दिनको यात्रामा तयार पारेका चित्र असोज ३० गते नाम्चेमा र त्यसपछि काठमाडौंमा प्रदर्शन गरिनेछ। कलाकृतिको बिक्रीबाट उठेको रकम स्थानीय सगरमाथा सामुदायिक पुस्तकालयको भवन निर्माणमा खर्च गरिने बताइएको छ।

• सबैमा चित्रकलाको पहुँच हुनुपर्छ भन्ने उद्देश्य राखेर प्रारम्भ भएको कलाक्रान्ति अभियानअन्तर्गत गत शनिबार 'कलाक्रान्ति अभियान बुलेटिन' सार्वजनिक गरिएको छ। युवा कलाकार समूहले सञ्चालन गरेको उक्त अभियान ११ औं सातामा पुगेको अवसरमा बुलेटिन सार्वजनिक गरिएको थियो। अभियानअन्तर्गत शनिबार सोह्रखुट्टेस्थित एक्मी लर्निङ सर्कलमा चित्रकला कक्षा सञ्चालन गरिएको थियो। अभियानले ५ देखि ७० वर्ष उमेर समूहसम्मलाई निःशुल्क चित्रकला शिक्षा दिलाउने उद्देश्य राखेको छ।

• कलाकारहरू जुजुकाजी महर्जन, सञ्चिता लामा, मञ्जु स्याउला, राज के. प्रजापति, उदय कर्माचार्य तथा सुधा चौधरीले भोकमरीविरुद्ध कोरेका चित्रहरूको प्रदर्शनी गत मंगलबारदेखि नेपाल आर्ट काउन्सिल बबरमहलमा जारी छ। प्रदर्शनीको आयोजना एक्सन एडको सहयोगमा हर्टबिट इन एसोसिएसनले गरेको हो।

## पुस्तक

### मेरो छोरा ! मेरी छोरी !!

नाटककार रोशन सुवेदीद्वारा रचना गरिएका ११ वटा नाटकको संग्रह 'मेरो छोरा ! मेरी छोरी !!' नाटकलाई पुस्तकमा पढ्न चाहने पाठकहरूका लागि एउटा गतिलो खुराक हुन सक्छ। नेपाली साहित्यमा लोप हुँदै गएको नाट्यसाहित्यलाई नयाँ जीवन दिने जमर्को गरेको यो पुस्तक प्रशान्ति प्रकाशनले प्रकाशित गरेको हो। पुस्तकको संस्थागत मूल्य २ सय रुपैयाँ, व्यक्तिगत मूल्य ७५ रुपैयाँ तथा १० अमेरिकी डलर छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सताको सुरु र अन्त्यमा मन प्रसन्न रहनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोज-भतेरमा सामेल हुने अवसर मिल्नेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहनुका साथै काममा अवरोध आउन सक्छ।

### सिंह

सुरुमा जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता पाइनेछ। अध्ययनमा सफलता प्राप्त होला। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। सफलताका लागि धैर्य गर्नुहोला।

### धनु

समस्या आए पनि काममा सफलता मिल्नेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। मान-सम्मान पनि प्राप्त होला। भाग्य बलियो छ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोमबार र मंगलबार खर्च एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### वृष

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। व्यवसाय बढ्नेछ भने यात्रा हुनसक्छ। भेटघाटमा रमाउन पाइनेछ। सोच्ने शक्ति बढ्नेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### कन्या

सुरुमा मन दुःखी रहनेछ। काममा अवरोध आउन सक्छ। बिनाकारण बढ्ने विवादले चिन्तित बनाउनेछ। धनमाल हराउनुका साथै झूटा आरोप पनि लाग्नसक्छ। आइतबारदेखि काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट पर्याप्त सहयोग मिल्नेछ। व्यवसायमा सफलता कायमै रहनेछ। बोलीको प्रभाव पनि बढ्नेछ।

### मकर

सुरुमा मान-सम्मान एवं पराक्रम बढ्नेछ। प्रशंसा पनि पाउनुहोला। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि प्राप्त होला। मन प्रसन्न रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा मन जानेछ। यात्रा हुनसक्छ। बुधबार एवं बिहीबार चिन्ता बढ्नेछ।

### मिथुन

सुरुमा गलत विचार बढ्नेछ। काममा अवरोध आउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शत्रु सक्रिय हुनेछन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय बढ्नेछ भने यात्रा पनि हुनसक्छ।

### तुला

समय राम्रो छ। धेरै काममा सफलता मिल्नेछ। मन पनि प्रसन्न होला। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। महत्त्वपूर्ण यात्रा हुन सक्छ। बोली प्रभावशाली हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायबाट राम्रै लाभ मिल्न सक्छ।

### कुम्भ

सुरुमा नैराश्यता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। स्वास्थ्य पनि गडबड रहला विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि मान-सम्मान मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कर्कट

सुरुमा घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। विश्वास गरेकाहरूबाट धोका हुनसक्छ। गलत विचारका साथै खर्च एवं विवाद बढ्नेछ। धनमाल हराउन वा शरीरमा चोटपटक लाग्न सक्छ। शत्रु बढ्नेछन्। अध्ययनमा अवरोध आउनेछ।

### वृश्चिक

सुरुमा खर्च बढ्नेछ। मन चिन्तित रहन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सोमबारदेखि काममा सुधार आउने, प्रसन्नता बढ्ने तथा धन आर्जन हुने योग छ। बोलीको प्रभाव बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### मीन

सुरुमा स्वास्थ गडबड रहनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। गलत विचार एवं शत्रु बढ्नेछन्। घरेलु समस्याले सताउनेछ। बुधबारदेखि मान-सम्मान मिल्नेछ। काममा सफलता मिल्नेछ। भाग्य बलियो हुनुका साथै धन आर्जन हुने योग छ।

## यो साताको पञ्चाङ्ग

असोज २५ गते घटस्थापना, बडादसैं प्रारम्भ

## साता संक्षेप

**असोज १८** दरबारद्वारा तीन दर्जन कर्मचारीलाई अवकाश, सरकारद्वारा दरबारका ६० कर्मचारीलाई अवकाश दिने निर्णय।

- कालिकोटमा झाडा-पखालबाट सातामा ३८ को मृत्यु हुने गरेको पुष्टि, देशव्यापी सर्वेक्षण हुन सकेन।
- कान्तिपुर सुचारु, माओवादीका शीर्ष नेताका सामुन्ने मजदुर नेता तथा पब्लिकेसन्स व्यवस्थापनबीच सम्झौता।
- विधानसभा निर्वाचनको कार्यक्रम स्थगित, सरकारले निर्वाचन अयोगलाई निर्वाचन सार्न पत्र लेख्यो।

**असोज १९** संविधानसभा निर्वाचन कार्यक्रम स्थगनप्रति अन्तर्राष्ट्रिय समुदाय निराश भएको टिप्पणी। भारत, युरोपेली युनियन तथा अमेरिकाद्वारा छुट्टाछुट्टै विज्ञप्ति जारी गरी संविधानसभा सुनिश्चित गर्न नेपाल सरकारसूग आग्रह।

- संविधानसभा निर्वाचनका कार्यक्रम स्थगित भएकोमा देशका अधिकांश स्थानमा विरोध प्रदर्शन।
- प्रधानमन्त्रीद्वारा न्यायाधीशमा केदारप्रसाद गिरी नियुक्त।
- दरबारमा खटिएका एक पल्टन सेना मुख्यालय फिर्ता।
- विराटनगरमा हतियारधारी समूहद्वारा प्रहरीमाथि आक्रमण, गोली चलेपछि विराटनगरमा कर्फ्यु जारी, सप्तरीमा पनि कर्फ्यु।

**असोज २०** नेकपा (एमाले) द्वारा संविधानसभा गर्न असक्षम भएको भन्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग, चुनावी सरकार बनाउनुपर्ने मधेसी जनअधिकार फोरमको आग्रह।

- माओवादीको अर्को कार्यक्रम, विशेष अधिवेशनका दिन सिंहदरबार घेर्ने कार्यक्रम सार्वजनिक।
- संविधानसभा निर्वाचनको स्थगनबाट सरकारलाई एक अर्ब रुपैयाँ नोक्सान।

**असोज २१** लगातारको बन्दका कारण पूर्वी तराईको जनजीवन कष्टकर, बन्दकारी र प्रहरीबीच विराटनगर, झापा, उदयपुर तथा कैलालीमा झडप, झापामा १ को मृत्यु, मोरङको रंगेलीमा ४ प्रहरीसहित ५ घाइते, दुहबीको सुनसरीमा २६ गाडी तोडफोड।

- नेकपा (एमाले) द्वारा जनमतसंग्रहको प्रस्ताव, माओवादीद्वारा एमालेको प्रस्तावको समर्थन।

**असोज२२** एक साताअघि अपहरणमा परेका आठ वर्षीय धीरज अधिकारीको हत्या, हत्यामा संलग्न ४ पक्राउ, हत्याको विरोधमा उपत्यकाका केही स्थानमा प्रदर्शन एवं आगजनी।

- सरकारले माओवादी सेनाका लागि ३ महिनाको तलब पठायो।
- दरबारको सम्पत्ति ट्रस्टमा राख्न कानुन बनाउन मन्त्री परिषद्को बैठकको निर्णय।
- संविधानसभा निर्वाचनको स्थगनपछि नेपाली कांग्रेसको पहिलो बैठक बस्यो, आफ्नो अडान नछाड्न नेतालाई दबाब।

**असोज २३** जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) द्वारा बारामा गाविस सचिवको हत्या, सरकारी कर्मचारीद्वारा सुरक्षाको प्रत्याभूति दिन सरकारसँग माग।

- संसद्बाट गणतन्त्र घोषणा गर्ने मागप्रति भारतमा समर्थन, भारतीय कांग्रेसका २५ सांसदद्वारा गणतन्त्रका पक्षमा संयुक्त विज्ञप्ति जारी।
- राष्ट्रिय प्रजातन्त्र पार्टी तथा जनशक्ति पार्टी संसद्बाट गणतन्त्र घोषणाको विपक्षमा, नेपाली कांग्रेसले बृहत् प्रजातान्त्रिक समूहको नेतृत्व गर्नुपर्नेजिकिर।
- पत्रकार वीरेन्द्र साह माओवादीबाट अपहरित भएको एक साता बितिसक्दा पनि मुक्त गरिएन, प्रधानमन्त्री तथा माओवादी नेता कृष्णबहादुर महरालाई भेटी साहलाई तत्काल रिहाईको निर्देशन दिन प्रेस चौतारीको आग्रह।

# नेपालको राजनीति चरम संकटमा

**अश्विनी कोइराला**

काठमाडौं– भगवान्ले सबैभन्दा सुन्दर जन्तु बनाउँछु भनेर परिश्रम गर्दा उँट बनेको मिथजस्तै भएको छ नेपालको राजनीति। निरङ्कुश राजतन्त्रलाई तह लगाउने तथा सर्वसत्तावादी सोच भएका माओवादीलाई लोकतान्त्रिक पद्धतिमा ल्याउने मीठो सपना देखेका तत्कालीन सात दल यतिखेर उँटरूपी राजनीति निर्माण भएकोमा विलखबन्दमा छन्। सतहमा देखिएका मात्र होइन, नदेखिएका समस्यासमेत एकैपटकमा समाधान गर्न हतारिएको नेकपा (माओवादी) तथा आफ्नो परम्परागत मान्यता छाड्न नचाहेको कांग्रेसबीचको धरापमा नेपाली राजनीति झुन्डिएको छ। दुवै दलले नेपालको राजनीतिको हलो आ-आफ्नो अडानमा अड्काएका छन्, तर गोरु चुट्न छाडेका छैनन्। यसले लामो समयपछि रोपिएको संविधानसभाको बीउ यसपटक पनि सुक्दै जाने सम्भावना बढेको छ।

यतिखेर कांग्रेस तथा माओवादीको चेत एकैपटक खुलेको छ। नेकपा (माओवादी) आफ्नो अनुकूल नभै मूल धारमा आउँदैनन् भन्ने कुरा नेपाली कांग्रेसले समयमै बुझ्न सकेन। नेकपा माओवादी भने आफूले जे चाह्यो नेपाली राजनीतिमा त्यही हुन्छ भन्ने भ्रममा पर्दै गयो। यी दुवै दलको भ्रम टुट्नु नै अहिलेको राजनैतिक गतिरोधको मुख्य कारण मानिएको छ। नेपाली कांग्रेसका अधिकांश सदस्यले संसद्बाट गणतन्त्र तथा समानुपातिक निर्वाचन प्रणाली कुनै हालतमा नमान्न आफ्ना नेतालाई सुझाव दिएका छन्। संविधानसभा निर्वाचनको स्थगनपछि बसेको कांग्रेस केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यले माओवादीले पूर्वसहमतिविपरीत बीचमा उठाएका माग पूरा गरे नेपालीले सधैंभरि दुःख पाउने तर्क गरेका थिए। आफ्ना सदस्यबाट एक मतमा पारित भएको उक्त नीति हिजोको विशेष अधिवेशनमा पनि देखियो।

नेकपा (माओवादी) पनि आफ्नो अडानमा टसमस भएको छैन। संसद्को अधिवेशन प्रारम्भ हुनुपूर्व पश्चिम नेपालको भ्रमणमा रहेका माओवादी अध्यक्ष प्रचण्डले आफ्ना माग पूरा नभए सातदलीय गठबन्धन तोड्ने चेतावनी दिएका छन्। प्रचण्डले संसदीय प्रक्रियाबाट आफ्ना माग पूरा नभए आन्दोलनमा जाने तथा त्यही आन्दोलनका बलमा सरकार ढाल्ने योजना सार्वजनिक गरेका छन्। यसले गत जनआन्दोलनमा सहभागिता नजनाएका राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टी तथा आन्दोलनमा राजाको सहयोगी रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका गतिविधि बढाउन मद्दत गरेको छ।

संविधानसभा स्थगनपछि बसका तीनवटै दलको बैठकले संसद्बाट गणतन्त्रको विपक्षमा मतदान गर्ने नीति सार्वजनिक गरेका मात्र छैनन्, आफूसँग मत मिल्ने दलबीच एकीकरण हुनसक्ने सम्भावना पनि व्यक्त गरेका छन्। नेपाली कांग्रेसले संवैधानिक राजतन्त्रको आफ्नो पुरानो अडान फेरेर गणतन्त्रतर्फ उन्मुख भए पनि राजसंस्थाले ती दलमार्फत आफ्नो सक्रियता बढाएको अनुमान गरिएको छ। यसबीच राजाका निकटका मित्र प्रभाकरशमशेर राणा दरबारको अस्तित्व बचाउन भारतको राजधानी दिल्ली पुगेका छन्। गुप्त रूपमा तय गरिएको यो भ्रमणको उद्देश्य भारतका शक्तिकेन्द्रमा रहेका नेताहरूलाई राजाको सन्देश सुनाउनु रहेको बताइएको छ। भारतका सबै सर्त मानेर राजा संविधानसम्मत बस्न राजी भएको सन्देश प्रभाकरशमशेरमार्फत पुऱ्याइएको बताइन्छ।

यसबीच नेपालमा उत्पन्न राजनैतिक गतिरोधसम्बन्धी परामर्श गर्न भारत सरकारले पूर्वविदेशसचिव श्याम शरणलाई काठमाडौं पठाएको छ। नेपालका लागि भारतीय राजदूत काठमाडौंबाट नेपालसम्बन्धी ब्रिफिङ गर्न दिल्ली पुगेका थिए। यो ब्रिफिङलगत्तै विदेशसचिव शिवशंकर मेननको आग्रहमा श्यामशरण नेपाल आएका हुन्। दिल्लीबाट प्राप्त समाचारअनुसार नेपालमा देखिएको राजनैतिक गतिरोध अन्त्य गर्न भारतको विदेश मन्त्रालयले गत सोमबार तथा मंगलबार लामो छलफल गरेको थियो। छलफलमा पूर्वविदेशसचिव श्याम शरण, विदेशमन्त्री प्रणव मुखर्जी तथा विदेशसचिव शिवशंकर मेननको उपस्थिति थियो।

नेपाल भ्रमणमा रहेका श्यामशरण नेपालका लागि पूर्वराजदूत हुन्। नेपालका नेताहरूसँग राम्रो सम्बन्ध भएका श्यामशरणले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, माओवादी अध्यक्ष प्रचण्ड तथा सात दलका अन्य प्रभावशाली नेतालाई भेट्ने कार्यक्रम छ। भारतले नेपालमा जारी शान्ति-प्रक्रिया अवरुद्ध हुन नहुने, नेपालले लिएको संविधानसभाको लक्ष्य पूरा गर्नुपर्ने, सात दलको एकता कायम रहनुपर्ने तथा तराईमा देखिएको समस्यामा भारतको सहयोग रहने सन्देश लिएर आफू काठमाडौं आएको श्याम शरणले बताएका छन्।

**गणतन्त्रसम्बन्धी प्रस्तावको दर्ता**

माओवादीको समावेदनअनुसार प्रधानमन्त्रीद्वारा आह्वान गरिएको संसद्को विशेष अधिवेशनमा छलफलका लागि गणतन्त्रसम्बन्धी प्रस्ताव दर्ता गराइएको छ। गणतन्त्रसम्बन्धी प्रस्ताव माओवादीले दर्ता गराएको हो। प्रस्तावमा राजाले संविधानसभा निर्वाचनमा गम्भीर व्यवधान पुऱ्याएको आरोप लगाइएको छ। प्रस्तावमा राजतन्त्रको अन्त्य नभएसम्म संविधानसभा निर्वाचन हुन नसक्ने भएकाले गणतन्त्र अनिवार्य भएको दावी गरिएको छ। प्रस्तावमा वास्तविक संविधानसभा निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणाली पनि अनिवार्य भएको दावी गरिएको छ।

चार महिनाअघि गरिएको संविधान संशोधनमा संविधानसभा हुन नदिन राजाले गम्भीर व्यवधान खडा गरेको ठहर भए संविधानसभा अघि नै संसद्ले गणतन्त्र घोषणा गर्न सक्ने उल्लेख गरिएको छ। संविधानको धारा १५९ मा यसरी गणतन्त्र घोषणा गर्न संसदको दुईतिहाई मत आवश्यक पर्ने कुरा उल्लेख छ। माओवादीको उक्त प्रस्ताव नेपाली कांग्रेसलगायत नेकपा (एमाले) ले पनि अस्वीकार गर्ने सम्भावना छ। उक्त प्रस्ताव पारित हुन नेपाली कांग्रेसका सांसदसमेतको मत आवश्यक पर्नेछ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

अहिले जुन प्रकारको शान्तिसुरक्षा छ अनि सरकारका गतिविधिहरूलाई हेर्दा संविधानसभा निर्वाचन हुन्छ भन्नेमा मलाई सयमा एक प्रतिशत पनि विश्वास छैन। यही अवस्थाबाट मुलुक अघि बढ्दै गयो भने या त अधिनायकवादी सत्ता आइपुग्छ वा देश विखण्डनतिर जान्छ। यी दुईभन्दा तेस्रो कुनै अवस्था नेपाल र नेपालीले प्राप्त गर्लान् जस्तो मलाई लागेको छैन।

**लक्ष्मणप्रसाद घिमिरे, नेता, नेपाली कांग्रेस**

नेपाल सधैं अन्तर्राष्ट्रिय समुदायको प्राथमिकतामा रहन्छ भन्ने पनि छैन। म्यानमारमा प्रजातन्त्र स्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यान आकर्षित भएको छ। यस्तो बेला अन्तर्राष्ट्रिय जगत् नेपालबाट फर्कन सक्छ। यी सबै कारणले मलाई पनि संविधानसभाका बारेमा शंका लाग्न थालेको छ।

**डा. नारायण खड्का, नेता, नेपाली कांग्रेस**

मधेस, पहाड र हिमाललाई स्वायत्त प्रदेशमा बाँड्नुपर्छ। यसभित्र पनि भाषिक, सांस्कृतिक तथा समुदायका आधारमा फेरि विभिन्न प्रान्तहरूको गठन गर्नुपर्छ। यो निश्चित गरिएको अवस्थामा हामी संविधानसभाको निर्वाचनमा जान्छौं। यद्यपि निर्वाचन आयोगले अल्पमत पक्षधरलाई मान्यता दिएर बहुमत सदस्य रहेको हामीलाई लखेट्ने काम भएकाले हाम्रा यी माग कसैले सुन्छन् भन्ने लाग्दैन। त्यसैले हामी संविधानसभाको निर्वाचन धोका हो भन्न बाध्य भएका छौं।

**लक्ष्मणलाल कर्ण, महतो पक्षधर सद्भावना पार्टीका नेता**

हामी सार्थक संविधानसभाका पक्षमा छौं, प्रतिक्रियावादीहरू आफूले चाहेजस्तो निर्वाचनका पक्षमा देखिन्छन्। अहिले प्रतिक्रियावादी शक्तिहरू पनि संविधानसभा समयमै हुनुपर्छ भन्न थालेका छन्। मधेस, पूर्वपश्चिम, काठमाडौंका दरबार एवं विदेशका केही बैठकमा पनि आफूले चाहेजसरी संविधानसभा गराउन षड्यन्त्र भैरहेको छ। त्यसैले हामीले सार्थक संविधानसभा भनेका हौं। संसद्बाट गणतन्त्र तथा समानुपातिक निर्वाचन प्रणालीको घोषणा गर्नेबित्तिकै उनीहरूको स्वर मसिनो हुन थाल्छ।

**बादल, नेता, नेकपा (माओवादी)**

संविधानसभा टर्दै गएको देखिन्छ। मुलुकको राजनैतिक, आर्थिक, सामाजिक तथा अन्य कारणले यस्तो भएको हो। सात दलमध्ये पनि कसैले निर्वाचन गर भन्छन्, कसैले नगर भन्छन्। यस्तो अस्थिर राजनीतिका कारण प्रहरी प्रशासन, निजामती प्रशासन, सैनिक प्रशासनलगायत राज्यका अरू अङ्ग-प्रत्याङ्ग डिमोरलाइज हुँदै गएको छ। मुलुकमा हत्या, हिंसा, बलात्कार दिनानुदिन बढ्दो छ। यो अस्थिरता र अशान्तिले सिर्जना गरेको जुन अन्यौलता छ, त्यसले संविधानसभा निर्वाचन हुने कुरामा शंका छ।

**तारानाथ रानाभाट, पूर्वसभामुख**

सात दलको सहमतिमा अन्तिम पटक संविधानसभाको निर्वाचनलाई पर सार्न सकिन्छ। कुनै जनसमुदाय वा दललाई अप्ठ्यारोमा पारेर गरिएको निर्वाचन निष्पक्ष एवं स्वच्छ हुन सम्भव छैन। निर्वाचन नाटक मात्रै हुने हो भने त केही समय सार्नु नै बेस हो।

**प्रा. डा. रवीन्द्र खनाल, त्रिभुवन विश्वविद्यालय**

निर्वाचन हुन सकेन भने त्यसको दोष माओवादीलाई जान्छ। उसले सार्वजनिक रूपमै संविधानसभा बिथोल्ने अभिव्यक्ति दिएको छ। दलले लोकतन्त्र बहालीपछि गठबन्धन गरेका हरेक निर्णयलाई सफलता वा असफलतातिर लाने काम माओवादीको हातमा छ। यदि निर्वाचन भएन भने विगतमा गरिएको १२ बुँदे समझदारीसमेतको अर्थ सकिनेछ।

**महेन्द्र यादव, नेता नेपाली कांग्रेस (प्रजातान्त्रिक)**

नेपाली कांग्रेसले महासमितिको बैठक बोलाएर संसद्बाटै गणतन्त्रको घोषणा गर्ने परिस्थितिको निर्माण गर्नु संविधानसभा निर्वाचन भाँड्ने सर्वोत्तम उपाय हो। मनोनीत सांसदले गणतन्त्र घोषणा गर्ने हो भने संविधानसभा र जनमतको औचित्य समाप्त हुन्छ। यहींबाट आठदलीय तानाशाही प्रारम्भ भएर मुलुकको राष्ट्रियता विखण्डित हुने खतरा उत्पन्न हुन्छ। यस्तै हो भने मुलुक टुक्रने सम्भावना बढ्दै जान्छ।

**रामजीवन सिंह, सांसद, नेपाली कांग्रेस**

कतिपयले बेलैमा संविधानसभा निर्वाचन भएन भने अनर्थ हुने दावी गर्छन्। कोहीचाहिँ दलको शक्तिसँग दाँजेर हेर्छन्। यो निर्वाचन नेपाली जनताले ऐतिहासिक रूपमा प्राप्त गरेको हक कार्यान्वयन गर्नका लागि हुन लागेको हो। यो निर्वाचन प्रतिस्पर्धा गरेर कुनै दलले बहुमत ल्याउने र सरकार बनाउने निर्वाचन होइन। जनइच्छा, राष्ट्रको आवश्यकता तथा जनक्रान्तिको जनादेशबमोजिम अघि बढ्नुपर्ने हाम्रो बाध्यता छ।

**झलनाथ खनाल, नेता, नेकपा (एमाले)**

## मेरो विचार

### विभेद अन्त्यका लागि

संविधान राष्ट्रको मूल कानुन हो जसले राष्ट्रको शासन-व्यवस्था सञ्चालन गर्ने विधि एवं संरचना निर्धारित गर्छ। त्यस्तै संविधानसभा भनेको आफ्नो देशको शासन चलाउने नियम-कानुन जनता आफैंले चुनेका प्रतिनिधिबाट निर्माण गर्ने प्रणाली हो। पहिले राजाको अधीनमा रहेर यसको निर्माण गर्नुपर्थ्यो भने अहिलेको सन्दर्भमा जनताद्वारा निर्वाचित सभाद्वारा संविधान निर्माण गरिनुलाई लोकतान्त्रिक एवं जनतामा आधारित पद्धति मानिएको छ। नेपालमा अझसम्म नेपाली आफैंले संविधान बनाउने अधिकार पाएका छैनन्। अब हुन लागेको संविधानसभाबाट अधिकांश मानिसले लोकतान्त्रिक गणतन्त्रको अपेक्षा गरेका छन्। त्यस्तै दिगो शान्ति स्थापना, राजतन्त्रको भविष्यको टुङ्गो, राज्यको पुनर्संरचना तथा राष्ट्रमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य जनताको माग हो।

नेपालको सन्दर्भमा निर्वाचनलाई सामान्यतया तीन प्रणालीमा बाँडिएको छ– पहिलो हुनेले जित्ने, समानुपातिक र मिश्रित प्रणाली। पहिलो हुनेले जित्ने प्रणालीमा एक मतले जिते पनि निर्वाचित हुन सकिन्छ, यसमा पार्टी नभै पार्टीले उठाएको व्यक्ति वा स्वतन्त्र व्यक्ति चुनाव लड्छ। समानुपातिक प्रणालीमा पार्टी चुनाव लड्छ र देशभरिमा प्राप्त गरेको मतका आधारमा पहिल्यै तय गरिएको सूचीबाट आफ्ना प्रतिनिधिहरूलाई संविधानसभाका लागि पठाउँछ। त्यस्तै मिश्रित प्रणालीमा निश्चित सिटमा पहिलो हुनेले जित्ने प्रणालीअनुसार निर्वाचन हुन्छ भने निश्चित सिटमा समानुपातिक प्रणालीअनुसार पार्टीले चुनाव लड्छ। संविधानसभाको निर्वाचनमा केही बाधा आउन सक्छन्। प्रतिगामी तत्त्वहरूले संविधानसभाको निर्वाचन भाँड्न अराजकता फैलाउन सक्छन्। यस्ता समस्याको निराकरणका निम्ति राज्यले कडा सुरक्षाको व्यवस्था गर्नुपर्छ। शान्तिपूर्ण वातावरणमा संविधानसभाको निर्वाचन गर्नका लागि हामी जनता पनि चनाखो हुनु आवश्यक छ। यदि समाजमा कोही कसैबाट संविधानसभाको चुनाव भाँड्ने कार्य भए-गरिए तुरुन्त सम्बन्धित निकायमा खबर गर्नु हामी सबैको कर्तव्य हो।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

**तपाईंको विचारमा संविधानसभा के हो? यसले के गर्छ? यसका बाधा–अड्चनहरू के–के हुन्? तिनलाई हटाउन के गर्नुपर्छ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन्? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## सम्पादकीय

# अनिश्चित संविधानसभा

नेपाली जनताले आफ्नो भाग्य आफैँ निर्धारण गर्न संविधान निर्माण गर्ने भनिएको संविधानसभाको निर्वाचन अनिश्चित कालका लागि स्थगित भएपछि अहिले राजनैतिक वृत्तमा अनेकौँ प्रश्न उठेका छन् । तत्कालीन जहानियाँ राणाशासन समाप्ति भएदेखि नै नेपालमा संविधानसभाको निर्वाचनमा पटकपटक बाधा–अवरोधहरू सिर्जना गरिएका छन् । कहिले कसले, कहिले कसले, यस्ता बाधाहरू सिर्जना गर्दै आएको भए पनि यसपटक नेकपा माओवादीको हठका कारण संविधानसभाको निर्वाचन स्थगित हुन पुगेको छ । विगतमा एक दशकसम्म संविधानसभा निर्वाचनकै लागि जनयुद्ध गरेको नेकपा माओवादीले अहिले निर्वाचनको सबै तयारी सम्पन्न भैसकेको अवस्थामा मुलुकलाई गणतन्त्र घोषणा गरेर मात्र संविधानसभाको निर्वाचन सम्भव हुन सक्छ भन्ने अडान राखेपछि संविधानसभाको निर्वाचन रोकिएको हो ।

कुनै पनि मुलुकले कस्तो राजनैतिक प्रणाली स्वीकार गर्ने, मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा के–कस्ता नीति अँगाल्ने आदि सबै कुराको छिनोफानो संविधानसभाले गर्न पाउनुपर्छ । संविधानसभामा हुने यस्ता निर्णयहरूमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता रहने भएको नै यस्ता निर्णयहरूलाई वैधानिक तथा सर्वोपरि मानिन्छ । मुलुकमा राजतन्त्रको आवश्यकता छ कि छैन ? भन्ने प्रश्नको निर्णायक उत्तर पनि नेपाली जनतासँग नै छ । तसर्थ राजतन्त्रका बारेमा ठोस निर्णय गर्ने अधिकार पनि नेपाली जनताले नै पाउनुपर्छ र राजतन्त्रको छिनोफानो सविधानसभाले नै गर्नुपर्छ भन्ने मान्यताका पक्षपाती राजनैतिक दलहरूको अडानलाई धम्कीपूर्ण शैलीमा स्थगित गर्न बाध्य बनाउने नेकपा माओवादी मात्र अहिलेको अवस्थाका लागि जिम्मेवार छ भन्न सकिँदैन । किनभने नेकपा माओवादीको वैचारिक आक्रमणलाई उसको भौतिक शक्तिसँग गाँसेर हेर्ने नेपाली कांग्रेस र नेकपा एमालेको राजनैतिक कमजोरी र वैचारिक अडानमा आएको विचलनका कारण पनि संविधानसभा निर्वाचन स्थगित हुनुका पछाडि मुख्य कारणका रूपमा देखा परेको छ ।

अब संविधानसभाको निर्वाचन कहिले होला ? मुलुकका कुनै पनि जिम्मेवार राजनैतिक दलहरूसँग यो प्रश्नको ठोस जवाफ छैन । यो स्थितिमा नेपाली जनताले आफूलाई एकपटक फेरि ठगिएको अनुभव गरिरहेका छन् । कुनै पनि मुलुकको सर्वोच्च शक्ति जनता हुन् भन्ने मान्यतालाई राजनैतिक दलहरूले बिर्सिदिंदा अहिलेको अवस्था सिर्जना भएको हो । विगतमा आमनिर्वाचनमार्फत जनतामा आफ्नो लोकप्रियता प्रमाणित गरिसकेका नेपाली कांग्रेस र नेकपा एमालेले जनताद्वारा अनुमोदित हुन बाँकी नै रहेको नेकपा माओवादीको धम्कीपूर्ण राजनैतिक अस्त्रको प्रतिकार गर्न अनिच्छा देखाएपछि अहिलेको अवस्था सिर्जना भएको हो । तसर्थ संविधानसभा स्थगित हुनुका पछाडि नेकपा माओवादी जति जिम्मेवार छ त्यति नै जिम्मेवार नेपाली कांग्रेस र नेकपा एमाले पनि छन् ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### समस्याको समाधान कसले गर्ने ?

वैदेशिक रोजगारसम्बन्धी नेपाल सरकारको फितलो नीति-नियम, म्यानपावरहरूको लापरबाही, कम्पनीहरू आफ्नो दायित्वबाट पछि हट्नु, कामदारहरूको अनुभवको कमी आदिले गर्दा साउदी अरेबियामा मात्र भागेर काम गर्नेहरूको संख्या ३० हजार नाघिसकेको अनुमान गरिन्छ । यहाँका प्राय: कम्पनीले नेपालमा गरेको सम्झौताअनुसार तलब तथा सुविधाका साथै चार-पाँच महिनासम्म तलब नदिने तथा कठिन एवं जोखिमपूर्ण काम गर्नुपर्ने आदि कारणले गर्दा भागेर काम गर्नेहरूको संख्या दिन प्रतिदिन बढिरहेको छ । त्यति मात्र नभएर कमिसनको लोभमा सोझा नेपालीहरूलाई विभिन्न प्रलोभन देखाएर अर्कै कम्पनीमा काम मिलाइदिने दलालहरूको संख्या पनि दिन-प्रतिदिन बढ्दो छ । यसरी कमिसनमा अर्को कम्पनीमा काम मिलाइदिँदा एक व्यक्ति बराबर एक दिनमा १ देखि १० रियालसम्म कमिसन लिने गरेको पाइन्छ । यसरी भगाएर १ सय जनालाई मात्र अर्को कम्पनीमा काम लगाइदिएबापत दलालहरूले बसी-बसी महिनामा १५ देखी २५ हजारसम्म कमाइरहेका छन् ।

सम्बन्धित निकायले बेलैमा ध्यान नदिने हो भने निकट भविष्यमा यसले विकराल रूप लिने पक्का छ । भागेर काम गर्ने कतिपय नेपालीले साउदी अरेबियामा अनुमति नदिइएका कामहरू (रक्सी पिउने-बेच्ने, तास खेल्ने-खेलाउने, केटीहरूको दलाली गर्ने, जाँड रक्सी बनाउने, भिसा किन्ने-बेच्ने आदि) गर्ने गरेकाले नेपाली कामदारहरूप्रतिको दृष्टिकोण बिस्तारै बदलिन थालेको महसुस हुन्छ ।

जेद्दा जेलमा अहिले सयौं नेपाली छन् । जानकारहरूका अनुसार कोठा नं. १४ मा ४० जना र अन्य दुई कोठामा क्रमश: ६५ र १ सय १५ जना नेपाली घर फर्कन नेपाली दूताबासको सहयोग पर्खी बसेका छन् । मुस्लिमहरूको पवित्र चाड रमदान परेकाले उनीहरूलाई जेलमा खाना खाने पनि समस्या भएको छ । दिनभरि पानी पनि पिउन नपाएर भोकै बस्नुपर्दा प्राय: नेपाली बिमारी परेका छन् ।

अन्य देशका एम्बेसीका कर्मचारीहरू हप्तैपिच्छे आएर आफ्नो देशका नागरिकलाई जेलबाट निकालेर स्वदेश पठाउँछन्, तर हाम्रो देशको दूतावासका कर्मचारीहरू महिनौं बित्दा एक पटक पनि भेट्न आउँदैनन् । एम्बेसीमा धेरै पटक फोन गर्दा पनि फोन नउठाउने धेरैको गुनासो छ । यस्ता समस्या दिनहुँ बढिरहेका छन् । यसको समाधान कसले गर्ने ? श्रम मन्त्रालय ? वैदेशिक रोजगार विभागले ? म्यानपावर कम्पनी वा कामदार आफैंले ? सम्बन्धित निकायको ध्यान जाओस् ।

**–सागर श्रेष्ठ**

### कलेजमा ड्रेस कोड

कलेज केका लागि ? पढ्नका लागि जवाफ एउटै भए पनि मनभित्रको कुरा र व्यवहार अर्कै हुन्छ । स्कुले जीवनमा कडा अनुशासन खेपेका विद्यालयका विद्यार्थीहरूको एउटै उद्देश्य हुन्छ– कलेज जीवनमा स्वतन्त्रता । यद्यपि आजभोलि स्कुलमै खुलेका +२ (स्कुल पनि कलेज पनि एकै ठाउँमा) ले अधिकांश विद्यार्थीलाई दिक्क पारेको छ । त्यसमाथि सरकारी देखि सामुदायिक एवं निजी शैक्षिक संस्थाले समेत पोसाक अनिवार्य गरिदिएपछि विद्यार्थीहरू मन मारेर बस्न बाध्य छन् । आफूले रोजेको ड्रेस लगाउन नपाए पनि कलेजकै ड्रेसलाई नयाँ डिजाइनमा सिलाएर नयाँ लुकमा ढाल्नु कतिपयको सौख नै बनेको छ । यता +२ का प्रशासनले ड्रेसमा कडाइ गरिदिएपछि स्वतन्त्रता चाहने विद्यार्थीहरू निराश बनेका छन् । नर्सरी/एकदेखि पढ्दाको बेलादेखि लगाउन थालेको ड्रेस किशोर अवस्था पार गर्दै युवा अवस्थासम्म आइपुग्दासम्म दिनहुँ लगाउनुपर्दा विद्यार्थीहरूमा वितृष्णा नै पलाएको देखिन्छ ।

ड्रेस फ्री हुँदा शैक्षिक संस्थामा अराजकता फैलने, बाहिरी विद्यार्थी पनि आउने र कसले कस्तो पोसाक लगाएको छ, अहिले कस्तो फेसन चलेको भन्नेमा नै ध्यान जानाले अध्ययनमा असर पर्ने हुँदा क्याम्पसमा ड्रेसकोड लागू हुनु राम्रो कुरा हो । यद्यपि आ-आफ्नो इच्छाअनुसार त्यसलाई कसरी सिलाउने र लगाउने भन्ने विषयमा केटीहरूले छोटा-छोटा स्कर्ट लगाउन पाउने तर केटाहरूले भने कपाल ठडाउन नपाउने, पाइन्ट तल नलाउन नपाउने ? नियम त सबैका लागि बराबर हुनुपर्छ नि ! भन्नेहरू पनि छन् ।

ड्रेसमा ध्यान दिनु हुँदैन भन्ने विद्यार्थीहरूमध्ये पनि कम्तीमा १५ प्रतिशत ड्रेसले नै आकर्षित गर्ने गरेको बताउँछन् । ड्रेस राम्रो भएकै कारण कतिपय कलेज विद्यार्थीहरूको रोजाइमा परेका छन् । स्कुल लेभल सकेपछिको उमेर पनि किशोर अवस्थाकै हुने हुँदा विद्यार्थीहरू देखासिकी अनि लह-लहैमा भौंतारिरहेका देखिन्छन् । अरूका अगाडि आर्कषक देखिऊँ भन्ने उमेर भएकाले ड्रेसमा ध्यान दिनु सामान्य भए पनि यसले विकृति एवं अस्वस्थ प्रतिस्पर्धाकै रूप लिएको छ । शैक्षिक गुणस्तरमा विचार गर्नुपर्ने समय र ध्यान आजभोलि ड्रेसले ओगट्न थालेको छ, जुन राम्रो होइन ।

छोटा कपडा लगाउनेदेखि तीनको आलोचना गर्नेसम्मको बहस चलिरहेकै बेला बाहिर मात्रै नभई कलेज परिसरमै पनि केटीहरूले लगाउने स्कर्टको चर्चा चल्ने गरेको छ । एस.एल.सी.मा दिनरात नभनी घोटिएका विद्यार्थीहरू क्याम्पसमा भने अध्ययनमा भन्दा बढी ड्रेसमा केन्द्रित रहनुलाई राम्रो मान्न सकिँदैन ।

**–स्मृति**
**(पुरस्कृत पत्र)**

## तीतो सत्य

• संगीत एउटा यस्तो औषधी हो जसले जलेको मुटुमा मल्हम लगाउने काम गर्छ ।

• सत्य अँगाल्नेहरू धन, पद र प्रतिष्ठा बेगर पनि सुखी हुन्छन् भने पाप गर्नेहरू ऐश्वर्यको बीचमा पनि छटपटाइरहेका हुन्छन् ।

• विवश जीवन कस्तो हुन्छ अनुभव गर्नेलाई मात्र थाहा हुन्छ ।

**तारा थापा, पर्वत, हाल पोखरा**

• जब दुख बढ्छ तब मानिसलाई मृत्युको आवाज पनि प्यारो लाग्छ ।

**आकाश आचार्य**

• साँच्चै जिन्दगी एउटा खोला रहेछ त्यसमा पौडन जान्नु पर्दोरहेछ ।

**नरेन्द्र बस्नेत**

• दु:खभित्र सुख लुकेको हुन्छ जसरी काडाँबीच गुलाब लुकेको हुन्छ ।

• आँसु झारेर सहानुभूति बटुल्नुभन्दा बनावटी हाँसेर दुनियाँ छल्नु नै वेश हुन्छ ।

**वसन्त आचार्य, दाङ**

• जीवनको पर्यायवाची शब्द संघर्ष हो । त्यसैले संघर्ष गर्न पछि नपरौं ।

• अरूलाई सकेको सहयोग गर त्यसबाट आशा नगर ।

**डिल्लीरमण आचार्य, दाङ**

समस्या छाँया हो भने आकृति समाधान, जहाँ समस्या छ त्यहाँ समाधान त हुन्छ नै ।

• अन्धकारमा बसेर समाधान खोजिन्छ भने त्यो मात्र तिम्रो मृगतृष्णा सावित हुनेछ, अन्धकारमा त स्वयम् आकृतिको अस्तित्व विलीन हुन्छ, त्यसैले समस्याको समाधान उज्यालोमा नै खोज ।

**यमनदेव**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुखाले

प्रधानमन्त्रीका रूपमा गिरिजाप्रसाद कोइरालाको भूमिका सकियो, अब नयाँ सरकार प्रमुख खोज्नुपर्छ ।

**अमृतकुमार बोहरा**
**नेता, नेकपा (एमाले)**

जसले जे भने पनि गिरिजाप्रसाद कोइरालाको अर्को विकल्प छैन ।

**डा. रामवरण यादव**
**महामन्त्री, नेपाली कांग्रेस**

सरकारको नेतृत्व परिवर्तन गर्नुपर्ने कुनै आवश्यकता छैन ।

**सीपी गजुरेल, नेता, नेकपा (माओवादी)**

अब सरकारको वैधता सकियो, अर्को सरकार गठन गरे हुन्छ ।

**सूर्यबहादुर थापा**
**अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

गणतन्त्रको विकल्प जनमत-संग्रह मात्र हुनसक्छ ।

**प्रचण्ड, नेकपा (माओवादी)**

राजा र सेनालाई शंका गर्नु गलत हो, शंका त माओवादीलाई गर्नुपर्ने भएको छ ।

**सुजाता कोइराला, नेतृ, नेपाली कांग्रेस**

मंसिर ६ मा संविधानसभाको निर्वाचन स्थगित नभएको भए ठूलो रक्तपात हुन्थ्यो ।

**नारायणमान बिजुक्छे**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**

म राजतन्त्रको पक्षमा छु, राजतन्त्र पनि मजस्तै प्रजातन्त्रको पक्षमा हुनुपर्छ ।

**कृष्णप्रसाद भट्टराई**
**संस्थापक नेता, नेपाली कांग्रेस**

नेपालमा यस्तै अस्थिरता कायम रहे भारतीय सेना परिचालन हुनसक्छ ।

**अशोक मेहता, भारतीय सेनाका पूर्वमेजर**

नेताहरूको व्यवहार र बोलीमा एकरूपता नभएरै देशको उन्नति नभएको हो ।

**सुजाता सिटौला, नृत्यांगना**

## नीति-नियम

सत्य बोल्ने, गुणाले भरिपूर्ण, उच्च वंशबाट उत्पन्न, धनी, दोषरहित कुलको, सुशील, उत्तम काम गर्ने, आलस्य गर्ने, आफ्नो कार्यमा लगनशील, शारीरिक, मानसिक एवं वाणीले पनि समर्पित भएर कार्य गर्ने, नरम बोली बोल्ने, काममा चतुर (बाठो), पवित्र चित्त भएको, काम गर्न स्थिर विचार राख्ने, परोपकार गर्न सिपालु, अहित गर्ने कामबाट टाढा हुने, आफूभन्दा ठूलाले गर्न लागेको अपराध रोक्न सक्ने, अन्यायको बाटोमा हिँड्न खोज्नेहरूलाई सत्यको बाटोमा ल्याउन प्रत्यत्न गर्ने, राम्रो काम छिट्टै र नराम्रो काम ढिलो गर्ने, आफ्नो प्रशंसा आफैंले नगर्ने, मानिसहरूसँग प्रतिस्पर्धा वा गुणमा दोषारोपण वा निन्दा नगर्ने, अरूले पाएको अधिकार आफूले पाउने लालसा नराख्ने, सधैं प्रसन्न भैरहने, आफ्नो तलब अनुसार खर्च गर्ने, इन्द्रियहरूको दमन गर्न सक्ने, दयालु, आँटिलो तथा ठूलाले गरेका अनुचित कार्यलाई एकान्तमा सामुन्ने देखाइदिन सक्ने व्यक्ति श्रेष्ठ मानिन्छन् । यी गुणहरूभन्दा विपरीत गुण भएका राष्ट्रसेवकहरू पनि निन्दित हुन्छन् ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



# सान्द्रा आइन् काठमाडौं

पोखरामा 'ब्युटी क्लब एस' नामबाट फरक किसिमको सैलुन तथा पार्लर सञ्चालन गरेर स्थानीय फेसनप्रेमीमाझ चर्चामा रहेकी ब्युटिसियन तथा हेयर डिजाइनर सान्द्रा पुनले काठमाडौंमा पनि आफ्नो सैलुन तथा पार्लर सञ्चालनमा ल्याएकी छिन् । काठमाडौंको भाटभटेनीमा उनले 'ब्युटी क्लब एस' नामबाट सैलुन तथा पार्लर सञ्चालन गरेकी छिन् । पुरुष, महिला तथा बालबालिकाका लागि भनेर सञ्चालनमा ल्याइएको सैलुनकी सञ्चालिका सान्द्रा पुनको वास्तविक नाम चन्द्रा पुन हो । कोरियन नागरिक केभिनसँगको विवाहपछि सियोल पुगेकी पुनलाई त्यहाँ अंग्रेजी 'सी' अक्षरको उच्चारण पनि 'स' नै गर्ने भएकाले उनलाई त्यहाँ 'सान्द्रा' भनेर सम्बोधन गर्न थालियो । त्यसो त उनका श्रीमान्ले पनि उनलाई सान्द्रा नै भनेर बोलाउँछन् । आठ वर्ष कोरिया बसेर सौन्दर्यका हरेक पक्षको तालिम लिएकी सान्द्राको पार्लर तथा सैलुनमा अन्य सैलुनमा पाइने किसिमका सम्पूर्ण सेवाका अतिरिक्त ट्याटुबाट परमानेन्ट मेकअप, आइलेस एक्सटेन्सन, नेल एक्सटेन्सन, दाँतमा हीरा राख्ने जस्ता दर्जनौं 'मेकओभर' सेवा प्रदान गर्ने पुनले साप्ताहिकलाई बताइन् । 'ब्युटी क्लब एस'मा 'एस'को अर्थ के हो त ? आफ्नो सय ठाउँमा बाटेको कपाल मिलाउँदै उनले भनिन्- 'एसको अर्थ सान्द्रा ।'

## साइबर गर्ल

### समीक्षाको सुन्दरता

समीक्षा भुजेल मोडलिङमा जमेकी पोखरेली सुन्दरी हुन् । रामबजार, पोखराकी यी १८ वर्षीया सुन्दरीको मोडलिङ क्यारियर द्रुत गतिमा अघि बढिरहेको छ । पहिलो पटक गायक सोभित बस्यालको गीतमा मोडलिङ गरेपछि उनको भाग्य चम्किएको हो । समीक्षाले अहिलेसम्म आधा दर्जनभन्दा बढी गीतमा मोडलिङ गरिसकेकी छिन् । अफर धेरै आए पनि हिजोआज उनी थोरै तर स्तरीय म्युजिक भिडियोमा मात्र अभिनय गर्ने बताउँछिन् । समीक्षा थोरै काली भए पनि दिलवाली छिन् । दन्तलहर खोलेर हाँस्दा उनको सौन्दर्य छताछुल्ल भएर पोखिन्छ । अरूले काली हिस्सी परेकी भनेर जिस्क्याउँदा उनी लाजले भुतुक्कै हुन्छिन् ।

लजाउने बानी भए पनि उनी निडर छिन् । प्लस टुको परीक्षा सकेर बसेकी समीक्षाको लक्ष्य भने सफल नायिका बन्नु हो । ५ फिट ४ इन्च अग्ली समीक्षा भन्छिन्– 'केही गरेर देखाउने बेलामा केको ब्वाइफ्रेन्ड बनाउँदै हिंड्नु नि ?' खाना पकाउनु, पत्रपत्रिका पढ्नु तथा साथीहरू बनाउनु उनको रुचि हो । समीक्षा डान्समा पनि अब्बल मानिन्छिन् । उनका आकर्षक तस्बिरहरू ठीकठाक डटकममा क्लिक गरेर हेर्न सकिन्छ ।



**– शिव शर्मा**

## अवसर

• काठमाडौंस्थित एक अन्तर्राष्ट्रिय स्तरको आईटी कम्पनीका लागि इन्फरमेसन टेक्नोलोजीमा स्नातक तह उत्तीर्ण तथा वेब एप्लिकेसन डेभलपमेन्टमा न्यूनतम दुई वर्षको अनुभव प्राप्त एक जना वेब प्रोगामर/डेभलपर र फोटोसप, इल्लुस्ट्रेटर, ड्रिमवेभर, फ्लास, एचटीएमएल, डीएचटीएमएल, सीएसएस, जाभा स्क्रिप्टमा न्यूनतम दुई वर्ष काम गरिसकेका दुई जना वेब डिजाइनरको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरण र पासपोर्ट साइजको फोटोग्राफसहित इमेल ठेगाना info_design7@yahoo.com मा आवेदन दिनुहोला।

• जर्मनी गएर काम गर्ने दुई जना भारतीय व्यञ्जन बनाउन जान्ने कुकको आवश्यकता छ। इच्छुक व्यक्तिले मोबाइल नम्बर ९८४१४७२०९२ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक कम्पनीका लागि स्नातक तह उत्तीर्ण १० जना मार्केटिङ इन्टरप्रेन्युर एक्जुकेटिभ, गृहिणीहरूका लागि चाहिने कामका लागि न्यूनतम् एसएलसी उत्तीर्ण २० जना, विभिन्न जिल्लामा गई काम गर्न सक्ने स्नातक तह उत्तीर्ण ७५ जना मार्केटिङ एक्जुकेटिभ र साधारण कामका लागि १५ जनाको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर २३२४५६० मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक कार्यालयका लागि न्यूनतम प्रमाणपत्र तह उत्तीर्ण एक जना एकाउन्टेन्ट र एक जना रिसेप्सनिस्टको आवश्यकता छ। कम्प्युटर तथा अंग्रेजी भाषामा दक्ष महिलाले मोबाइल नम्बर ९८५१०३६०४३ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक क्यान्टिनका लागि मिठाई बनाउन जान्ने ५ जना कुक, नेपाली खाना बनाउन जान्ने ५ जना कुक, चाइनिज-इन्डियन खाना बनाउन जान्ने ५ जना कुक, कुक हेल्पर ५ जना, वेटर ५ जना र मसाल्ची ५ जनाको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर २१७११७२ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाका लागि पूर्वाञ्चल विकासक्षेत्र कार्यालयका लागि एक जना हल्का सवारी चालक/कार्यालय सहयोगीको आवश्यकता छ। न्यूनतम कक्षा १० उत्तीर्ण, लामो दूरीको हल्का सवारी चालकसम्बन्धी तीन वर्षको अनुभव प्राप्त र ३५ वर्ष ननाघेको व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्ट बक्स नम्बर ६०४३ काठमाडौंमा आवेदन दिनुहोला।

• नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटीका लागि नर्सिङ विषयमा प्रमाणपत्रपत्र तह उत्तीर्ण गरी नर्सिङ काउन्सिलमा दर्ता भएका १९ जना स्टाफ नर्स, न्यूनतम टेस्ट पास उत्तीर्ण १७ जना श्रेणिविहीन हेल्पर/वार्ड एटेन्डडेन्टको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण विवरणसहित अस्पताल प्रशासनमा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक मोबाइल प्रदायक कम्पनीका लागि प्रमाणपत्रतह उत्तीर्ण तथा अंग्रेजी-नेपाली दुवै भाषामा दक्ष १० जना कलसेन्टर एजेन्ट र टेलिकम्युनिकेसन्स र इलेक्ट्रोनिक इन्जिनियरिङमा न्यूनतम स्नातक तह उत्तीर्ण गरेर नेटवर्किङ-टेलिकम इन्डस्ट्रीसम्बन्धी अनुभव प्राप्त व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर ९९०० मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक संस्थाका लागि अनुभवी साइकल सेल्सम्यानको आवश्यकता छ। इच्छुक व्यक्तिले मोबाइल नम्बर ९८४१५७४१७८ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक आईटी कम्पनीका लागि कम्प्युटर हार्डवेयर र नेटवर्किङ प्रोफेसनल/इन्जिनियरको आवश्यकता छ। अनुभवी व्यक्तिले फोन नम्बर ४४३८३२२ मा सम्पर्क राख्नुहोला।

• एक आईटी कम्पनीका लागि एचटीएमएल, वेब डिजाइनिङ स्किल्स, वेब बेस्ड फर्म, सिएसएस लगायतमा काम गरिसकेको वेब डिजाइनरको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा न्यूनतम एक वर्षको अनुभव प्राप्त व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित इमेल ठेगाना jobs@summitusa.com मा आवेदन दिनुहोला।

# पोखरामा फेसन अध्ययनको मोह

पोखरा- फेसनेवल सहरमा फेसनको मोह बढ्नु कुनै नौलो कुरा होइन। फेसनेवल भएर हिंड्ने मात्र होइन, फेसनसम्बन्धी जानकारी राख्न चाहनेहरूको जमात बाक्लै देखिन थालेका छन् यहाँ। फेसनसम्बन्धी नयाँ कुरा सिक्न र जान्न आजभोलि तन्नेरीहरू फेसन सेन्टरतर्फ आँखा दौडाउन थालेका छन्। पोखरामा दुईवटा संस्था आईइसी फेसन सेन्टर पोखरा तथा गुलमोहर फेसन हरेकलाई फेसनतर्फ आकर्षित गराउन उद्यत देखिन्छन्।



एक दशकअघि काठमाडौंमा स्थापित आईईसी फेसन सेन्टरको मोफसलका विभिन्न सहरहरूमा विस्तार भएका शाखामध्ये पोखरा शाखा उल्लेख्य रूपमा दक्ष जनशक्ति उत्पादन गर्न सक्षम छ। ५ वर्षको अवधिमा ३ सयभन्दा दक्ष जनशक्ति उत्पादन भएका छन्, सेन्टरकी सञ्चालिका बबिता अधिकारी भन्निन्- 'अहिले फेसन अध्ययन गर्न चाहनेहरूको संख्या बढ्दो क्रममा छ।' पहिले हामीकहाँ धेरैलाई फेसन पनि पढ्नुपर्ने विषय हो भन्ने कुराको जानकारी र ज्ञान थिएन। कतिले त फेसन सेन्टरलाई नकारात्मक रूपमै हेर्थे। फेसन सिकेर के फाइदा छ ? सुरुमा फेसनको अध्ययनका लागि फेसन सेन्टर धाउँदा फेसन डिजाइनर प्रभा रञ्जितलाई धेरैले यही भनेका थिए, तर उनी भन्नेहरूको पछि लागिनन्।

अहिल भने उनलाई कसैले त्यस्तो भन्दैनन्। हिजोआज उनी सपना गुरुङ र गिनिता गुरुङसँग मिलेर डोनाज बुटिक हाँकिरहेकी छिन्। आजभोलि बुटिकमा आउनेहरूले हामीले पनि बेलैमा फेसनसम्बन्धी अध्ययन गर्नुपर्ने रहेछ भन्दै पछुतो मानेको देखेर उनी आफूले समयमै सही निर्णय लिन सकेकोमा सन्तोष मान्छिन्। उनले भनिन्- 'अचेल फेसनलाई नकारात्मक रूपमा हेर्नेहरू पनि सकारात्मक कुरा गर्छन्।'

राजधानीबाट समेत पोखरामा फेसन अध्ययनका लागि आउनेहरूको कुनै कमी छैन। पाटन सुन्धाराकी १९ वर्षीया रमा महर्जनलाई पनि पोखराकै फेसन डिजाइनिङले मोहित तुल्याएको छ। उनी ६ महिनादेखि फेसनको अध्ययनमा जुटेकी छिन्। फेसन डिजाइनिङ कोर्स पूरा गरेपछि उनले राजधानीसँगै पोखरामा पनि बुटिक खोल्ने योजना बनाएकी छिन्। महर्जन भन्दै थिइन्- 'सानैदेखिको सौख बल्ल पूरा हुदैछ।'

फेसनसम्बन्धी अध्ययन गर्ने सबैको चाहना बुटिक खोल्ने मात्र छैन। कोही अनुभवका लागि त कोही आफ्नै डिजाइनका लागि फेसनको अध्ययन गरिरहेका छन्। आईईसी फेसन सेन्टर तथा गुलमोहर फेसनको सञ्चालनसँगै पोखरामा धमाधम बुटिकहरू खुल्न थाले। सेभी, डोनाज, गुन्युचोली, सुधा कलेक्सन, युरिकाज, ब्लुमिङ आदि बुटिकहरू आईसी फेसन सेन्टरबाट अध्ययन सकेका विद्यार्थीहरूले खोलेका हुन्। लामो समयदेखि फेसनसम्बन्धी अध्यापन गराइरहेका आईईसीका नवीन पाखिन भन्छन्- 'कतिपयले त हङकङ, बेलायत, सिंगापुर पुगेर पनि बुटिक तथा फेसन हाउस सञ्चालन गरिरहेका छन्।'

विदेशको बसाइ तथा आधुनिक जीवनशैलीका कारण पनि पोखरामा फेसनसम्बन्धी ज्ञान लिनेहरूको संख्या बढेको हो। लेकसाइड बस्ने गृहिणी मन्जु भट्टराईलाई पनि फेसनको अध्ययनले तानेको छ। उनले गार्मेन्ट सप चलाएकी छिन्। घर र पसलको कामबाट फुर्सद मिलाएर उनी फेसनको अध्ययनमा मग्न छिन्। फेसनको अध्ययन पूरा गरेर गार्मेन्ट सपलाई 'मोडिफाइ' गर्ने योजना बनाएकी छु भन्दै भट्टराईले भनिन्- 'त्यसपछि बुटिक खोल्ने विषयमा सोच्नुपर्ला।'

गृहिणी, कामकाजी महिलादेखि सर्वसाधारण हरेकको चासो अहिले फेसन अध्ययनतर्फ बढेको छ। परिवार र आफ्नो जीवनशैली परिवर्तन गर्न सजना रोक्का फेसनको अध्ययन गरिरहेकी छिन्। फेसन अध्ययनमा प्रयोगात्मकसँगै सैद्धान्तिक ज्ञान पनि दिइने भएकाले व्यक्तित्व विकास पनि भएको छ, उनले आफ्नो अनुभव सुनाइन्।

अहिले हरेकमा फेसनको चासो त्यत्तिकै बढेको होइन। पछिल्लो क्रममा खुलेका बग्रेल्ती टेलिभिजन च्यानल, हिन्दी चलचित्र, नयाँ-नयाँ विदेशी पहिरन आदिले पनि फेसनप्रतिको नकारात्मक धारणामा परिवर्तन आएको हो, गुलमोहर फेसन सेन्टरका सञ्चालक रोसन थापा भन्छन्– 'फेसनविना अहिले कसैले पनि आफ्नो जीवनशैलीमा परिवर्तन गर्न सक्दैन।'

इन्टेरियर डिजाइनिङमा एकवर्षे कोर्स पूरा गरेर फेसन डिजाइनिङसम्बन्धी अध्ययन गरेका रोसन अहिले पोखराको गुलमोहर फेसन हाँकिरहेका छन्। यहाँबाट उत्पादित फेसनका विद्यार्थीहरूले राजधानीमा केही समयपहिले सम्पन्न डिजाइनर कन्टेस्टमा उत्कृष्ट स्थानमा कब्जा जमाएका थिए। अहिले फेसनसम्बन्धी अध्ययन गर्न चाहनेहरू दोब्बर बढेका छन् भन्दै उनले साप्ताहिकसँग भने– फेसनको अध्ययनले समयको बचतसँगै नयाँ फेसनको जानकारी पाइने भएकाले पनि यसतर्फ हरेकको चाह बढेको हो।

अहिले गुलमोहरमा ५० भन्दा बढीले फेसन डिजाइनिङसम्बन्धी अध्ययन गरिरहेका छन्। गुलमोहर फेसन सेन्टरमा फेसन डिजाइनिङसम्बन्धी मात्र अध्ययन हुन्छ भने आईईसीमा फेसनका अतिरिक्त इन्टेरियर डिजाइनिङसम्बन्धी अध्यापनसमेत हुने गरेको छ। होम डेकोरेसन र अन्य सजावटका लागि इन्टेरियरको अध्ययन गर्नेहरूको संख्या पनि उस्तै छ। पोखरामा आईईसीका इन्टेरियर डिजाइनर द्रोण कँडेलले ४ वर्षदेखि उक्त प्रशिक्षण दिँदै आएका छन्। २ सयभन्दा बढी इन्टेरियरसम्बन्धी जनशक्ति उत्पादन गरिसकेका कँडेल भन्छन्- 'अधिंकाश रोजगारीका लागि विदेश पुगेका छन्। कसै-कसैले होम डिजाइन हाउस पनि सञ्चालन गरेका छन्।

आईईसी फेसन सेन्टरमा हाल फेसन र इन्टरेरियर गरेर ७० भन्दा बढीले अध्ययन गरिरहेका छन्। यसरी अध्ययन गर्नेमा फेसन डिजाइनिङ गर्नेहरूको संख्या बढी छ, आईईसीकै प्रबन्धक सरस्वती गुरुङ बताउँछिन्।

**–शिव शर्मा**

विज्ञान


## इबे र गुगल छुटिए


इन्टरनेट संसारका दुई ठूला कम्पनी इवे र गुगलले आपसी सम्बन्ध समाप्त भएको घोषणा गरेका छन्। गुगल विश्वप्रसिद्ध इन्टरनेट सर्च इन्जिन हो भने इबे अनलाइन लिलामजगतको बादशाह हो। इबे र गुगलबीचको विज्ञापन सम्झौताअनुसार दुवै कम्पनी एकअर्काका पूरक थिए। गुगलले आफ्नो इन्टरनेट वेबसाइटबाट इबेको विज्ञापन हटाएपछि दुवैबीच वैमनस्यता उत्पन्न भएको थियो र त्यो वैमनस्यता सम्झौता भंग गर्ने स्थितिसम्म पुगेको हो। अमेरिकाको बोस्टनमा इबेले आयोजना गरेको कार्यक्रमको विज्ञापन गुगलले आफ्नो इन्टरनेट वेबसाइटबाट हटाएपछि विवाद सुरु भएको थियो।

थ्रि डेज अफ सेलिब्रेटिङ अल थिङ्स इबे नामक उक्त कार्यक्रम आयोजनास्थल बोस्टनमा इबे र गुगलबीच विवाद भएको थियो। थ्रि डेज अफ सेलिब्रेटिङ अफ थिङ्स इबे कार्यक्रम गुगल र इबले प्रत्यक्ष प्रसारण गर्ने कार्यक्रम भए पनि गुगलले इबेलाई थाहै नदिई कार्यक्रमस्थलको बुकिङ रद्द गरेको थियो। इबेले कार्यक्रम बन्द नगर्ने निर्णय गरी बुकिङ जारी राख्न पहल गरे पनि सफल भएन। इबेका अधिकारीहरूसँग कुरा भएपछि गुगलले इबेको कार्यक्रमको प्रत्यक्ष प्रसारण नगर्ने निर्णय गरेको गुगलले बताएको छ तर गुगलले सम्झौता रद्द गर्नुपर्ने स्पस्ट कारण दिएको छैन।

# चिकित्सा विज्ञान नोबेल पुरस्कार विजेताहरू


मारियो आर क्यापेची


ओलिभर स्मिथिज



सर मार्टिन जे इभान्स


इटालीयन मूलका अमेरिकी नागरिक मारियो आर क्यापेची र ओलिभर स्मिथिज तथा बेलायतका सर मार्टिन जे इभान्सलाई २००७ को चिकित्सा विज्ञानतर्फ दिइने नोबेल पुरस्कारका लागि चयन गरिएको छ। पुरस्कार विजेता छनौट गर्ने कारोलिसका इन्स्टिच्युटले गत सोमबार जारी गरेको समाचार विवरणअनुसार स्तम्भ कोषिका (स्टेम सेल) क्षेत्रमा नयाँ अनुसन्धान गरेकोमा मारियो, मार्टिन र स्मिथिजलाई संयुक्त रूपमा उक्त पुरस्कार दिने निर्णय गरिएको हो।

तीनै वैज्ञानिकलाई पुरस्कार स्वरूप ७ लाख ५५ हजार पाउन्ड प्रदान गरिनेछ। नोबेल पुरस्कार समितिले जनाएअनुसार स्तनधारीहरूमा भ्रूण स्तम्भ कोषिकामा आनुवंशिक परिवर्तन गरेर डीएनएमा आएको नयाँपन उनीहरूको पछिल्लो खोज हो। पुरस्कृत हुने वैज्ञानिकहरूमा मारियोको उमेर ७० वर्ष छ। उनी इटालीमा जन्मिएका हुन्। हाल साल्टलेक सिटीको उताह विश्वविद्यालयमा कार्यरत छन्। बेलायती स्मिथिज ८२ वर्षका छन्। पुरस्कृत अर्का वैज्ञानिक इभान्स ६६ वर्षका छन्। उनी क्यालिफोर्निया विश्वविद्यालयमा अनुसन्धानरत छन्।

भ्रूण अवस्थाको स्टेम सेल (जीव कोष) बारे गरेको खोजका लागि ती वैज्ञानिकलाई नोबेल जुरीले औषधीशास्त्रमा पुरस्कृत गर्ने निर्णय गरेको हो। भ्रूण जीवकोषलाई मुसामा प्रयोग गरेर विशेष प्रकारको जीन पैदा गर्ने सिद्धान्त प्रतिपादन गरेको भन्दै उनीहरूलाई यो सम्मान प्रदान गरिएको हो। पुरस्कृत वैज्ञानिकले मुसाको जीनमा शक्तिशाली प्रविधि प्रयोग गरेर स्टेम सेलबाट नौलो खोज गरेका छन्। वैज्ञानिकहरूले मुटुरोग, क्यान्सर, मधुमेहजस्ता रोगको अनुसन्धानमा मुसालाई नै व्यापक रूपमा प्रयोग गर्दै आएका छन्।

# भौतिक शास्त्रतर्फ फर्ट र पिटर


अल्बर्ट फर्ट


पिटर ग्रुएनवर्ग


भौतिकशास्त्रतर्फ वर्ष २००७ को नोबेल पुरस्कारबाट दुई युरोपेली वैज्ञानिक सम्मानित भएका छन्। गत मंगलबार घोषणा गरिएको भौतिकशास्त्र नोबेल पुरस्कार-२००७ पाउने वैज्ञानिकमा फ्रान्सका अल्बर्ट फर्ट र जर्मनीका पिटर ग्रुएनवर्ग छन्। कम्प्युटरबारे महत्त्वपूर्ण अनुसन्धान गरेबापत दुवै वैज्ञानिकलाई उक्त पुरस्कार दिने निर्णय नोबेल जुरीले गरेको हो। 'एमपी-३' र 'आइपड' उद्योगका लागि फर्ट र ग्रुएनवर्गको खोज महत्त्वपूर्ण छ।

दुई वैज्ञानिकको खोजलाई 'ज्वाइन्ट म्याग्नेटोरेसिस्टेन्स' भनिएको छ। यो सिद्धान्तअनुसार थोरै मात्र चुम्बकत्वबाट ठूलो परिमाणको विद्युत् अवरोधमा परिवर्तन गर्न सकिन्छ। फर्ट र ग्रुएनवर्गले गरेको पछिल्लो अनुसन्धानले संरक्षित सूचनालाई चुम्बकीय रुपमा हार्ड डिस्कबाट इलेक्ट्रिकल संकेतमार्फत नै कम्प्युटरले पढ्न सक्ने भएको छ। फ्रान्सको आर्सेस्थित एक संस्थामा भौतिकशास्त्रको वैज्ञानिक निर्देशकका रुपमा कार्यरत फर्ट ६९ वर्षका छन्। उता ६८ वर्षीय ग्रुएनवर्ग भने पयिश्चम जर्मन सहर जुएलिकस्थित सोलिड स्टेट रिसर्च इन्स्टिच्युटमा प्रोफेसरका रुपमा कार्यरत छन्।

# बढ्दै छ अम्लवर्षाको प्रभाव

आकाशमा चर्को घाम लागिरहेकै बेला अचानक वर्षा हुने दृश्य हिजोआज सामान्य बन्दै गएको छ। कहिलेकाहीं त आकाशे पानीको रङ पनि छुट्टै देखिने गरेको छ। वर्षाको पानी आफैं रंगीन हुने कारण धेरैलाई थाहा नहुन सक्छ। वैज्ञानिकका अनुसार यो अम्ल वर्षा (एसिड रेन) हो। बढ्दो प्रदूषणका कारण अम्लवर्षा आमसमस्या भैसकेको छ। यसको असर अत्यन्तै खतरनाक हुन्छ। यसले बोटबिरूवालाई मात्र होइन, ऐतिहासिक धरोहरलाई पनि क्षति पुऱ्याउँछ। चुनढुंगाले बनाइएका धरोहरहरू र त्यसमा प्रयोग गरिएका धातुलाई अम्लवर्षाले कुरूप बनाउने गरेको छ।

अम्लवर्षा सबैभन्दा पहिले सन् १७३० मा औद्योगिक क्रान्तिकै क्रममा भएको हो, तर सन् १९५० मा मात्रै यस विषयमा व्यापक जानकारी प्राप्त भयो। सन् १९८४ मा जर्मनीको ब्ल्याक फरेस्टको अधिकांश भूभाग नष्ट भएपछि यसको पुष्टि भएको हो। त्यसपछि लगातार अम्लवर्षाको असर कैयौं मुलुकमा देखा पर्दै आएको छ। पछिल्लो उदाहरणमा भारतको



ताजमहललाई लिन सकिन्छ। विज्ञानमा चासो राख्नेलाई हाइड्रोजन र अक्सिजन परमाणु मिलेर पानी बनेको जानकारी हुनैपर्छ, तर प्रदूषणका कारण कहिकाहीं उद्योग वा कलाकारखानाबाट निस्किएको सल्फरडाइअक्साइड जलवाष्पमा मिलेपछि अम्लवर्षा हुन्छ। विज्ञहरूका अनुसार अम्लवर्षाको मुख्य कारण पावर प्लान्ट र सवारी साधनबाट निस्कने धूवाँ नै हो, कोइला, प्राकृतिक ग्याँस र कुहिएका बोटबिरुवाबाट निस्कने सल्फरडाइअक्साइड तथा नाइट्रोजन ग्याँस पनि अम्लवर्षाको कारक तत्त्व हो। यसमा प्रकृतिको संलग्नता १० प्रतिशत मात्र हुने गरेको छ।

अम्लवर्षाका कारण भवन, मूर्ति, पुललगायतको आयु कम हुँदै गएको छ। ताल, पोखरी र नदीहरूमा रहेका जीवजन्तुमा पनि अम्ल वर्षाले कुप्रभाव पर्दै आएको छ। यसले स्थलीय इकोसिस्टम पनि प्रभावित हुँदै आएको छ। भारत चीन, क्यानाडा, मध्य युरोप, स्वीडेन, नर्वे फिनल्यान्ड आदि क्षेत्रमा एसिड स्मोग (अम्लीय तुवाँलो) कै कारण ४ हजार व्यक्तिको मृत्यु भएको दावी पनि वैज्ञानिकहरूको छ। यसलाई रोक्न नसकिए पनि न्यूनीकरण गर्न सकिने वातावरणविज्ञ बताउँछन्।

अम्लवर्षा गराउने कारकतत्त्वको प्रयोग अत्यन्त कम गर्नैपर्छ विज्ञहरू भन्छन्– समयमा विचार नपुऱ्याए समस्या थप जटिल बन्न सक्छ। सफा इन्धनको प्रयोग गरेर पनि अंलवर्षाबाट छुट्कारा पाउन सकिने उनीहरू बताउँछन्। त्यस्तै कार तथा मोटरसाइकलको प्रयोग कम गरेर सार्वजनिक सवारी साधन बढीभन्दा बढी यात्रा गरेर पनि अम्लवर्षालाई न्यूनीकरण गर्न सकिन्छ। हिजोआज छिन-छिनमा हुने वर्षा पनि एसिड रेन त होइन भन्ने विषयमा वैज्ञानिकहरू अनुसन्धानमा जुटिरहेका छन्।

# एक सेकेन्डमा ब्रह्माण्ड यात्रा

विज्ञानको चरम विकासले निकट भविष्यमै पृथ्वीका मानिस केवल एक सेकेन्डमा ब्रह्माण्ड यात्रा गर्न सक्ने भएका छन्, यति थोरै समयमा अनन्त रूपले फैलिएको ब्रह्माण्डको कुनाकाप्चासम्म पुगेर त्यहाँका तार र अन्य खगोलीय पिण्डको अध्ययन गर्न सकिने सम्भावना देखिएको छ। यस्तो सनसनीपूर्ण खबर वैज्ञानिक इयान क्राँफोर्डले हालै मात्र आफ्नो सिद्धान्त प्रस्तुत गर्ने क्रममा सार्वजनिक गरेका हुन्। केही वर्षदेखि यस विषयमा दिमाग खियाउँदै आएका वैज्ञानिक इयानको सिद्धान्तलाई अन्य वैज्ञानिकले नकार्न सकेका छैनन्।

वैज्ञानिक इयानले आफ्नो गणितीय तर्कका आधारमा प्रकाशको गतिभन्दा तीव्र गतिमा हिंड्ने अन्तरिक्ष यानको आविष्कार गर्न सकिने बताएका छन्। यस्तो चमत्कारिक विलक्षण यात्रा सम्भव गराउन अन्तरिक्ष यानले सहयोग पुऱ्याउनेछ। स्मरणीय छ- सूर्यको प्रकाश एक सेकेन्डमा ३ लाख किलोमिटरका दरले हिंड्छ।

वैज्ञानिक आइन्टाइनका अनुसार प्रकाशको गतिभन्दा कुनै पनि वस्तुलाई छिटो हिंडाउन सकिँदैन। प्रकाशको गतिमा हिँड्ने पिण्डको दैव्यमान अनन्त हुन्छ। यसैले वस्तुमा जतिसुकै ऊर्जा लगाए पनि त्यसको गति प्रकाशको भन्दा बढी हुन सक्दैन, तर वैज्ञानिक इयानले वर्महोलको बाटो गरी यानलाई पठाउन सकेको खण्डमा सो समस्या हल गर्न सकिने तर्क अघि सारेका छन्। वर्महोल एउटा खुम्चिएको अन्तरिक्ष सुरुङ हो। यो गँड्यौलाजस्तो भएकाले यसलाई वर्महोल भनिएको हो। वर्महोलको यात्रा गर्नुअघि वैज्ञानिकले वर्महोलसम्बन्धी ठूलो अध्ययन अनुसन्धान गर्नुपर्नेछ।

केही गरी वर्महोलभित्र यान फसेको खण्डमा त्यहाँबाट बाहिर निस्कन सकिँदैन भन्ने वैज्ञानिक मान्यता छ। वर्महोलभित्र प्रचुर मात्रामा गुरुत्वाकर्षण शक्ति हुन्छ, जसमा प्रकाशसमेत विलीन हुनपुग्छ। अहिलेसम्म समय मानिसको नियन्त्रणमा आएको छैन। यसलाई सजिलैसँग नियन्त्रण गर्न सकिएलाजस्तो पनि छैन। समयलाई हामीले जतिसुकै प्रयास गरे पनि ढिलो वा छिटो हिँड्न सकिँदैन तर प्रकाशको गतिसँगै यात्रा गर्न सकिए ढिलो चलेको चाल पाइनेछ। वैज्ञानिकहरू क्राफोर्डको सिद्धान्तलाई व्यवहारमा ल्याउने विषयमा अध्ययन गरिरहेका छन्। उनको सिद्धान्त व्यवहारमा उतार्न सके मानिस सौर्यमण्डलभित्र मात्र होइन, हजारौं प्रकाश वर्ष टाढाका तारामा समेत पुग्नसक्छ।

# गर्भवती महिला र शिशुको स्वास्थ्य

गर्भवती भएका बेला शारीरिक तौलमा उचारचढाव आए पेटमा रहेको शिशुलाई मर्का पर्छ। बेलायतका वैज्ञानिकहरूले दुईवटा अध्ययनको सहायताबाट गर्भावस्थामा आमाको शारीरिक घटबढ भए शिशुलाई समस्या पर्ने बताएका छन्। पहिलो अध्ययनअनुसार गर्भवती भएका बेला आमाको शारीरिक तौलमा अस्वाभाविक वृद्धि भएमा सुत्केरी अवस्थामा आमा र शिशु दुवैमा स्वास्थ्य समस्या देखापर्न सक्छ।

यसरी नै गर्भावस्थामा महिलाको तौलमा कमी आए समय नै नपुगी शिशुको जन्म हुने जोखिम रहने दोस्रो अध्ययनले देखाएको छ। गर्भा अवस्थामा महिलाको शारीरिक तौलमा अस्वाभाविक वृद्धि भए वा तौल घटे नयाँ जन्मने शिशुको स्वास्थ्यमा विभिन्न किसिमका समस्या आइपर्छन्। शरीरको तौल र मोटोपनले महिलाको सौन्दर्यलाई घटाउने तर्क जीवनशैलीका विशेषज्ञहरूले बताउँदै आएका छन्।

# छालाको क्यान्सरको रोकथाम

कफी सेवन तथा नियमित शारीरिक व्यायाम गर्नाले छालामा हुने क्यान्सरलमई रोक्न सकिने अमेरिकी स्वास्थ्य अनुसन्धान संस्थाको अध्ययनले देखाएको छ। कफी सेवन तथा नियमित शारीरिक व्यायामले सूर्यबाट उत्पन्न हुने अल्ट्राभ्वाइलेट-बी रेडियसनलाई पराजित गर्दै छालामा हुनसक्ने क्यान्सरको रोकथाम हुने अनुसन्धानमा संलग्न वैज्ञानिकहरूले बताएका छन्।

कफी तथा व्यायामको संयुक्त तालमेलबाट छालामा हुने क्यान्सर रोगविरुद्ध प्रतिरोधात्मक तत्त्वहरूको उत्पादन नाटकीय रूपमा चार गुणाले बढी हुने उल्लेख गर्दै त्यसले छालाको क्यन्सरलाई प्रतिरोध गर्ने बताइएको छ। अनुसन्धानकर्ताहरूले रौं नहुने प्रजातिका केही छुचुन्द्रोलाई कफी मिसाइएको पानी ख्वाइएको र कफीको मात्रा दैनिक बराबर हुने गरेको पनि बताएका छन्। ती छुचुन्द्रोलाई चक्कामा दौडाएर शारीरिक व्यायाम राइएको थियो, तर अध्ययनमा संलग्न अन्य छुचुन्द्रोलाई कफी ख्वाइए पनि शारीरिक परिश्रमको अवसर दिइएको थिएन।

अध्ययनअनुसार, कफी मात्र खाएका छुचुन्द्रोमा ९५ प्रतिशत युभीबी प्रतिरोधात्मक मात्रा बढेको पाइयो भने व्यायाम गर्ने अवसर पाएका छुचुन्द्रोहरूमा १ सय २० प्रतिशत युभीबी प्रतिरोधात्मक मात्रा बढेको पाइयो। उनीहरूमा युभीबीको परिणामलाई नष्ट गर्ने प्रतिरोधात्मक तत्व चार सय प्रतिशत बढी पाइएको थियो।

# तालुखुइलेहरुलाई खुसीको खबर

अमेरिकी वैज्ञानिकहरूले शरीरका विभिन्न भागमा रौं उमार्न सकिने प्रविधि विकसित गरेको दाबी गरेका छन्। युनिभर्सिटी अफ पेन्सिल्भिनियाका वैज्ञानिकहरूले यस प्रकारको रौं मुसामा विकास गरेका हुन्। उनीहरूले मुसामा एक प्रकारको स्टेम सेल विकसित गरे। मुसामा भएको घाउको उपचार गर्ने क्रममा यो कुरा पत्ता लागेको हो। उक्त घाउमा सजिलैसँग रौं विकसित भए। यसै गरी मानिसमा पनि रौं विकास गर्न सकिने दाबी अनुसन्धानकर्ताको छ। सबै कुरा सामान्य भए यही दशकभित्रै यो कार्य सम्भव हुने कुरा पनि उनीहरूले बताएका छन्। यसो भए खास गरी तालुखुइलेहरू लाभान्वित हुनेछन्।



## हट एन्ड सेक्सी

पानीमा भिजेर हुन्छ कि छोटा पहिरन लगाएर हुन्छ, आशा पौडेल अब 'हट एन्ड सेक्सी' देखिन तयार छिन् । उनी राम्रै अभिनय र नृत्य गर्छिन् । नेपाली चलचित्रमा नायिका भएर चर्चामा आउन अहिले त्यति मात्र भएर नपुग्ने कुरा उनले बुझिसकेकी छिन् । ठूलो पर्दाको चलचित्रमा त उनले अहिलेसम्म गतिलो अवसर पाएकी छैनन्, तर निर्माता/निर्देशकहरूले उनका पछिल्ला फोटोसेसनका तस्बिरहरू हेर्ने हो भने अब त्यो दिन टाढा छैन । आशा पनि पुजाना, रेखा थापा तथा ऋचा घिमिरे जत्तिकै ग्ल्यामर्स नायिका हुन सक्छिन् । केही टेलिचलचित्र र म्युजिक भिडियोहरूमा अभिनय गरिसकेकी आशा आफूलाई संघर्षशील नायिका भन्न रुचाउँछिन् । स्कुटरमा काठमाडौंको बाटो नापिरहने उनलाई पहिलो ब्रेक दिने निर्देशकचाहिँ को हुने हो ? आशा आशा गरेर बसेकी छिन् । निर्माता-निर्देशकहरूका लागि उनको 'गड फादर' बन्ने योभन्दा शुभ अवसर अरू हुन सक्दैन । नपत्याए 'इजाइन डटकम डट एनपी' लगअन गरेर हेर्नुहोस त ? त्यहाँ उपलब्ध छ आशाको हट इमेज ।

गफै त हो

## बन्द ढोका खुला ढोका



गायिका मौसमी गुरुङ प्रेमका बारेमा कन्फ्युज छिन ? यद्यपि उनलाई थाहा छ प्रेम युवायुवतीबीच मात्र हुँदैन ? मौसमी कन्फ्युज्ड हुने कारण पनि छन्- लभ इज लाइफ भनिरहेकाहरू केही समयपछि नै छुट्टिरहेका पनि हुन्छन् । एउटासँग प्रेम गरेर अर्कैसँग विवाह गरिरहेका हुन्छन् । विचरी मौसमी कन्फ्युज्ड नहुन् पनि कसरी, त्यसैले यस्तो कन्फ्युजनमा बस्नुभन्दा यस्तो प्रेममा विश्वास नै नगर्नु भलो लागेर मौसमीले फेसनका रूपमा देखिने प्रेमप्रति विश्वास नै गर्न छाडिन् । राम्रो प्रेमको तुलनामा छिनछिनमा प्रेमी-प्रेमिका बदलिएका घटना बढी देख्ने मौसमी आफूले मागी विवाह गर्ने सम्भावना बढी भएको बताउँदै विवाहको पक्षमा जिकिर गर्न भने छोड्दिनन् । मौसमीका अनुसार विवाह एउटा सम्झौता अनि उत्तरदायित्व पनि हो । विवाहमा एक-अर्काका कतिपय नराम्रा कुरा पनि स्वीकार गरिएको हुन्छ । प्रेममा सम्बन्ध चाँडै बिग्रिए पनि विवाहमा त्यस्तो सम्भावना अलि कम हुन्छ । यति कुरा सुनिसके पनि निरासचाहिँ भैहाल्नु पर्दैन किनकि विवाहलाई पवित्र बन्धन मान्ने मौसमी समझदार, सहयोगी र केयरिङ गर्ने खालको पुरुषसँग त्यस्तो बन्धनमा बाँधिन चाहिन्छन् जो जहाँको भए पनि उनलाई फरक पर्दैन । कमसेकम प्रेम गर्न चाहनेहरूको ढोका बन्द गरे पनि विवाह गर्न चाहनेहरूका लागि चाँहि मौसमीको ढोका खुलै छ, कुरा त यही बुझियो ।

## राजेशलाई राम्रो चाहियो



अभिनेता राजेश हमाल अब आफूले निर्वाह गर्ने चरित्रका विषयमा चिन्तित हुन थालेका छन् । सम्बन्ध राम्रो भएका केही निर्माता-निर्देशकसँग त उनी हाकाहाक्की नै भन्न थालेका छन्- 'मलाई राम्रो र फरक भूमिका चाहियो ।' अहिले निखिल उप्रेती र नायक हमालबीच चर्को प्रतिस्पर्धा छ । निखिल अभिनीत प्रायः चलचित्रले राम्रै आम्दानी गर्नुका साथै निर्देशकले राजेशभन्दा निखिलकै भूमिकालाई महत्त्व दिने गरेका छन् । स्टन्टका कारण पनि राजेशको भन्दा निखिलकै बढी चर्चा हुन्छ ।

राजेशले जे गर्न सकेका थिएनन्, निखिलले ती काम गर्दै आएका छन् । बलेको आगो ताप्ने संस्कार भएको मुलुकमा चलेका कलाकारलाई बढी महत्त्व दिइनु ठूलो कुरा पनि भएन । राजेश र निखिलको हकमा पनि यही भएको छ । अझ अधिकांशले त निखिल नभैनहुने तर राजेश नभए पनि हुनेसमेत भन्न थालेका छन् ।

निखिलले अभिनय गरेका प्रायः चलचित्र चलेपछि निर्माताहरूले निखिललाई नै महत्त्व दिन थालेका हुन् । जुन कुरा राजेशका हकमा हुने कुरै भएन । फलस्वरूप उनी आफ्ना नजिकका मानिससँग अविस्मरणीय भूमिकाको अपेक्षा गर्न थाले । दर्शकले सम्झन लायक तथा फरक खालको भूमिका चाहियो भन्ने राजेशको आग्रहलाई निर्माताहरूले अस्वीकार नगरे पनि अहिलेसम्म उनको क्षमता उजागर गर्ने खालको स्क्रिप्ट भने कसैले तयार पारेका छैनन् ।

## खुल्यो रहस्य



ल भन्नोस्, गायिका प्रीति कौरको 'ब्वाइ फ्रेन्ड' छ कि छैन ? अनुमान गरेर भन्दा भन्नुहुन्छ होला- 'किन नहुनु ? होला नि कोही ।' तर तपाईं पक्का भने हुनुहुन्न । यद्यपि अब पक्का भए हुन्छ, किनकि उनले आफ्नो रहस्य खोलिसकिन् । इनशा डटकमसँगको रमाइलो प्रश्नोत्तरमा उनले आफ्ना केही व्यक्तिगत रहस्य खोलेकी छिन्, एक उत्तेजक पुरुष जोसँग तपाई बाँच्न चाहनुहुन्छ...? भन्ने प्रश्नमा यी सुन्दरी गायिकाले भनेकी छिन्- 'मेरो ब्वाइफ्रेन्ड' । उनले आफ्नो प्रेमीको नाम त बताएकी छैनन्, तर अन्य केही उत्तरबाट उनको प्रेमी कस्तो छ भन्ने अनुमान भने सजिलै लगाउन सकिन्छ । उनले सुन्दर र बलिष्ठ पुरुषमध्ये बलिष्ठ पुरुष रोजेकी छिन् । यसको अर्थ उनको प्रेमी सुन्दरभन्दा पनि बलिष्ठ छ । प्रीतिले भनेकी छिन्, उनलाई पुरुषको छाती त्यसमा पनि रौं भएको मनपर्छ । भनेपछि उनको प्रेमीको छाती चौडा छ र उसको छातीमा छपक्कै रौं उम्रिएका छन् । हिजोआज यदि तपाईंले प्रीतिलाई कुनै बलिष्ठ र छातीमा रौं भएको पुरुषसँग देख्नुभयो भने पक्का हुनुहोला– ऊ नै प्रीतिको प्रेमी हो ।


## कान्तिपुरका सुन्दर-सुन्दरी

दसैं उत्सवको वातावरणलाई फेसनमार्फत अझ रमाइलो तथा मनोरञ्जनपूर्ण बनाउन ग्यालेक्सी मोडलिङ एजेन्सीले अगामी साता मिस्टर एन्ड मिस कान्तिपुर शीर्षक अन्तर्गत मोडल प्रतिस्पर्धा सञ्चालन गर्ने भएको छ। ग्यालेक्सीका लागि दीपक घिमिरे आयोजक तथा प्रियंका सिटौला संयोजक रहने उक्त प्रतिस्पर्धात्मक कार्यक्रमका प्रतिस्पर्धीहरूलाई प्रशिक्षण दिने कार्य धिरज तण्डुकारले गरिरहेका छन्। दुई दर्जन युवायुवतीको सहभागिता रहने उक्त प्रतिस्पर्धामा मिस्टर एन्ड मिस कान्तिपुर शीर्षकमा विजेताका अतिरिक्त अन्य शीर्षकमा विजयीहरू छनौट गरिनेछ। कार्यक्रमलाई मनोरञ्जनपूर्ण बनाउन नृत्य एवं सांस्कृतिक प्रस्तुति पनि समावेश गरिनेछ।

## पालो लिटिल क्विन एन्ड मास्टर किङको

बालबालिकासम्बन्धी प्रतिभा मापन गर्ने प्रतिस्पर्धात्मक कार्यक्रमको लहरमा भोलि शनिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा लिटिल क्विन एन्ड मास्टर किङ- २००७ शीर्षकमा बाल प्रतियोगिता सञ्चालन हुँदैछ। राजधानी तथा मोफसलमा यस्तै प्रतियोगिताको सञ्चालनमा सक्रिय रहँदै आएको द एरो मोडलिङ एजेन्सीको आयोजना, सपन जे. शर्माको संयोजन तथा सिद्धान्त घिमिरेको कोरियोगाफ्रीमा सञ्चालन हुने उक्त प्रतियोगितामा ६ देखि १२ वर्ष उमेर समूहका १७ जना बालक तथा २३ जना बालिका सहभागी हुनेछन्। परिचयात्मक, बेष्ट ड्रेस, टपटेन र टप फाइभ गरी विभिन्न चरणमा सञ्चालन गरिने प्रतियोगितामा सहभागीको प्रतिभा, प्रस्तुतीकरण एवं आत्मविश्वासका आधारमा विजेता छनौट गरिनेछ। प्रतियोगितामा राजधानीका अतिरिक्त विराटनगर, वीरगन्ज तथा पोखराका बालबालिकाहरूको सहभागिता रहनेछ।

## काठमाडौंमा रेक्स र रूपरेखा



**साप्ताहिक समाचार**

काठमाडौं- इण्डियन आइडल प्रशान्त तामाङको ज्वरो चढिरहेका बखत सोनी टेलिभिजनमै गतवर्ष चर्चामा आएको अर्को गायन प्रतियोगिता 'फेम गुरुकुल' की विजेता रूपरेखा बनर्जी र उपविजेता रेक्स डिसुजा काठमाडौंको एक क्यासिनोमा कार्यक्रम गरी स्वदेश फर्किएका छन्।



लाजिम्पाटस्थित सांग्रिला क्यासिनोमा गत शुक्रबार साँझ सीमित दर्शकहरूका अगाडि रेक्स र रूपरेखाले विभिन्न हिन्दी गीत सुनाए। झण्डै दुई घन्टासम्म चलेको उक्त सांगीतिक कार्यक्रममा भारतीय पर्यटकहरू सहभागी थिए। दर्शकहरूको भीडमा बलिउडका चर्चित चलचित्र 'चाँदनी बार' का निर्देशक मधुर भण्डारकर पनि थिए। पुराना र नयाँ हिन्दी गीत एकपछि अर्को गर्दै सुनाए पनि उपस्थित दर्शकहरूले उनीहरूले गाएको 'दम मारो दम', 'तडप तडपके इस दिलसे आह निकलती रही' निकै मन पराए। सेतो स्लिभलेस कुर्था तथा पाइन्टमा देखिएकी रूपरेखा र कालो सुटमा सजिएका रेक्सको उक्त कार्यक्रमलाई लिएर कुनै प्रचार भने गरिएको थिएन।

## घन्कियो प्लाटिनम

**साप्ताहिक समाचार**

काठमाडौं- घण्टाघरको घडीले रातिको साढे आठ बजाइसकेको थियो। युवायुवतीहरूको मोटरसाइकल दरबारमार्गबाट होटल याक एण्ड यतीको परिसरतर्फ मोडिँदै थियो। एकताका हरेक शुक्रबार होटल ह्यातको रक्सबारमा नाच्न पुग्ने युवायुवतीहरू उक्त बारमा डान्सपार्टी आयोजित हुन छाडेपछि सेलाएझैं भएका थिए। होटल याक एण्ड यतीको परिसरमा रहेको डिस्को प्लाटिनम पनि केही समय बन्द भएपछि गतवर्ष नाम परिवर्तन गरी 'ब्ल्याक पर्ल' नामबाट सञ्चालनमा आयो। केही महिनापछि त्यो पनि बन्द भएपछि डिस्कोप्रेमी युवायुवतीहरूले रातभरि नाचेर रमाइलो गर्ने गन्तव्य भेट्न छाडे। गत शुक्रबारदेखि याक एन्ड यतीको पुरानो 'प्लाटिनम डिस्को' फेरि सञ्चालनमा आएको छ। 'गुड फ्राइडे' मनाउने बहानामा शुक्रबार नै यसको शुभारम्भ गरिएको उक्त डिस्कोका व्यवस्थापक निलेश थापाले बताए। शुभारम्भको कार्यक्रम दुई दिन चलेको थियो। अष्ट्रेलियन डिजे निकोशको डिजेइङ तालमा युवायुवतीहरू रातभरि नाचिरहे। निलेश भन्दै थिए- 'शुक्रबार टिनएजर र युवायुवतीहरूका लागि पार्टी गर्‍यौं भने शनिबार वयस्कहरूका लागि।'

## ३३ प्रतिशतको सांगीतिक हुँकार

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाली समाजमा महिलाहरू आफूलाई पुरुषबाट शोषित भएको बताउँछन्। पुरुषप्रधान समाजमा महिलाहरूले अधिकार पाउन् भनेर संसद्ले उनीहरूलाई कुनै पनि क्षेत्रमा ३३ प्रतिशत सहभागिता गराउनुपर्ने निर्णय गरेपछि महिलाहरूको मनोबल बढेको छ। नेपाली गीत/संगीतको क्षेत्रमा पनि पुरुषहरूकै वर्चस्व छ। त्यसैले पनि होला राजधानीका आधुनिक महिलाहरूले हरेक वर्ष महिला मात्र सहभागी हुने गरी 'वुमेन इन कन्सर्ट' आयोजित गर्छन्। शुक्रबार साँझ होटल याक एण्ड यतीको रिगल हलमा एक दर्जन गायिकाले विभिन्न गीत गाएर महिलाहरू पनि कम छैनन् भन्ने उदाहरण प्रस्तुत गरे। युवावर्गले रुचाउने रक र पप गीत प्रस्तुत गरिएको उक्त सांगीतिक कार्यक्रममा गायनलाई पेशा बनाएका अभया सुब्बा र प्रीति कौरका अतिरिक्त याङ्की ओङ्मु लेप्चा, शेरी शेर्पा, वन्दना घले, आरती गुरुङ, श्रुति मास्के, रचना गुरुङ शर्मा, सलिना लामा तथा आयशा गिरीले नेपाली, अंग्रेजी एवं हिन्दी गीतहरू गाएका थिए। कार्यक्रमलाई रोमाञ्चक तुल्याउँदै महिला डिजे डिजे पायलले उपस्थित सबैलाई नचाइन्। यो 'वुमेन इन कन्सर्ट' को पाँचौ श्रृंखला थियो।



## इजरायलमा नेपाली लोकभाका

**साप्ताहिक समाचार**

तेलअबिब (इजरायल)- नेपाली कामदारका लागि इजरायल पनि प्रमुख गन्तव्य हो। कामको खोजीमा विदेश जाने नेपालीहरू इजरायलमा पनि निकै छन्। तेलअबिब सहरमा काम गरेर बसेका नेपाली कामदारहरूले दसैंको आगमन तथा हिन्दू महिलाहरूको चाड तीजको अवसर पारेर हालै एक रमाइलो सांस्कृतिक कार्यक्रम सम्पन्न गरे। कार्यक्रमका संयोजक गीतकार, संगीतकार तथा गायक देवकुमार चौधरीका अनुसार कार्यक्रममा चौधरीले सतासी मेलैमा, गुलाफको फूल, उसलाई साथजस्ता आफ्ना गीतहरूका साथै अन्य केही चर्चित नेपाली गीत सुनाए।

उनलाई किबोर्ड र सारंगीमा कमलप्रसाद पोखरेल, रिदम गीतारमा रोहित पुन, लिड गीतारमा राजीव हमाल तथा ड्रम र मादलमा राजेश गुरुङले साथ दिएका थिए। छुनु बानियाँ तथा अर्जुन जयसवालले सञ्चालन गरेको उक्त कार्यक्रममा कामदार कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए, जसलाई नृत्य-निर्देशक विजय विष्टले निर्देशन गरेका थिए। केशव अधिकारीले सारंगी बजाउँदै गाइने गीत गाउँदा नेपाली दर्शकहरू निकै भावुक भएका थिए भने कलाकार दिनेश प्रसाईं तथा उनका साथी कलाकारहरूले प्रस्तुत गरेको प्रहसनले सबैलाई हँसाएको थियो।

# हङकङमा रमाउने नेपाली जीवनशैली



नेपालबाहिर गएका नेपालीहरू काममा मात्रै व्यस्त हुन्छन् धेरै जना यही भन्छन्, तर हङकङमा बसोबास गर्ने नेपालीहरू कामलाई मात्र महत्त्व दिँदैनन्। मोजमस्ती अनि फेसन उनीहरूको जीवनको महत्त्वपूर्ण पाटो बनेको छ। हङकङमा नेपालीहरूको जीवनशैली दिनानुदिन फेरिँदै गएको छ। केले फेरियो त ? जवाफ सजिलै छ- डान्स पार्टी, फेसन सो तथा मनोरञ्जनात्मक कार्यक्रमहरूले। तीन-चार वर्षयता नियमित रूपमा डान्सपार्टी आयोजना हुन थालेपछि त्यसले बढी मात्रामा युवायुवतीलाई गाँज्दै लगेको छ। हङकङका डान्सपार्टी भररात चल्ने खालका हुन्छन्। डान्सपार्टीहरू अक्सर शनिबार मध्याह्नदेखि आइतबार बिहानसम्म चल्छन्। आयोजकहरूले कहिलेकाहीँ दिउँसोसमेत पार्टी आयोजित गर्ने गरेका छन्। जसलाई रातभर डान्स पार्टीमा रम्ने अवसर र अनुमति कमै मिल्छ, डे डान्सपार्टी उनीहरूप्रति नै लक्षित हुन्छ।

दसैं-तिहार, क्रिसमस, नेपाली तथा अंग्रेजी न्यू इयरजस्ता विशेष इभेन्टहरूमा डान्सपार्टीहरूको आयोजना हुँदै आएकोमा हिजोआज डान्सपार्टी आयोजना हुन कुनै पर्व र बार पर्खनु पर्दैन। युवायुवतीको चाहना परिपूर्ति गर्न नेपाली युवा समूहहरू नै डान्सपार्टी आयोजना गर्न अघि सर्छन्।

आयोजकहरूका अनुसार कहिलेकाहीं त डिस्कोथेकमा खुट्टा टेक्ने ठाउँ पनि हुँदैन। हरहमेसा व्यस्तताले छोपिरहेको परदेशको भूमिमा आपसी भेटघाट अनि रमाइलो गर्न पाइने भएकाले पनि डान्सपार्टी संस्कृति फस्टाउँदै गएको हो। पछिल्लो समयमा हङकङका नेपालीहरूले पछ्याएको मनोरञ्जन शैली डान्सपार्टी नै हो। मदिराको चुस्कीसँगै रातभर आफ्ना सहकर्मीसँग झुम्ने तन्नेरीहरू आफू विदेशी भूमिमा भएको बिर्सन्छन्। धक फुकाएर कुममा कुम जोड्दै मनोरञ्जनमा लिप्त हुन पाएपछि उनीहरू आफ्नै देशमा गरेको रमाइलोको अनुभव गर्छन्। डिस्कोले हङकङका नेपालीहरूको रात्रिजीवनलाई रंगीन तुल्याइदिएको छ। डिस्कोमा नाच्न मात्र होइन, सपरिवार रमाइलो गर्न रात्रिभोजन गर्ने नेपालीहरू पनि बढ्दैछन्।

हङकङका तन्नेरी-तरुनीहरूलाई रोकटोक पनि कमै हुन्छ। मोडल सब्रिना पनि डिस्कोमा रम्न पाएपछि रमाइलो अनुभूति गर्छिन्। उनी भन्छिन्- 'हङकङमा डान्सपार्टीले नेपालीहरूको जीवनशैलीमै परिवर्तन आएको छ।' नेपालीहरूले यहाँ आयोजना गर्ने डान्सपार्टीमा चिनजानका आधारमा मात्र केही विदेशी युवायुवती पनि आएको पाइन्छ। विदेशीहरू नेपालीहरूद्वारा आयोजित डान्सपार्टीमा सरिक हुन चाहे पनि उनीहरूको नेपालीसँग त्यति तालमेल मिल्दैन। हङकङमा मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्न त्यति सजिलो भने छैन। महँगो हल शुल्कका कारण कार्यक्रम आयोजना गर्न त्यत्तिकै गाह्रो छ। न्यूनतम १० हजारदेखि अधिकतम ३० हजार हङकङ डलर तिरेर डान्स फ्लोर रिर्जभ गर्नुपर्ने हुन्छ।

अहिले कतिपय नेपालीको जीवनशैली विदेशीकै हाराहारीमा पुग्न थालेको छ। डान्सपार्टीका एक आयोजक तथा डिजे सुरज लिम्बूले डान्सपार्टी नेपाली-नेपालीबीचको भेटघाट र रमाइलो गर्ने थलोका रूपमा विकसित हुँदै गएको साप्ताहिकलाई बताए। यसरी डान्सपार्टी आयोजना गर्नेहरूमा बनाना ब्रदर्स अर्थात् सुरज सुनुवार, सन्तोष लिम्बु, संयोग सुनुवार, सुरेश लिम्बु, युनाइटेड नेप्लिज आइल्यान्डरस् क्लब, किशोर राई, सुरेश लिम्बू, डीआर आईके, नोभा र सुप्रिया राना, अमृत (मार्टिन) रीना, ऋतिका, शुक्र, हिमालको नाम अग्रपंक्तिमा छ। त्यस्तै भीडको चाहना बुझेर संगीत छान्न माहिर मानिने हेम, सबिन, विष्णु, रविन, सुरेश, शुक्र, सुमन आदि डिजेका रूपमा चर्चित छन्।

डान्स पार्टीहरू अक्सर बार तथा डान्स फ्लोर उपलब्ध भएका रेस्टुराँहरूमा आयोजित हुन्छन्। आयोजकले कहिलेकाहीँ समुद्र किनारमा डान्स पार्टीहरू गरेको पाइन्छ। बनाना ब्रदर्श समूहले लान ताउ आइल्यान्डस्थित पुइ ओ ओ उ-ललमा पुर्‍याएर नेपाली युवा-युवतीहरूलाई उधुमै नचाएको थियो। डान्स पार्टीहरू इन्डियन क्लब, आर जे रेस्टुराँहरूमा आयोजना हुने भए पनि वान चाइस्थित स्किट्ज तथा सेन्ट्रलस्थित द एज नेपाली डान्स पार्टीका लागि प्रख्यात छन्, जसका लागि प्रतिव्यक्ति १ सय ५० देखि ३ सय हङकङ डलरसम्म प्रवेश शुल्क तोकिएको हुन्छ।

**फेसन सो तथा सांगीतिक कार्यक्रम पनि**

हङकङमा विशेष अवसरहरूमा फेसन सो पनि हुँदै आएका छन्। फेसनको मामिलामा फङ्को मारिसकेका हङकङका नेपालीहरू सुन्दर मोडलहरूको क्याटवाक र पहिरन देखेर मग्न हुन्छन्। वसन्ती पुन, सब्रिना श्रेष्ठ, अनिसा लिम्बू, एलिना घले, अञ्जना राई, दीप्ति थापाजस्ता नाम चलेका मोडलको हाउभाउपूर्ण शैलीबाट फेसन सो तात्तिन्छ। उनीहरू यहाँ हुने फेसन सोदेखि सौन्दर्य प्रतियोगिताहरूसम्म सबैमा सहभागी हुँदै आएका छन्। त्यहाँ फेसन सोका लागि उनीहरूसँगै एक दर्जनभन्दा भन्दा बढी मोडल हरबखत तम्तयार छन्। डान्सपार्टीसँगै आयोजना हुने फेसन सोले मनोरञ्जनमा थप मादकता प्रदान गर्ने डिल्लीप्रसाद उपाध्याय बताउँछन्।

सांगीतिक कार्यक्रमका लागि भने नेपालबाटै चर्चित गायक-गायिकाहरूलाई झिकाएर गीत-संगीत पारखीहरूलाई नचाइन्छ। विभिन्न नाममा आयोजित यस्ता कार्यक्रममा भने हङकङमा बसोबास गर्ने सबै खाले नेपालीको उपस्थिति हुने गरेको छ। कहिले दोहोरीका हस्ती त कहिले पप आधुनिक हस्तीहरूले त्यस्ता कार्यक्रममा मनोरञ्जन दिने गरेका छन्। मनोरञ्जनका यस्तै फरक-फरक शैलीले हङकङमा बस्ने नेपालीहरूको जीवनशैलीमा परिवर्तन ल्याइरहेको छ।

**-शिव शर्मा**

*(हङकङबाट पसन तमुका सहयोगमा)*

*तस्बिर : जगतअम्बु गुरुङ र राजीव राई*



## लभ गुरु रेखा

हामी २१ र १९ वर्षका युवायुवती हौं। विगत एक वर्षदेखि हामी एक-अर्कासँग प्रेम गर्दै आएका छौं। जातपात, धनी-गरिबजस्ता कुराले मायालाई रोक्दैन। हामी दुवै जना स्नातक प्रथम तथा द्वितीय वर्षमा अध्ययनरत छौं। हाम्रो सम्बन्धलाई केटापक्षबाट स्वीकार गरिसकिएको छ। अर्को पक्ष (केटी) ले पनि हाम्रो मायालाई स्वीकार गरे पनि यही मंसिर महिनाभित्रमा विवाह गर्नुपर्ने सर्त राखिएको छ। हामीले मंसिर महिनाभित्रमा विवाह नगरे हाम्रो सम्बन्ध छुटाइ अर्कैसँग भए पनि विवाह गरिदिने अडान केटी पक्षका तर्फबाट राखिएको छ, तर हामी दुवै आफ्नो खुट्टामा नउभिई विवाह नगर्ने पक्षमा छौं। यो परिस्थितिमा हामीले हाम्रा अभिभावकसँग पढ्नकै लागि ३-४ वर्षको समय मागेका थियौं, तर हाम्रो समस्यालाई कुनै महत्त्व दिइएन। अहिले यही कुरा हाम्रो मायाको बाटोमा एउटा समस्याका रूपमा देखा परेको छ। यो स्थितिमा कि त हामीले छुट्टिनुपर्छ, कि त विवाह गर्नुपर्छ। यो स्थितिमा हामीले के गर्नु उचित होला ? अहिले हामी परिवारको दबाबबाट बच्न 'कोर्ट म्यारिज' गरी बेग्लै बसेर घटीमा तीन-चार वर्ष पढ्न चाहन्छौं। त्यसपछि सामाजिक रीतरिवाजअनुसार विवाह गरे कसो होला ?

एस+टी

एक-अर्कालाई हृदयदेखि नै माया गर्ने तपाईंहरू जातपात, धनदौलत, सामाजिक परम्परा सबै कुराबाट माथि उठेर आफ्नो भविष्य बनाउन चाहनुहुन्छ भन्ने कुराले मलाई औधी आत्मसन्तोष दिएको छ। वास्तवमा विवाह वा प्रेम नारी र पुरुषबीचको निजी सम्बन्ध भए पनि त्यसले समाज र परिवारलाई व्यापक रूपमा प्रभावित तुल्याउँछ। कतिपय अवस्थामा त विवाह भन्ने कुरा युवा-युवतीबीच मात्र हुने नभै दुई परिवारबीच पनि हुन्छ भन्ने मान्यता हाम्रो समाजमा छ। समाजको यस्तो मान्यताकै कारण विगतमा आफ्नो कुल-घराना, केटा-केटीको चालचलन हेरेर विवाहको टुंगो लगाइन्थ्यो। यद्यपि अहिले समय निकै परिवर्तन भैसकेको छ। तपाईंहरूको हकमा, जहाँसम्म केटीपक्षले मंसिर महिनाभित्रै विवाह गर्नुपर्ने सर्त राखेको छ, यो समस्यामा केटा-केटी दुवै पक्ष बसेर आपसी सरसल्लाह गर्नुपर्ने देखिन्छ। यस्तो सरसल्लाहका लागि केटाका बाबुआमाले केटीका बाबुआमासँग पहल गर्नुपर्ने हुन्छ। यो स्थितिमा कुरा मिलिसकेपछि तपाईंहरूले देखाउनुभएका अन्य समस्याहरू स्वाभाविक रूपमा गौण हुनेछन्। कथंकदाचित अभिभावकहरूबीच कुरा मिलेन भने तपाईंहरूले उमेर पुगेपछि कोर्ट म्यारिज गर्न सक्नुहुन्छ। त्यसका लागि परिचित वा नाम चलेको कानुन व्यवसायीसँग सम्पर्क राख्नु राम्रो हुन्छ।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



## फिल्मी खबर

**अमेरिकाको** भर्जिनियास्थित रेडियो दोभानको आयोजनामा गत आइतबार स्थानीय एक सिनेमाघरमा चलचित्र 'गुरुबा इन अस्ट्रेलिया' प्रदर्शन भयो। नेपालका ख्यातिप्राप्त हास्यकलाकार सन्तोष पन्तद्वारा अभिनीत उक्त चलचित्र प्रदर्शन समारोहमा प्रवासी नेपालीहरूको उल्लेख्य उपस्थिति थियो। वासिङ्टन नगरक्षेत्रमा बसोबास गर्ने अधिकांश नेपालीले उक्त चलचित्रलाई औधी रुचाएका थिए। मारुनी फिल्म्सका लागि नितेशराज पन्तले निर्माण तथा निर्देशन गरेको यो चलचित्रमा कलाकार सन्तोष पन्तले मुख्य भूमिकामा अभिनय गरेका छन्। चलचित्रको अधिकांश छायांकन अस्ट्रेलियामा तथा केही नेपालमा गरिएको थियो।

**सिक्किम** र त्यसवरपरका क्षेत्रमा छायाङ्कन गरिएको चलचित्र 'मिसन लभ इन सिक्किम' निर्माणको अन्तिम चरणमा छ। सिक्किमका नायक भानु राईका अतिरिक्त अन्य स्थानीय कलाकारहरूले अभिनय गरेको उक्त चलचित्रमा विक्रान्त बस्नेत, नागेन्द्र रिजाल, रुश्मा राई, हिमानी डिसी आदि नायक/नायिकाको भूमिकामा छन्। सोभित बस्नेतको निर्माण तथा निर्देशनमा निर्माण भैरहेको यो चलचित्रमा पप गायक संजय श्रेष्ठले संगीत दिएका छन्।

**मदन** घिमिरेको निर्देशन तथा नृत्य-निर्देशक दिनेश पाखिनद्वारा निर्माण गरिएको चलचित्र 'मिस्टर डन' प्रदर्शनका लागि तयार भएको छ। केही समयअघि सार्वजनिक भएको चलचित्र 'डन'सँग शीर्षक जुधेकाले केही समय विवादमा परेकाले निर्माणमा ढिलाइ भएको यो चलचित्रमा नायक शिव श्रेष्ठले शीर्षभूमिका निर्वाह गरेका छन्। चलचित्रमा निखिल उप्रेती, विक्रान्त बस्नेत, सञ्चिता लुइँटेल, मुकुन्द थापा, जेनी कुँवर आदि कलाकारको अभिनय हेर्न पाइन्छ।



कान्तिपुर टेलिभिजनको चर्चित कार्यक्रम 'द पवनकली सो' की पवनकली अर्थात् लुनिभा तुलाधर एक वर्षअघि हराएपछि उनको ठाउँमा तारा कँडेल र त्यसपछि अहिले आएर माम्पी घोष पवनकली भैसकेका छन्। एक वर्ष भारतको गुजरातको बदौडास्थित महाराजा सयाजी राव विश्वविद्यालयमा अभिनय तथा निर्देशनको स्नातक तहको अध्ययन गरेर उनी चार महिनाअघि स्वदेश फर्किएकी हुन्। अब उनी पुनः पहिलेकै पेसा अर्थात् अभिनय, कार्यक्रम निर्माण तथा निर्देशन गर्ने तरखरमा छिन्। 'द पवनकली सो' को अवधारणालाई टेलिभिजनको पर्दामा ल्याएकी लुनिभा फेरि 'पवनकली' नै त बन्न चाहँदिनन्, तर त्योभन्दा रमाइलो अर्को अवधारणामा कार्यक्रम निर्माण गरिरहेकी छिन्। लुनिभासँग हालै साप्ताहिकको जम्काभेट :

# फेरि पवनकली बन्दिनँ

लुनिभा तुलाधर

**एक वर्षमै स्नातक सकियो त ?**

यो एक वर्षकै प्रोफेसनल डिप्लोमा कोर्स थियो, जसलाई पूरा गरें। त्यसपछि डिग्री पनि गर्ने चाहना थियो तर म त्यहाँको गर्मीले गर्दा बिरामी परें र फर्किएकी हुँ।

**के रोग लाग्यो र ?**

दम त पहिलेदेखि नै थियो। त्यहाँ गर्मीका कारण हार्मोन्समा समस्या आयो।

**अबको योजना के छ ?**

अलिकति तौल घटाउनुपर्ला। त्यसका साथसाथै पिक्सेल आर्क प्रोडक्सनसँग मिलेर एउटा नौलो कार्यक्रम निर्माण गरिरहेकी छु। सायद त्यसमै व्यस्त हुन्छु होला। त्यसबाहेक नाट्यकर्मी अनुप सर (बराल) सँग 'एक्टर्स स्टुडियो'मा तीन महिनाको वृहद् अभिनय प्रशिक्षण पनि लिइरहेकी छु।

**दुब्लाएपछि काम पाउनुहोला र ?**

झन् पाउँछु होला जस्तो लाग्छ। दुब्लाएपछि कतै हिरोइनकै अफर पो आउला कि ? (हाँसो)

**अझै अभिनयको प्रशिक्षण लिइरहनुपर्छ र ?**

मैले जानेको कुरालाई तिक्खर बनाउँदै जानुपर्छ। कला भन्ने कुरा सिकेर कहिल्यै सकिँदैन।

**फेरि पवनकली नै किन नबन्ने त ?**

त्यो भूमिका अहिले अरूले नै निर्वाह गरिरहेकी छिन्। म त्यसलाई खोस्न चाहन्नँ। बरु नौलो कार्यक्रम गरेर आफ्नो सिर्जनशीलता देखाउँछु भनेर लागिपरेकी छु। केही समयभित्रै तपाईंहरूले लुनिभालाई पवनकली इमेज बिर्साउने कार्यक्रममा देख्नुहुनेछ र मलाई माया गरिरहेका दर्शकहरूले त्यसपछि मलाई त्यो नयाँ इमेजबाटै चिन्नुहुनेछ।

जम्का भेट



# नेपालमा किन यति धेरै नेता भएका होलान् ?

केवल एक प्रश्न



तस्बिर : परिचय डटकम

देश बिगार्नलाई (लामो हाँसो), अजासु धेरै भएर। हरेक कुरामा चाहिनेभन्दा जान्ने, सबै कुरा थाहा छ भन्ने मानिस धेरै भएर यस्तो भएको हो।

रामकृष्ण ढकाल, गायक

मुलुक चलाउने र बनाउने साँचो नेताको खाँचो छ तर यहाँचाहिँ काम नगरी खान पाइने भएर नेता धेरै भएका छन्।

आकाश अधिकारी, अभिनेता/निर्देशक

काम नभएर, नेपालमा नेता हुन क्वालिफिकेसन चाहिँदैन, अध्ययन, समर्पण, त्याग केही चाहिँदैन। कसैले बनाइदिंदा वा टीका लगाइदिंदा कोही पनि रातारात नेता हुन सक्ने भएकाले।

विकास आचार्य, चलचित्र लेखक

राजनीतिका बारेमा मलाई केही आइडिया छैन। आइडिया नभएको विषयमा बोल्नु ठीक होइन। फेरि मलाई त्यति सञ्चो पनि छैन।


प्राश्ना शाक्य, गायिका

पढाइ–लेखाइमा कमजोर भएकाले हो। कतै केही भएन भने नेता बन्छु भन्ने मानिसकता अझै पनि धेरैमा छ।

शोभित बस्नेत, चलचित्र निर्देशक

## चलचित्र

### पानीमान्छे



आफ्नै कथा परिकल्पनामा निर्देशक श्रीकान्त सिग्देलले पानीमान्छे बनाएका छन् । सिग्देल आफैंले चलचित्रको शीर्ष भूमिकामा अभिनय गरेका छन् भने क्यामेरा खिच्न पनि भ्याएका छन् । लेखनाथको सात तालसँगै आसपासका स्थानमा छायांकन गरिएको यो चलचित्र नितान्त भिन्न खालको छ । खोलानालाको रहमा बस्ने पानीमान्छेको पहिरन माछाको कत्लाले बनेको हुन्छ र उसले आहारका रूपमा जलचर मारेर खान्छ । उसले एउटा मान्छेलाई पनि मार्छ । विचित्रको मान्छेका बारेमा सुनेपछि अविनाश नामको शोधकर्ता अनुसन्धान गर्ने क्रममा तालमा खस्छ । शोधकर्ता अर्थात् अविनाश नामक पात्रलाई पौडन आउँदैन । उसलाई पानीमान्छेले नै बचाउँछ, तर शोधकर्ता विभिन्न कठिनाइका कारण अनुसन्धान नै नगरी फर्कन्छ । पानीमान्छेका बारेमा थाहा पाएर अर्को एउटा झुन्ड पनि उसको खोजीमा निस्किएपछि चलचित्रको अन्त्य हुन्छ । यो चलचित्र विदेशी शैलीको डकुमेन्ट्रीजस्तो लागे पनि मूलतः पशुप्रति पनि मानवीय व्यवहार गर्नुपर्ने र सबै पशु घातक हुँदैनन् भन्ने सन्देशमा आधारित छ ।

**–शिव शर्मा**

### अन्यौल



नारी वेदना अनि प्रेमकथामा आधारित चलचित्र 'अन्यौल' प्रदर्शन भएको छ । अमूर्त नाट्यशाला उदयपुरको दोस्रो प्रस्तुति तथा जनचेतना युवा फिल्म्स प्रा.लि.द्वारा निर्मित चलचित्र 'अन्यौल' मा दलित समुदायकी एउटी नारीलाई ब्राह्मण समुदायका पुरुषले मन पराउँछन् र उनीहरूबीच झन्डै तीन वर्षसम्म प्रेमसम्बन्ध चल्छ । दुई जनाले नै एक-अर्कालाई माया गर्ने कसम खाएका हुन्छन् । ती पुरुषलाई ब्राह्मण समुदायकै अर्की नारीले पनि मन पराएकी हुन्छिन् । जसका लागि उनी खलनायिकाका रूपमा प्रस्तुत भै उनीहरूबीचको प्रेमसम्बन्धलाई तहसनहस पारिदिन्छिन् र आफ्नो प्रेमसम्बन्धलाई अघि बढाउन खोज्छिन् । चलचित्रको मध्यान्तरसम्म यी तीन पात्रबीच अन्तर्द्वन्द्व चलिरहन्छ । प्रेमी-प्रेमिकाले एक-अर्कालाई भेट्न र विवाह-बन्धनमा बाँधिन नपाएपछि दुवैले मन्दिरमा झुन्डिएर आत्महत्या गर्छन् । गोपाल कृतिको निर्देशन, ताराकृष्ण खतिवडाको लेखन तथा निर्माण एवं सञ्चारकर्मी परशुराम थापाको सम्पादनमा निर्माण भएको यो चलचित्रका संगीतकार कुन्दन राई हुन् । त्रिकोणात्मक प्रेमकथामा केन्द्रित चलचित्र अन्यौलमा कुमार भट्टराई नायक तथा इशा आचार्य एवं रञ्जना आचार्य नायिकाको भूमिकामा देखा परेका छन् । एलसिडी प्रविधिमा करिब १ लाखको लगानीमा निर्मित सवा २ घण्टा लामो यो चलचित्रको छायाङ्कन उदयपुर जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरू बेल्टार, बसाहा सदरमुकाम गाईघाट तथा ऐतिहासिक उदयपुरगढी आदि स्थानमा गरिएको छ । चलचित्रमा नारी वेदनाले भरिएको एउटा मात्रगीत समावेश छ ।

**–विमल खतिवडा**

### लगा चुनरीमे दाग



यशराज ब्यानरको महत्त्वाकांक्षी चलचित्र 'लगा चुनरीमे दाग' आज सार्वजनिक हुँदैछ, महत्त्वाकांक्षी यसकारण कि, यो चलचित्रले प्रदर्शनअगावै अनुमान गरेभन्दा बढी चर्चा पाइसकेको छ । यशराज ब्यानरले यो चलचित्रलाई सफल बनाउन प्रचारका सबै शैलीलाई अपनाएको छ । यसअघि परिणिताजस्तो सफल चलचित्र निर्देशन गरेका प्रदीप सरकार यो चलचित्रका निर्देशक हुन् । जया बच्चन, रानी मुखर्जी, कोनकोणा सेन शर्मा, अभिषेक बच्चन, कुनाल कपुर, अनुपम खेर, टिनु आनन्द, हेमा मालिनी, कामीनी कौशलजस्ता स्टार कलाकारहरूले अभिनय गरेको यो चलचित्र भावनात्मक विषयवस्तुमा आधारित छ । चलचित्रमा रानी 'बड्की' तथा कोनकोणा 'छुट्की' को भूमिकामा छन् । उनीहरूका बाबु अनुपम खेर सेवानिवृत्त प्राध्यापक हुन्छन् । दुईवटी छोरी मात्र भएकाले चिन्तित अनुपम छोरीका कारण परिवारमा धेरै खर्च हुने सोचाइ राख्छन् । बाबुको यो चिन्तालाई बुझेर रानी मुम्बईमा आएर संघर्ष गर्न थाल्छिन् । रानी रहस्यपूर्ण जीवनयापन गरिरहेकै बेला कोनकोणा अध्ययन पूरा गरेर मुम्बई आउँछिन् । रानी आफ्नो कामका सम्बन्धमा कोनकोणालाई केही बताउन चाहन्नन् । त्यसै बेला कोनकोणाको कुणाल कपुरसँग अफेयर सुरु हुन्छ भने दिदी रानी पनि अभिषेकसँग प्रेम गर्न थाल्छिन् । जब कोनकोणालाई दिदीको कामका सम्बन्धमा जानकारी हुन्छ, त्यसपछि कथाले रोमाञ्चक मोडले लिन्छ । आदित्य चोपडा तथा प्रदीप सरकारको निर्माणमा बनेको यो चलचित्रको छायांकन बनारसमा गरिएको छ ।

### द फाइनल सिजन

हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'द फाइनल सिजन' सार्वजनिक हुँदैछ । खेल कथामा आधारित यो चलचित्रले युरोपियन जीवनशैलीलाई राम्रैसँग प्रस्तुत गरेको छ । नर्वेस्थित सानो सहर लोवाबाट यो चलचित्रको कथा प्रारम्भ हुन्छ । त्यहाँ 'बेसबल' खेल महत्त्वपूर्ण मानिन्छ । बेसबल प्रतियोगिताका निम्ति त्यहाँ विभिन्न स्थानबाट खेलाडीहरू आएका हुन्छन् । अचानक त्यहाँ देखिएका विभिन्न घटनाक्रमले कथालाई अर्को मोड दिन्छ । गृहनगरका खेलाडीका निम्ति प्रतियोगिता चुनौतीका रूपमा देखा पर्छ । डेविड मिक्की इभान्सले निर्देशन गरेको यो चलचित्रमा सिन अस्टिन्, ल्यारी मिलर, एमी एकर, आन वेजवर्थ, पावर्स बुथे आदि कलाकारले मुख्य भूमिकामा अभिनय गरेका छन् । १ घण्टा ५८ मिनेटको यो चलचित्रको छायांकन नर्वे तथा अमेरिकामा गरिएको थियो ।

## सानो स्तनको चिन्ता



केही सर्वेक्षणले के देखाएका छन् भने कुनै पनि पुरुषले कुनै महिलालाई हेर्नुपर्‍यो भने पहिले उसको स्तन हेर्छ अनि बल्ल मुहार । त्यसैले पनि हुनसक्छ युवतीहरू स्तन सानो भयो भनेर चिन्तित हुन्छन् । युवतीहरूको यस्तो चिन्तालाई वैज्ञानिकहरूले धेरै पहिलेदेखि समाधान गर्ने प्रयास गर्दै आएका छन् । यसमा सिलिकनलाई स्तनभित्र राख्ने चलन बढी लोकप्रिय छ तर यसलाई अझ परिस्कृत गर्ने प्रयास पनि भैरहेको छ । यसबीच अमेरिकाको टेक्सान प्लास्टिक सर्जन जोन टेबेट्सले करिब आधा घन्टामै स्तन प्रत्यारोपण गर्ने प्रविधि विकसित गरेका छन् । जोनले करिब ४ हजार महिलाको स्तन आधा घन्टामै प्रत्यारोपण गरेका छन् जसमा ९५ प्रतिशत महिला सन्तुष्ट रहेको बताइन्छ । जोनले विकास गरेको यस प्रकारको स्तन प्रत्यारोपणले आधा घन्टा मात्र पीडा हुन्छ । हाल यस किसिमको शल्यक्रिया गर्दा करिब ६ लाख रुपैयाँ लाग्छ ।

## एकपटकको ६ करोड ५० लाख





संसारकै सर्वाधिक ग्ल्यामरस म्यागजिन 'प्ले ब्वाइ' मा आफ्नो निर्वस्त्र तस्बिर छपाउन चाहने युवतीदेखि मोडलहरूसम्मको संख्या गणना गर्ने हो भने हजारौं होइन, लाखौं पुग्न सक्छ । त्यसैगरी उक्त पत्रिकाको व्यवस्थापन आफूले चाहेका मोडल वा नायिकालाई निर्वस्त्र फोटो प्रकाशित गर्न दिएबापत लाखौं होइन करोडौं रुपैयाँ तिर्न अघि सर्छ ।

अहिले प्ले ब्वाइ म्यागजिनले पामेला एन्डरसन र डेनिस रिचर्डसमक्ष संयुक्त रूपमा निर्वस्त्र फोटो सेसन गरेको खण्डमा ६ करोड ५० लाख रुपैयाँ दिने प्रस्ताव अघि सारेको छ । प्ले ब्वाइले सन् २००८ को जनवरी महिनामा प्रकाशित हुने अंकको आवरण तथा फोटो फिचरका रूपमा उनीहरूको तस्बिर प्रकाशित गर्ने योजना बनाएको छ । प्ले ब्वाइ म्यागजिनको इतिहासमा सबैभन्दा बढी निर्वस्त्र फोटो छापिने महिलाको कीर्तिमान पामेलाले नै राखेकी छिन् । उनी अहिलेसम्म यो म्यागजिनमा १२ पटक आवरणमा आइसकेकी छिन् भने रिचर्ड सन् २००४ को डिसेम्बरको अंकमा देखिएकी थिइन् । हालै यी दुई नायिका चलचित्र 'ब्लोन्ड एन्ड ब्लोन्डर' मा एकसाथ अभिनय गरेपछि चर्चामा छन् । यसअघि प्ले ब्वाइले ब्रिट्नी स्पेयर्सलाई आफ्नो आवरणमा निर्वस्त्र प्रस्तुत हुन प्रस्ताव राखेको थियो तर ब्रिट्नीले ६ करोड ५० लाख रुपैयाँ माग गरेपछि उक्त प्रस्ताव त्यसै तुहियो ।


## यस्ता पनि हेयर स्टाइल








### र अन्त्यमा.....



प्रविधिको विकासले पुरुषलाई भन्दा महिलालाई बढी आकर्षित गर्ने प्रयास गरिरहेको छ । यसै क्रममा एक्लै यात्रा गर्नुपर्ने महिलाहरूका लागि फेरि अर्को नयाँ उपकरण आएको छ– ट्रिगले ट्रिप । यसले हालै सम्पन्न नयाँ यौन उपकरणको महोत्सवमा सर्वाधिक चर्चा पायो । महिलाहरूले यौन सन्तुष्टिका लागि प्रयोग गर्ने भाइब्रेटरमध्ये पछिल्लो पटक बजारमा आएको ऱ्यामप्यान्ट ऱ्याबिटले सबैभन्दा बढी लोकप्रियता पाएको थियो तर त्यसको लोकप्रियतालाई ट्रिगले ट्रिपले उछिन्ने भएको छ । बरुन र ओरल बीले संयुक्त रूपमा निर्माण गरेको यो उपकरण दाँत माझ्न र यौन सन्तुष्टि लिन सकिने किसिमले निर्माण गरिएको छ । सानो, सफा र बोकेर हिंड्डुल गर्न सकिने यो उपकरणको मूल्य १ हजार ४ सय रुपैयाँ छ ।

## रमझम काठमाडौं उत्सवको



दसैंको वातावरण, त्यसका लागि खरिददारी एवं मनोरञ्जनलाई ध्यानमा राखेर एक दसकदेखि आयोजना हुँदै आएको काठमाडौं उत्सव- २०६४ गत असोज १७ गतेदेखि भृकुटीमण्डपमा सञ्चालन भैरहेको छ । आगामी असोज २९ गतेसम्म चल्ने यो उत्सवअन्तर्गत भृकुटीमण्डपको प्रदर्शनी कक्षमा विभिन्न घरायसी सरसामग्री फेसनशैली, कस्मेटिक सरसामान आदि समेटिएका १ सय ५३ वटा स्टल छन् ।

दसैंका लागि किनमेलसँगै मनोरञ्जनलाई पनि प्राथमिकता दिंदै काठमाडौं उत्सवमा प्रत्येक दिन मनोरञ्जनात्मक कार्यक्रमहरू प्रस्तुत भैरहेका छन् । जसअन्तर्गत आधुनिक, लोक तथा रिमिक्स नृत्यहरू, जादूकला, गेष्ट आर्टिष्ट पर्फमेन्सका साथमा २० वटा विभिन्न कलेजका सांगीतिक समूहबीचको इन्टरकलेज ब्याण्ड कम्पिटिसन तथा फेस एन्ड फेसन हाउस शीर्षक अन्तर्गतको प्रतिस्पर्धात्मक फेसन प्रस्तुति पनि छ । १० जना पुरुष तथा १० जना महिला मोडलको सहभागितामा विजयलाल श्रेष्ठको कोरियोग्राफीमा सञ्चालन भैरहेको प्रतिस्पर्धात्मक फेसन सो अन्तर्गत आज अन्तिम दिन महिला-पुरुष गरी एक-एक जना विजेता छनौट गरिंदैछ ।

गत असोज १८ गते प्रारम्भ भएको उत्सव अन्तर्गतको सांगीतिक प्रस्तुतिमा कभवेभ, रविन एन्ड न्यु रिभुलुसन, कमलमान सिंह, ओम बज्र ब्याण्ड, अर्जुनकुमार, प्रीति कौर, नवीन के भट्टराई, अरुण कार्की, सञ्जना श्रेष्ठ, क्रिस केसी, सब्बु थापा, ईश्वर पोखरेल, दीपक महर्जन, युवराज हिङमाङ आदि गायक-गायिकाहरूले सांगीतिक मनोरञ्जन प्रदान गरिरहेका छन् ।

## सानो पर्दा



**कान्तिपुर** टेलिभिजनबाट हरेक मंगलबार साँझ साढे सातमा प्रसारण हुँदै आएको संगीतिक क्षेत्रका विविध गतिविधिहरू समेटिने कार्यक्रम 'म्युजिक मेला' ले नेपाली संगीतकर्मी एवं संगीतप्रेमीहरू माझ लोकप्रियता कमाइरहेको छ । यसबीच उक्त कार्यक्रमकी निर्माता एवं सञ्चालिका संगीता श्रेष्ठले कार्यक्रमको रूपरेखामा केही परिवर्तन गर्न लागिएको जानकारी दिएकी छिन् । श्रेष्ठका अनुसार कार्यक्रममा अब नेपाली गीत/संगीतको इतिहास र यसको उत्थानका लागि योगदान पुऱ्याएका संगीतकर्मीहरूका बारेमा सन्दर्भ सामग्री प्रसारण गर्ने तयारी हुँदैछ ।

**संविधानसभाको** निर्वाचनलाई लक्षित गरेर विभिन्न च्यानलले आ-आफ्नै प्रकारका कार्यक्रमहरू निर्माण गरिरहेकोमा कान्तिपुर टेलिभिजनमा पनि संविधानसभासम्बन्धी कार्यक्रम प्रसारण हुन थालेको छ । 'हाम्रो संविधानसभा' शीर्षकको उक्त कार्यक्रममा विभिन्न दलका नेता, राजनैतिक विश्लेषक आदिलाई निम्त्याएर संविधानसभाका बारेमा छलफल गरिन्छ । हिमाल न्यौपानेद्वारा सञ्चालन गरिने उक्त कार्यक्रम हरेक बिहीबार राती नौ बजे प्रसारण हुने गरेको छ ।

**केही** समयअघिसम्म नेपाल टेलिभिजनबाट प्रसारण हुने बालबालिकाहरूको कार्यक्रम 'फ्यान क्लब' को सुधारिएको स्वरूप कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने भएको छ । नेपाल टेलिभिजनमा उक्त कार्यक्रम सञ्चालन गर्ने भिजे प्रतिमा श्रेष्ठले नै कान्तिपुर टेलिभिजनमा पनि उक्त कार्यक्रम सञ्चालन गर्दैछिन् । हाल निर्माण भैरहेको उक्त कार्यक्रमको शीर्षक 'कान्तिपुर फ्यान क्लब' राखिएको छ । कार्यक्रममा बालबालिकाले मनपराउने कुनै एक सेलिब्रेटीलाई अतिथिका रूपमा निम्त्याइन्छ र उनीसँग कार्यक्रममा उपस्थित बालबालिकाहरूले रमाइलो गर्छन् ।

## साताको स्वर



### शिशिर वाङ्देल

**सम्झिरहन्छु सधैं नै कस्तो प्रकारको गीत हो ?**
सुगम संगीत हो, गीत मेलोडियस बेस र कहरोवा बिटमा छ ।

**गीतको भाव कस्तो छ ?**
विछोडको भावमा छ । पहिलो भेटपछिको सम्बन्ध जुन प्रगाढ हुने क्रममै टुङ्गिन्छ भन्ने भाव गीतमा छ ।

**यो गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
जसले संगीतलाई राम्रोसँग बुझेको छ अर्थात् सुगम संगीतको गहिराइमा पुग्ने प्रयास गर्छ उनीहरूलाई लक्षित गरेर यो गीत तयार पारेको हुँ ।

**गीतको मुख्य आकर्षण ?**
शब्द भावनात्मक छ, त्यत्तिकै मीठास पनि । समग्रमा सबै पक्ष राम्रो भएकाले नै श्रोताले गीत मन पराउनुहुनेछ भन्ने विश्वास छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
राम्रै छ, गीतसँग बहेको छ । निर्देशक सुभान लिम्बूले राम्रो मेहनत गरेर निर्माण गरेकाले म सन्तुष्ट छु ।

**गायिका** नलिना चित्रकारले आफ्ना म्युजिक भिडियोहरूको संग्रह 'जिन्दगी-जिन्दगी'को विमोचन हालै बेलायतको लन्डन सहरमा गरेकी छिन् । कार्यक्रमका लागि बेलायत पुगेकी गायिका चित्रकारले उक्त भिसिडी त्यहाँ विमोचन गरेकी हुन् । भिसिडीमा संग्रहित शीर्षगीत 'जिन्दगी-जिन्दगी'को म्युजिक भिडियोको छायाँङ्कन थाइल्यान्डमा गरिएको थियो । कार्यक्रममा गायिका चित्रकारसँगै बेलायत पुगेका गायक यम बरालले पनि त्यही मौकामा आफ्नो भिसिडी 'एभर ग्रीन'को विमोचन गराए । गायिका चित्रकारको भिसिडी काठमाडौंको थापाथलीस्थित ब्लु बर्ड मलमा रु. २ हजारभन्दा माथिको खरिदमा उपहारस्वरूप प्रदान गरिने बताइन्छ ।

**लामो** समयदेखि अमेरिकामा बसोबास गर्दै आएका कानुन व्यवसायी विनोद रोकाद्वारा रचना गरिएका गीतहरूको एल्बम 'मेरी प्रिय'को विमोचन राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट सम्पन्न भएको छ । शम्भुजित बाँसकोटाको एकल संगीत रहेको उक्त एल्बमको विमोचन कार्यक्रममा गायक दीपक लिम्बू, मनोजराज तथा गायिका अञ्जु पन्तले एल्बममा रहेका केही गीत गाएका थिए ।

**तबलाबादक** सरिता मिश्रले कवयित्री विमला तुम्खेबाका कविता वाचनमा आफ्नो तबलाको ताल मिश्रण गरेर दर्शकहरूलाई सुनाइन् । हालै राजधानीको गुरुकुलमा 'प्रेम र नारी' शीर्षकमा आयोजित कार्यक्रममा कवियत्री तुम्खेबा कविता वाचन गर्दै जान्थिन्, तबला बादक मिश्र तबलाबाट त्यसमा संगीत भर्दै जान्थिन् । ताल र कविताको उक्त संगम आसमानको सहयोगका लागि आयोजना गरिएको थियो ।

**गायिका** एञ्जिला गौचनले दुई वर्षअघि आफ्नो पहिलो एल्बम 'ए स्टोरी' बजारमा ल्याएकी थिइन् । उक्त एल्बममा ऱ्याप गायक अविनाश घिसिङसँग उनले गाएको गीत 'थाहा पाएँ' ले चर्चा पाए पनि उनले भनेजति लोकप्रियता पाउन सकिनन् । अब भने केही समयपछि बजारमा आउने आफ्नो दोस्रो एल्बमका गीतहरूका साथै आफूले पनि चर्चा पाउने कुरामा उनी ढुक्क छिन् । चर्चामा आउनका लागि उनले केही पूर्वतयारी पनि गरिसकेकी छिन् । मुस्ताङकी यी गायिकाले एल्बमको शीर्षक 'थकाली' राखेकी छिन् ।

**संगीत** कलाकारहरूको एउटा टोली अमेरिका तथा क्यानाडाको तीनमहिने संगीत यात्रा सकेर गत साता स्वदेश फर्किएको छ । 'रक यूएस एन्ड क्यानाडा' भन्ने नारा बोकेर संगीतकार न्ह्यू बज्राचार्यको नेतृत्वमा निस्किएको उक्त टोलीमा गायक दीपेशकिशोर भट्टराई, सविन राई, सुजिल कर्माचार्य, गोपाल रसाइली, अमूल कार्कीढली तथा इन्द्रमान महर्जन सहभागी थिए । यात्रामा गायकद्वय योगेश्वर अमात्य र जेम्स प्रधान प्रमुख आकर्षणका रूपमा देखा परे । यात्रामा रहेका कलाकारहरूले तीन महिनाको अवधिमा क्रमैसँग अमेरिकाका सहरहरू लसएञ्जल्स, नर्थ क्यारोलिना, ओसियन सिटी, बाल्टीमोर, एटलान्टा, वासिङ्टन डिसी, न्युयोर्क, बोस्टन, टोरन्टो, डालस, डेनभर र सान फ्रान्सिस्कोमा आफ्ना गीतसंगीत प्रस्तुत गरेका थिए । अमेरिका नै पुगेका सुगम पोखरेल, सरोज दत्त आदि कलाकार सम्मिलित अर्को समूह भने दसैं-तिहारपछि मात्र स्वदेश फर्कनेछ ।



सुरोस ब्याण्डको रिमिक्स म्युजिक भिडियो 'बाइरोडको बाटोमा' को छायांकनमा नाच्दै मोडलहरू । तस्विरः फुर्सद डटकम

**सैन्य** पेसामा लागेपछि उमेरमै गीतिएल्बम निकाल्ने रहर पूरा गर्न नपाएका वीरबहादुर थापामगरले ६६ वर्षको उमेरमा आफ्नो त्यो रहर पूरा गरेका छन् । बेलायती सेनाको सिक्स जीआरका सेवानिवृत्त सैनिक थापामगर अवकाशपछि हङकङ आइडी लिएर सपरिवार उतै बसोबास गर्दै आएका थिए । भैरहवाका यी सैनिक गायकको पहिलो एल्बम '६६ वसन्त'को विमोचन मंगलबार राजधानीमा आयोजित एक कार्यक्रममा संगीतसाधक अम्बर गुरुङको हातबाट सम्पन्न भयो । दिनेश सुब्बा, गणेश पराजुली आदिको संगीत रहेको उक्त एल्बमको विमोचन कार्यक्रममा गायक थापामगरले आफ्ना गीत पनि सुनाएका थिए ।

**आमाबाबुको** सहयोगका कारण १६ वर्षे सुमन श्रेष्ठले हालै आफ्नो एकल एल्बम 'शून्यतामा' सार्वजनिक गरेका छन् । गायक श्रेष्ठका बाबु प्रमोद श्रेष्ठको प्रयासमा बजारमा आएको उक्त एल्बममा समाविष्ट एउटा गीत 'बादल भए'मा संगीतकार बिजु बज्रले संगीत दिएका छन् भने बाँकी सातवटा गीतमा गायक श्रेष्ठले नै संगीत भरेका छन् । नेपालका सेलिब्रेटीहरूको संगठनका रूपमा सञ्चालित ग्राफिति सेलिब्रेटी क्लबले हालै गायक श्रेष्ठको एउटा म्युजिक भिडियो निर्माण गरेको छ । यसबीच गायक श्रेष्ठका बाबुले यसअघि सुमन श्रेष्ठ नाम गरेका तीन जना गायकले आ-आफ्ना एकल एल्बम बजारमा ल्याइसकेकाले छोराको नाम परिवर्तन गरिने साप्ताहिकलाई बताए । पहिलो एल्बममै उनको नाम परिवर्तन गरेर सुमन प्रशान्त राख्ने योजना हुँदाहुँदै क्यासेट कभर डिजाइन भै प्रिन्टसमेत भैसकेकाले संभव नभए पनि दोस्रो म्युजिक भिडियोमा भने उनको नाम सुमन प्रशान्त नै राखिएको छ ।

**कलाकार** आफैं नखटिने हो भने अहिलेको प्रतिस्पर्धात्मक संगीतक्षेत्रमा दाम र कला भएर पनि नाम कमाउन मुस्किल मात्र होइन, असम्भव नै छ । यसको एउटा उदाहरण हुन्– मुस्ताङका गायक राजु गौचन । उनले झन्डै छ महिनाअघि काठमाडौं आई सान्त्वना रेकर्ड्सबाट आफ्नो पहिलो एल्बम 'कहाँ छिन् होली ?' सार्वजनिक गरेका थिए । कामविशेषले उनी फेरि मुस्ताङ फर्किए । यसबीच उनले म्युजिक भिडियो निर्देशक आलोक नेम्बाङ्गको टोलीलाई मुस्ताङ्ग झिकाएर एउटा म्युजिक भिडियो पनि निर्माण गरे । म्युजिक भिडियोमा उनले नायिका मेलिना मानन्धरलाई अभिनय गराए । यद्यपि एल्बमले सोचेजति चर्चा पाउन सकेन । नेपाली संगीतक्षेत्रका हस्तीहरू संगीतकार शम्भुजित बाँसकोटा, सचिन सिंह, राजु सिंह, राम थापा आदिको संगीत सुन्न पाइने उक्त एल्बमले आफ्नो अनुपस्थितिका कारण चर्चा पाउन नसकेको गायक गौचनको अनुमान छ । त्यसैले उनी विगत एक महिनादेखि मुस्ताङबाट काठमाडौं झरेका छन् ।

**नेपाली** गायनक्षेत्रमा गायिकाहरूको अभाव रहँदै आएको बताइए पनि विगत एक वर्षयता गायिकाहरूको आगमन बढेको छ । यसबीच नेपाली गायनक्षेत्रमा एउटी अर्की गायिकाको प्रवेश भएको छ । ती गायिका हुन्- शशी रावल । गायिका रावलले आफूलाई गायनक्षेत्रमा प्रवेश हुने एल्बमको शीर्षक अंग्रेजीमा 'इन्ट्रान्स' अर्थात् 'प्रवेश' राखेकी छिन् । गायनमा मात्र नभै संगीत तथा गीत-रचनामा पनि दख्खल राख्ने यी गायिकाले एल्बममा रहेका अधिकांश गीतको रचना तथा संगीत आफैंले भरेकी छिन् । गीत-संगीत क्षेत्रमा लाग्नुअघि प्रशस्त पूर्वतयारी गरेकी यी गायिकाले डोरेमी संगीत पाठशालाबाट गायन/संगीतमा स्नातक गरेकी छिन् भने सांस्कृतिक संस्थानबाट प्राप्त छ महिने गायन छात्रवृत्ति प्रशिक्षण पनि पूरा गरेकी छिन्।

**एक** वर्षअघि एउटै गीतका कारण युवापुस्ता माझ लोकप्रिय भएका गायक जबिकले अन्ततः आफ्नो पहिलो एकल एल्बम 'जिरो किलोमिटर' सार्वजनिक गरेका छन् । 'आँखाभरि आँसु किन' एक मात्र गीत तथा उक्त गीतमा उनले गरेको अभिनयका कारण जबिक निकै चर्चित भए । आफ्नो पहिलो एकल एल्बमबाट प्रशंसकहरूले धेरै आशा गरेकाले उनी हरेक पाइला समझदारीका साथ चाल्दै उक्त एल्बमको तयारीमा जुटेका थिए । यसै साता एल्बम सार्वजनिक गर्दै उनले भने- 'यो एल्बममा मैले कुनै कमी हुन दिएको छैन ।' एल्बमको एउटा गीत 'हिजोआज'को म्युजिक भिडियोमा उनले तीन जना टिनएजर मोडलसँग अभिनय गरेका छन् । उक्त म्युजिक भिडियो हाल चर्चित हुने क्रममा छ ।

## लाइभ सो

-आज शुक्रबार बडादसैंका अवसरमा नयाँ बानेश्वरको सडकमा 'बानेश्वर स्ट्रिट फेस्टिबल'को आयोजना हुँदैछ । बिहान १० बजे आरम्भ हुने उक्त फेस्टिबलमा डिजे निकको डिजेइङ, विभिन्न परिकारको फुड फेस्टिबल, विभिन्न विद्यालय तथा कलेजका छात्र-छात्राहरूको नृत्यका साथै नेपालका चर्चित रक ब्यान्डहरूको कन्सर्ट पनि हुँदैछ । कन्सर्टबाट रविन एन्ड द न्यु रेभुलेसन, एक्सिस, ब्रह्मास्त्रका साथै डेडफाइ, स्याबोटेरस, नैपाल, प्रेतात्मा, पुनन् सान, दीपक महर्जन, युवराज हिङमाङ आदि रक संगीत समूह तथा कलाकारहरूले दिनभरि नयाँ बानेश्वर क्षेत्रलाई संगीतमय तुल्याउनेछन् ।

-आज शुक्रबार र भोलि शनिबार दुई दिन काठमाडौं मलको आयोजनामा 'चंगा चेट' कार्यक्रम हुँदैछ । फुड फेस्टिबलका साथ आयोजना हुने उक्त कार्यक्रम दिउँसो १२ बजेदेखि साँझ पाँच बजेसम्म चल्नेछ भने त्यसपछि त्यहाँ डिजे सेसन हुने भएको छ । 'जोगाऔं हाम्रो परम्परा र संस्कृति' नारासहित केटीएम कार्ड, स्पिन्ज ३६० र हट चिल्लीको सहभागितामा आयोजना हुने उक्त कार्यक्रममा सहभागीहरूलाई टिकटका साथ चंगा पनि उपलब्ध गराइने बताइन्छ ।



## नजिकबाट — अरुण कार्की

| | | |
|---|---|---|
| जन्ममिति | : | ०३२/०८/१५ |
| घरमा बोलाउने नाम | : | अरुण बाबु |
| नामको अर्थ | : | सूर्यको पहिलो किरण |
| परिचय | : | गायक |
| जन्मस्थान | : | यज्ञभूमि-४, धनुषा |
| रुचि | : | गायन |
| प्रकाशित एल्बम | : | पाँचवटा |
| सांगीतिक गुरु | : | सिकाउने र प्रोत्साहन गर्ने सबै |
| नजिकका साथी | : | धेरै छन् |
| मनपर्ने परिकार | : | दाल, भात, तरकारी र अचार |
| मनपर्ने रंग | : | कालो |
| मनपर्ने पहिरन | : | हाफ पाइन्ट, टिसर्ट र चप्पल |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | नौलो स्थान घुम्ने |
| मनपर्ने गीत | : | यो मुटुलाई कसरी सम्झाई बुझाऊँ |
| रिस उठेको बेला | : | कारभित्र ठूलो स्वरमा गीत सुन्दै ड्राइभ गर्ने |
| मनपर्ने आफ्नै बानी | : | तुरुन्त लाग्ने कुरा नखाने |
| पहिलो गीत | : | जे सुकै भन तिमीलाई |
| पहिलो एल्बम | : | डन्ट ब्रेक माई हार्ट |
| पहिलो चर्चित गीत | : | हरपल तिमीले जिउन सिकायौ |
| सबैभन्दा बढी माया | : | आमालाई |
| पहिलो बाजा | : | हार्मोनियम |
| पहिलो प्रेम | : | आमा |
| पहिलो चुम्बन | : | आमालाई |
| पहिलो फोटोसेसन | : | राजीव श्रेष्ठसँग |
| राम्रो बानी | : | सबैसँग मिल्न सक्ने |
| नराम्रो बानी | : | विश्वास गरिहाल्ने |
| गोप्य कुरा | : | भन्दिनँ |

## पोखरामा आधुनिक र लोकभाका

पोखरा- पप गीतमा तात्तिने पोखरा सभागृहको प्रेक्षालयमा गत साता बेग्लै किसिमको रौनक देखिन्थ्यो । पप-रकमा झुम्ने पोखरेली तन्नेरीहरूबीच लोक तथा आधुनिक गीतको मोह पनि कम रहेनछ भन्ने यथार्थता उक्त विविध सांस्कृतिक कार्यक्रमले उजागार गऱ्यो । कार्यक्रममा भाग लिन राजधानीबाट आएका थिए- लोक तथा दोहोरी गायकका हस्तीहरू पूर्ण नेपाली एवं शर्मिला अनि आधुनिक गीतका युवा गायक हेमन्त शर्मा । दिनको ठीक १ बजे चर्चित आधुनिक गायक हेमन्त शर्मा स्टेजमा आउने बित्तिकै दर्सकले जोडदार तालीले स्वागत गरे । माया त यस्तो होस् गीतबाट सुरु भएको उनको प्रस्तुतिमा दर्सकहरू बिस्तारै झुम्न थाले ।

आधुनिक गीतको स्वाद लिएपछि दर्सकहरू लोकभाकामा मच्चिन थाले । राष्ट्रिय तथा लोकगीतमा ख्याति कमाएका पूर्ण नेपालीको गीत सुन्न व्यग्र दर्सकले उनी मञ्चमा आउँदा हार्दिकपूर्वक स्वागत गरे । नेपालीले आफ्नो चर्चित गीत आहा कलिलो तामालाई सोध रामलाई गाउन थाल्दा दर्सकहरू



जुरुक-जुरुक भए । गीतसँगै सबैजना आफू बसेको ठाउँबाट उठेर नाच्न थाले । कतिपयले त स्टेजमै पुगेर कम्मर मर्काए । कार्यक्रमकै दौरान गायक पूर्ण नेपालीले आफनो यो गीतलाई अनुमति नलिई रिमिक्स गरेकोमा दुःखेसोसमेत पोखे ।

कार्यक्रममा शर्मिला गुरुङले पनि आफ्ना चर्चित गीत गाएर दर्सकहरूलाई नचाएकी थिइन् । उक्त अवसरमा स्थानीय कलाकार चोलेन्द्र पौडेल, श्यामसुङ तामाङले पनि गीत प्रस्तुत गरे । कार्यक्रममा गायक हेमन्त शर्मा, पूर्ण नेपाली, शर्मिला गुरुङ, जय कुमार तथा सामसुङ तामाङलाई सम्मान गरिएको थियो ।

– शिव शर्मा

## सन्देश



देव, म तिमीसँग रिसाएको छैन, बरु तिमी नै कुन कारणले रिसाएका हौ, थाहा छैन। रिसाउनु त म पर्ने हो। कारणहरू छन् अनि मनमा कुराहरू पनि छन् तर यी कुराहरू हाम्रो मित्रतादेखि पर छन्। हामीबीचको दुरीलाई घटाउनुपर्ने ठाउँमा तिमी आफै सम्पर्क बाहिर छौ। तिम्रो मनमा सधै सकारात्मक सोच आओस्, सकारात्मक काम गर्न सक अनि आशावादी बन।

**सफल**

हरेस नखानु, तपाईंले नै हरेश खानुभयो भने तपाईंको एम कसरी खुसी रहन सक्छे ? समय र परिस्थितिले तपाईंलाई विदेशी माटोमा पुऱ्याए पनि आफ्नो मातृभूमिलाई नबिर्सनु, छोराको चिन्ता नगर्नु। आफ्नो हेल्थको राम्रो केयर गर्नु। जीवन भनेको भाग्यको खेल हो, तपाईंले चालेका प्रत्येक पाइलामा सफलता मिलोस्।

**एम**

नेपाली विषयमा अध्ययनरत द्वितीय वर्षका साथीहरूलाई आन्तरिक परीक्षामा राम्रो अङ्क ल्याउनका लागि अग्रिम शुभकामना। मैले पढाइ बिगारेकोमा रिसाएका साथीहरूसँग क्षमा माग्दै यो सम्बन्ध सधै सुमधुर रहोस् भन्ने कामना गर्दछु।

**गोथे दाइ**

मैले दुईपल्ट पत्र पठाइसकें। सबैलाई एक-एकपल्ट फोन गरें। मेरो सबै अवस्था बताउँदा पनि सकारात्मक उत्तर आएन। आज अन्तिम पटक मेरो अवस्था नाजुक भैसकेको जानकारी गराउँदै मलाई चिन्नेहरूसँग भेटघाटका लागि अनुरोध गर्दछु।

**राम**

बालकृष्णको जन्मदिन मैले धेरै पछि मात्र थाहा पाएँ। जुन दिन थाहा भयो, त्यसै दिन जन्मदिन मनाउनु भन्ने मेरी हजुरआमाको वचन सम्झँदै उहाँलाई हृदयदेखि नै शुभकामना।

**विजया**

पत्रकारिता विषयमा उच्चअध्ययन सकेकी, कसैलाई नबिझाउने, आफ्नो काममा दत्तचित्त रहने युवतीको म अझै प्रगति भएको हेर्न चाहन्छु। यसलाई चाकडी नसम्झनुहोला।

**एके**

**सूचना**

**विजयादशमी तथा दीपावलीको शुभअवसरमा आफ्ना इस्ट–मित्र तथा मान्यजनहरूलाई शुभकामना सन्देश पठाउन चाहनुहुने महानुभावहरूले आफ्नो सन्देश असोज २७ गतेसम्ममा साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहोला। सन्देशका साथ रु.२० र कुपन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................................................

उमेर : ................................... उचाइ : ...................................

पेसा : ................................... शिक्षा : ...................................

स्वभाव :................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................................वर्ण : ...................................

इमेल : ........................................................................

ठेगाना :........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................................................

........................................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### अर्को जुनी पर्खिरहेछु

प्रिय एस, सर्वप्रथम तिमीलाई अन्तर आत्मादेखि नै शुभकामना। तिमी स्वतन्त्र पन्छी सरी उडेकी चरीलाई यो मुटुको अन्तरकुन्तरमा बाँध्ने चाहना हुँदाहुँदै पनि तिमीले आफ्ना दुवै पखेटा फिँजाई उड्ने प्रयत्न गऱ्यौ। त्यसमा म पखेटाविहीन पक्षीको कुनै गुनासो छैन।

प्रिय एस, मैले तिमीलाई नचाहेर तिमीबाट अलग्गिएको होइन। आज तिम्रो त्यो खाली सिउँदो पराई हातले रंगिए पनि तिमीसँग बिताएका क्षणहरू मेरो मानसपटलमा ताजै छ। तिम्रो पारिवारिक पृष्ठभूमि एवं गहिरो वचनले गर्दा नै मेरो निर्दोष प्रेम अभिसापमा परिणत भयो। तिम्रा रंगीन सपनाहरू सजाउने मेरो प्रबल आकांक्षा तिम्रो खेलसँगै रंगिए। बिहानीको किरणलाई के थाहा ? साँझमा क्षितिज टेक्न नपाउँदै बादलले घुम्टो ओढाउँछ...।

मैले ठूलो आशा, सपना लिएर तिमीमाथि विश्वास गरेको थिएँ। के मेरो माया कम थियो ? ममा के कुराको कमी थियो र तिमीले मलाई यति ठूलो सजायँ दियौ ? खै मलाई त केही गल्ती गरेजस्तो लाग्दैन। बरु तिमी नै सोचेर हेर त...। तिमीले मलाई दुई थुँगा फूलको एउटा माला दिन सकिनौ तर के भो र ?

प्रिय, आज पनि तिम्रो प्रतिविम्ब एवं पत्रको सहारामा जीवन गुजारिरहेको छु। चोटमा रमाउने जिन्दगीमा तिम्रो साथ पाउने भाग्य रहेनछ। मेरो यो चेतनाशून्य शरीर कुनै पनि बेला ढल्न सक्छ यदि बेवारिसे अवस्थामा ढलेछु भने केही चिम्टी माटो आँखा चिम्लिएर मेरो लासमा फ्याँकिदियौ भने मात्र पनि तिमीप्रतिको मेरो प्रेम साकार भएको मान्नेछु। हिजो पनि तिम्रो प्रगतिमा रमाउने म जन्मजन्मान्तर तिम्रो खुसीमा रमाइरहनेछु।

अन्यथा नसोच्नु, तिम्रो दाम्पत्य जीवन धमिलो बनाउन होइन, शुभकामना चढाउन यो पत्र कोरेको हुँ। किनकि तिमी एउटा संसार निर्माण गर्न सफल भएकी छौ। मैले गरेको माया मन्दिरमा चढाइएको प्रसाद थिएन जो सबैलाई बाँड्न सकियोस् तर जे भए पनि प्राण रहेसम्म तिम्रो नाम जप्ने प्रयास गर्नेछु। तिमीबिना मेरो जीवन अधुरो छ। यो जुनीमा तिमी मेरी हुन सकिनौ अर्को जुनीमा पर्खी बस्नेछु।

**–कदम**

### असफल प्रेमी

पहिलो भेटमै मेरो मन उनीतिर

## मेरो प्रेम

आकर्षित भयो। कुरा आजभन्दा केही वर्ष पहिलेको हो। मेरो काकाको घरमा उनको प्रवेश नै मेरो प्रेमको पहिलो यात्रा थियो। उनी बेलाबेलामा काकाको घरमा बस्न आउँथिन्। उनी आएको थाहा पायो कि मेरो मनमा एकप्रकारको हलचल चल्थ्यो। मन रमाएर साह्रै खुसी हुन्थ्यो। उनलाई कतिखेर भेट्ने र कसरी भेट्ने ? म विभिन्न बहाना बनाएर काकाको घरमा पुग्थेँ र उनलाई टाढैबाट हेरेर भए पनि म आफ्नो मन बुझाउँथेँ।

उनी बेलाबेलामा आइरहने र काकाको र मेरो घर पनि त्यति टाढा नभएकाले उनको र मेरो राम्रो चिनजान भयो। हामीबीच सामान्य बोलचालबाहेक अरू केही हुँदैनथ्यो। चट्ट मिलेको जीउडाल र सुन्दर अनुहार भएकी उनी साँच्चै स्वर्गकी परी हुन् जस्तो लाग्थ्यो। म उनलाई एकोहोरो प्रेम गर्न थालेको थिएँ।



केही महिनापछि उनी कक्षा ११ को परीक्षा सकेर केही समयका लागि काकाको घरमा आएकी थिइन्। मैले अब उनीसामु आफ्नो प्रेमको प्रस्ताव राख्ने र प्रेमलाई अघि बढाउने कुरा सोचिरहेको थिएँ। एक दिन म कामविशेषले काकाको घरमा गएको थिएँ। घरमा उनीबाहेक कोही रहेनछन्। उनी फोनमा कुरा गरिरहेकी थिइन्। म भित्र पसेँ र पत्रिका पढेर बैठक कोठामा बसिरहेँ। उनी आफ्नो कुरा सकेर त्यही कोठामा आइन्। यो जस्तो अर्को मौका नआउने लागेर मैले आफ्नो प्रस्ताव राखेँ। उनी कताकता आत्तिँदै र रिसाउँदै मलाई त्यहीं छोडेर अर्को कोठामा गइन् र केही समयपछि आइन्।

त्यसपछि उनले भनिन्- मेरो क्याम्पसमा ब्वायफ्रेन्ड छ, यही हो उसको तस्बिर। उनको त्यो कुरा सुनेपछि म छाँगाबाट खसेजस्तै भएँ। चारैतिर अँध्यारो नै अँध्यारो देख्न थालेँ। केही बोल्न नसकी म त्यहाँबाट फर्केर कोठामा आई रुन थालेँ। भावीले यो कस्तो खेल खेल्यो जीवनमा पहिलोपटक कसैलाई भित्रैदेखि चाहन लागेको थिएँ आज उसैलाई मदेखि धेरै टाढा पुऱ्याइदियो। मैले पहिलोपटक कसैलाई गरेको प्रेम आज असफल भयो। त्यस दिनदेखि उनको र मेरो भेट भएको छैन। उनको नजरमा म सधै दोषी ठहरिए पनि मेरो नजरमा उनी सधैं साथीका रूपमा रहनेछिन्। उनको जीवनले सफलताको शिखर चुमोस्, भगवान्सँग मेरो यही प्रार्थना छ।

**– कमलकृष्ण**

## साप्ताहिक साथी



पत्रकारिता मुख्य विषय लिएर कक्षा १२ मा अध्ययनरत सुवासकुमार श्रेष्ठ १८ वर्षका छन्। ५ फिट ५ इन्च अग्ला सुवास अविवाहित हुन्। मिजासिलो एवं व्यावहारिक ज्ञान भएका सुवास पत्रमित्रता, अध्ययन तथा भ्रमणमा रुचि राख्छन्। गहुँगोरो स्वभावका सुवास भावना र मन मिल्ने, सहयोगी, मिलनसार एवं उनकै स्तरको उमेर तथा शैक्षिक योग्यता भएको साथीको खोजीमा छन। उनलाई subneel_125@yahoo.com तथा पोस्ट बक्स नम्बर ८९७५ मा पत्राचार गर्न सकिन्छ।



दुबईका आबुधावी पुलिस फोर्समा कार्यरत आकाश कोइराला २६ वर्षका छन्। ५ फिट ८ इन्च अग्ला आकाश मिलनसार स्वभावका छन्। उनी हालसम्म अविवाहित छन्। गहुँगोरो वर्णका आकाश मित्रता गाँस्ने कुरालाई ठूलो महत्त्व दिन्छन्। उनी दुःखमा नआत्तिने, सुखमा नमात्तिने साथीको खोजीमा छन्। आकाशलाई ragrise@hotmail.com मा पत्राचार गर्न सकिन्छ।




नयाँ कुराको खोजी गर्ने तथा भ्रमणमा रुचि भएका राजु भण्डारी २१ वर्षका छन्। ५ फिट ५ इन्च अग्ला राजुले एसएलसी उत्तीर्ण गरेका छन्। गहुँगोरो वर्णका राजु जोसिलो र हँसिलो स्वभावका छन्। उनी धनको घमन्ड नगर्ने, सुखमा नमात्तिने तथा सहयोगको भावना राख्ने साथीको खोजीमा छन्। राजु सरकारी जागिरे हुन्। उनलाई कर्मचारी मिलन केन्द्र, पोस्ट बक्स नम्बर ६, सोलुखुम्बु (सल्लेरी-५) मा पत्राचार गर्न सकिन्छ।

# म्याङ्लुङ पर्यटकीय क्षेत्र बन्दैछ

तेऱ्हथुमको सदरमुकाम म्याङ्लुङमा वि.स. २०५९ मंसिर २२ गते बेलुका लागेको आगलागीले मानवीय क्षति नभए पनि लगभग ८५ वटा घरसहित लत्ताकपडा, फर्निचर आदिका साथै सम्पूर्ण सामान जलेर खरानी भएका थिए। यसै क्रममा लगभग २ सय ५० घरपरिवार विस्थापित भए भने लगभग २ अरब बराबरको धनजनको क्षति भएको अनुमान गरिएको थियो। म्याङलुङ बजार हाल पुनःनिर्माणको अन्तिम चरणमा छ।

प्रचलित लोककथाअनुसार धेरै पहिले डाँडाको एक चौतारामा दुई जना ढाक्रे बास बस्न पुगेछन्। रातको समयमा खाना पकाउन ढुङ्गा खोजी चम्का लगाएर खाना पकाउन लाग्दा आगोको तापसँगै उक्त ढुङ्गा काँप्न थाल्यो। उक्त ढुङ्गा निकै तातेपछि काँप्दै लड्न पुग्यो र उनीहरूको खानासमेत पोखियो। रिसको झोकमा उनीहरूले सो ढुङ्गामा तरबार प्रहार गरे, तरबार प्रहारका क्रममा ढुङ्गाबाट म्याउँको आवाज आएको र त्यसबाट रगतसमेत बगेका कारण ढाक्रेहरू डराएछन्। उनीहरूले यो कुरा स्थानीय बासिन्दाहरूलाई सुनाए। उक्त घटना सुनिसकेपछि गाउँलेहरूले अब अनिष्ट हुने भयो भनी सो ढुङ्गालाई बाजागाजासहित हालको म्याङलुङ बजारको मध्यभागमा



रहेको चौताराको वरको रूखको फेदमा स्थापित गरे।

त्यहाँ पूजाआजा गर्ने, भाकल गर्ने र बलि चढाउने चलन अहिले पनि छ। लिम्बू भाषामा ‘म्याउँ’को अर्थ बिरालो र ‘लुङ्ग’को अर्थ ढुङ्गा हुन्छ। तरबार प्रहार गर्दा म्याउँ गरेको ढुङ्गा हुनाले यसलाई ‘म्याउँलुङ’ भनियो। सोही म्याउलुङबाट अपभ्रंश भई म्याङलुङ भएको स्थानीय बूढापाकाहरूको भनाइ छ।

तेऱ्हथुम प्रकृतिक, धार्मिक एवं संस्कृतिक रूपमा निकै धनी मानिन्छ। विशेष गरी किराँत बस्ती रहेको यो जिल्लाको सदरमुकाममा भने नेवार जातिको बाहुल्यता छ। म्याङलुङसम्म कच्ची सडक पुगेको छ। म्याङलुङसम्म धरानबाट १ दिनको बसयात्रामा पुगिन्छ। म्याङलुङ धेरै पहिलेदेखि तेह्रथुम जिल्लाका विभिन्न गाविस तथा पाँचथर, ताप्लेजुङ्ग र संखुवासभाका केही गाविसको व्यापारिक स्थल बन्दै आएको छ। हरेक शुक्रबार म्याङलुङमा हाट लाग्छ। सदरमुकामको छेउमा अवस्थित पाथिभरा मन्दिरले म्याङलुङ बजारको शोभा बढाएको छ। उक्त मन्दिर पुग्न म्याङलुङको मूल सडकदेखि लगभग ४ सय ५० वटा खुड्किला पार गर्नुपर्छ। मन्दिर भएको ठाउँमा मन्दिर मात्र अट्ने लगभग १० मिटर ब्याँसको ठाउँ मात्र छ भने अन्य भाग ओरालो परेको छ। यो मन्दिरको पश्चिमतर्फ जंगल छ।

यहाँको हावापानी मध्यम खालको भएकाले वातावरण रमणीय छ। तेह्रथुमको प्रवेसद्धार वसन्तपुर बजारबाट लसुने हुँदै म्याङलुङसम्म पुग्दा बाटोमा चियाबारी, तीनजुरे, पिँगुवा खोला, शिशिर ऋतुमा लालिगुराँसका ढकमक्क फुलेका रूखहरू साथै कुम्भकर्ण, मकालु हिमालको दृश्यवलोकन, जलजले, ओख्रे, ओयाक्जुङ, जिरिखिम्ती, सिम्ले, पिप्ले, फाक्चामारा र पाँचथरको मनमोहक दृश्यले जो-कसैलाई मोहनी लगाइदिन्छ। त्यसैगरी यो बजारबाट मिल्के, जलजले देउराली लालीगुराँस संरक्षण क्षेत्र, तीनजुरे पहाड, मेन्छ्यामको दृश्यका साथै पाँचथरको फिदिम बजार अत्यन्तै मनमोहक देखिन्छ।

विकासोन्मुख अवस्थामा रहेको म्याङलुङ बजार बिस्तारै पर्यटकीय केन्द्रका रूपमा व्यवस्थित हुँदैछ। यदि जिम्मेवार पक्षबाट पहल हुन सके यो क्षेत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्याति कमाउन सक्ने थियो।

**–भिषा काफ्ले**

# केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ?

सम्पादकज्यू, क्या हो ? फेरि पनि केटी हेर्दै हुनुहुन्छ जस्तो छ नि । आउने मंसिरको लगनगाँठो फुकिएला नि । यो उमेर-सुमेरभन्दा पनि भावी सन्ततिका लागि दुई सन्तान ईश्वरका वरदान सम्झेर मनसँग मन साट्नुहोस् ।

**ए.पी. सुधा**

केटीका लागि २५ वर्ष तथा केटाका लागि ३० वर्ष । किनकि दुवै परिपक्व एवं आफ्नो खुट्टामा आफैं उभिन सक्ने हुनु आवश्यक छ ।

**वैधनाथ कोइराला (२८)**

यति नै हो भनेर किटान गर्न त सकिँदैन । जुन उमेरमा केटाकेटी विवाह गर्न मञ्जुर हुन्छन् त्यही नै उपयुक्त उमेर हो ।

**नारायण कुँवर (१७), तानसेन, पाल्पा**

केटी २०-२२ तथा केटा २०-२५, किनकि त्यति बेलासम्म आफ्नो भविष्यका बारेमा पनि सोच्न सक्ने भैसकेका हुन्छन् र ठीक-बेठीक पनि छुट्याउन सक्छन् ।

**करविर उदासी (१९), रुकुम**

सरकारबाट स्वीकृत उमेर २१ वर्ष तथा १८ वर्ष हो तर पनि २१ वर्षको उमेरसम्म कोही पनि व्यावहारिक अनि सबै पक्षबाट सक्षम भैसकेको हुँदैन । त्यसैले पनि मलाई लाग्छ कमसेकम पनि केटाको उमेर ३० र केटीको उमेर २५ वर्ष उचित हो ।

**विष्णु भुसाल (२३), पाल्पा**

क्या हो सम्पादकज्यू, कतै अर्की ल्याउने सुर त कस्नुभएको होइन ? यदि त्यस्तै हो भने चाल्नुस् कदम । उमेरले केही फरक पार्दैन, जहाँ इच्छा त्यहीं उपाय कि कसो ?

**प्रतिमा श्रेष्ठ (२०), कुँडहर, पोखरा**

२० देखि २५ वर्षसम्म । नत्र त के जाति प्रधानमन्त्री र चलचित्रको नायकको हालत हुन्छ ।

**लीला लामा, रंगपुर-५, रौतहट**

आत्मनिर्णय गर्नसक्ने तथा जीवन र भविष्यप्रति जिम्मेवार हुनसक्ने आत्मविश्वास भएपछिको उमेर विवाहका लागि उचित हो ।

**अमृत मगर, पाल्पा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. दसैं र तिहारको परम्परालाई समय सुहाउँदो बनाउन के गर्नु पर्ला ?
२. बुद्धि ठूलो कि बल ? किन ?
३. देशभक्ति के हो ?
४. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
५. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
६. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
७. प्रेममा धोका हुने कारण के हो ?
८. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
९. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
१०. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
११. युवतीहरू किन शिलम बन्न खोज्छन् ?



विवाह भन्ने कुरा उमेर छँदै गर्नुपर्छ । बूढो हुन लागेपछि विवाह गरेर के गर्नु छोराछोरीले पाल्ने बेलामा आफैंले छोराछोरीको स्याहार गर्नुपर्छ ।

**सन्तोष गौतम (२२), सर्लाही**

मेरो विचारमा चाँडै गर्नुहुँदैन । किनभने पछि आफू बूढो भए काम लगाउन सकिन्छ ।

**चूडामणि पाण्डे, घोराही, दाङ**

किन यस्तो प्रश्न राख्दै हुनुहुन्छ सम्पादकज्यू ? अब त तपाईंको विवाह गर्ने उमेर ढल्केन र ? यदि विवाह नै गर्ने मन छ भने मानिस बूढो भए पनि मन त बूढो हुँदैन नि । बाँकी कुरा तपाईं आफैं बुझ्नुहोस् ।

**पी. श्रेष्ठ (२०), पोखरा**

मेरो विचारमा ३०-३५ वर्ष हो । किनभने पुरुष हुन् कि महिला, ३०-३५ वर्षसम्ममा आफ्नो खुट्टामा आफैं उभिन सक्ने हुन्छ ।

**जीवन लिम्बू, इटहरी, सुनसरी**

---

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २० वर्षीय अविवाहित युवक हुँ । मेरो हालसम्म कसैसँग पनि संसर्ग भएको छैन । तीन वर्षअघि ल्याब असिस्टेन्ट पढ्दा semen analysis गर्दा count जम्मा ३ करोड २० लाख प्रतिमिलि थियो तर sperm भने ४५ प्रतिशत active थियो । मलाई चिन्ता लागिरहेछ, किनकि count low भयो । फेरि मेरो २ महिनाअघिदेखि testess मुनिका नसाहरू फुलेका छन् । चिकित्सकलाई देखाउँदा समस्या होइन भन्छन् । फेरि दुख्दा पनि दुख्दैन । मेरो लिंग पनि बांगो छ । कसरी यस्तो हुन्छ ? मैले कसरी यी समस्याबाट मुक्ति पाउन सक्छु ? साथै count low हुनुको कारण बताइदिनुहोला ।**

**– सु.**

**उत्तर:** हालसम्म यौन सम्पर्क नै नगरी बस्नुभएको रहेछ । यसो गर्नाले तपाईं यौनरोग वा अनिच्छित गर्भबाट हुने कतिपय समस्याबाट मुक्त हुनुहुन्छ ।

**शुक्रकीटको संख्या कम भएकै हो ?**

पुरुषको यौन उत्तेजनालाई निरन्तरता दिन सके यौन प्रतिक्रिया चक्रको तेस्रो चरणमा चरमसुख (orgasm) पाउने हाराहारीमा लिङ्गबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ जसलाई वीर्य (semen) भनिन्छ । यही वीर्यमा नै शुक्रकीट (sperms) हुन्छन् । परिपक्व शुक्रकीटको संरचना केही जटिल भए पनि सरलरूपमा भन्नुपर्दा अगाडिपट्टिको अण्डाकार तर थेप्चो भागलाई 'टाउको' भनिन्छ जसको लम्बाइ ४-५ माइक्रोन (एक माइक्रोन भन्नाले एक मिलिमिटरको एक हजारवाँ भाग बुझिन्छ) हुन्छ । बीचको नली आकारको भाग (middle piece) लाई 'घाँटी (neck)' ले जोडेको हुन्छ भने पछिल्तिर पातलो पुच्छर हुन्छ । तपाईंलाई थाहै होला, वीर्यमा पाइने शुक्रकीटको उत्पादन अण्डकोषमा हुन्छ । अण्डकोषमा अति नै मसिना नली आकारका गुजुल्टिएको (coiled) अवस्थामा भएका seminiferous tubles भनिने अवयवमा शुक्रकीट बन्ने प्रतिक्रिया चलिरहन्छ । महिलाहरूको कुरा फरक भए पनि पुरुषहरूमा किशोरावस्था वीर्य बन्ने तथा शुक्रकीटको उत्पादन हुने प्रक्रिया सुरु भएपछि सामान्य अवस्थामा जीवन पर्यन्त निरन्तर रूपमा चलिरहन्छ ।

एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलि (५ मिलि भन्नाले १ चियाचम्चा जति) वीर्य निस्कन्छ । वीर्यमा हुने शुक्रकीटको संख्या सधैं एकनास नहुन सक्छ । शुक्रकीटको संख्या ४ देखि १२ करोड प्रतिमिलिसम्म हुनुलाई सामान्य मानिन्छ । हामीले देख्ने वीर्यको सानो अंशमात्रै शुक्रकीटको मात्राले ओगटेको हुन्छ । शुक्रकीट निकै साना हुन्छन् । प्रयोगशालामा सूक्ष्मदर्शक यन्त्रको मद्धतले यसको परीक्षण गरिन्छ भन्ने त तपाईंले थाहा पाइनै सक्नुभएको होला ।

**oligo(zoo) spermia**

सामान्यभन्दा कम संख्यामा शुक्रकीट हुनुलाई संख्या कम भएको भन्न सकिए पनि चिकित्सकीय दृष्टिकोणले अर्थात् शुक्रकीट कम भएको भन्न प्रतिमिलि २ करोडभन्दा कम शुक्रकीट हुनुपर्छ । अहिले त २ करोडसम्मलाई सामान्य भन्न थालिएको छ । त्यसैले तपाईंको शुक्रकीटको संख्यालाई कम भनिहाल्न मिलेन । क्रियाशीलता केही कम देखिए पनि तपाईंले वीर्य परीक्षणका अन्य कुरा लेख्नुभएको छैन । पुनः एक पल्ट सबै विधि पुऱ्याएर परीक्षण गराएपछि पनि समस्या देखिए यस विषयमा चर्चा गर्नु मनासिब होला । अहिले नै अनावश्यक पिर नलिनुभए हुन्छ ।

**शुक्रकीटको संख्यामा कमी आउने कारण**

शुक्रकीटको संख्यामा कमी हुनु वा यसको गतिशीलता, स्वरूप इत्यादिमा प्रभाव पर्ने अनेक कुरा हुन सक्छन् । अब यही विषयमा संक्षिप्त चर्चा गरौं ।

भावनात्मक तनाव, यौन क्रियाकलापमा भएका समस्या, लिङ्ग उत्तेजनाका समस्या अनि कण्डममा भएका रसायनले केही समयका लागि कम संख्यामा शुक्रकीट भएको देखिन सक्छ । अण्डकोष लामो समयसम्म तातो वातावरणमा भए शुक्रकीटको उत्पादनमा नै कमी हुन्छ । त्यसै गरी कोकिन वा अन्य केही लागू पदार्थले पनि शुक्रकीटको संख्या तथा गुणस्तरमा कमी ल्याउँछन् । धूम्रपान शुक्रकीट कम हुने अर्को कारण हो । भिटामिन सी, सेलेनियम, जिङ्क वा फोलेट जस्ता कुराको कमी पनि यसको कारण हो भने धेरै समयसम्म निरन्तर साइकल हाँक्नु पनि यसको कारण बन्न सक्छ । धेरै मोटो हुनुको प्रभाव पनि यस्तै हुन्छ भन्ने कुरा केही अध्ययनले देखाएको छ । केही वंशाणुगत रोगले पनि यस्तो हुनसक्छ ।

त्यसैगरी वातावरणीय प्रदूषण, lead, cadmium वा arsenic को दीर्घकालीन सम्पर्कले शुक्रकीट पनि उत्पादनमा नकारात्मक प्रभाव पर्न सक्छ । विकिरण (एक्स रे वा अन्य) ले पनि शुक्रकीटको उत्पादनमा नकारात्मक असर पार्छ । पर्याप्त मात्रा स्खलन नभएको स्थितिमा पनि शुक्रकीटको पूर्ण संख्यामा कमी हुनसक्छ ।

Varicocele हुनुलाई पनि यसको कारण मानिन्छ । तपाईंले नसा फुलेको कुरा गर्नुभएको छ तर थप जानकारी नदिनुभएकाले यसै भन्न नसकिए पनि यो हो वा होइन, ल्याब्रोटरी टेस्ट गरेर निर्क्योल गर्नुवेश हुन्छ ।

**केटीसँग बस्दा उत्तेजित हुने कुरा**

तपाईंको अण्डकोषले पुरुष हार्मोन पनि राम्रैसँग उत्पादन गरिरहेको बुझिन्छ । यसरी विपरीत लिङ्गीसँग बस्दा उत्तेजित हुनु एक किसिमको 'यौन अनुभव' हो । यौन अनुभवका लागि प्रत्यक्ष यौनसम्पर्क नै हुनुपर्छ भन्ने छैन । यसरी उत्तेजित हुनु सामान्य हो र यसमा नराम्रो केही छैन । केही मात्रामा लिङ्ग बाङ्गो हुनु पनि सामान्य कुरा हो र यसले यौन सम्पर्कमा कुनै नकारात्मक असर पार्दैन । अनावश्यक रूपमा चिन्ता नगर्नुभए हुन्छ ।

---

# यौन जीवनमा पहिलो चुम्बनको महत्व

आफ्नो श्रीमान् वा प्रेमीको पहिलो चुम्बनलाई अधिकांश महिलाले आफ्नो जीवनको महत्त्वपूर्ण पक्षका रूपमा लिन्छन् । सम्भवतः यसकै आधारमा आपसी सम्बन्धले हुर्कने-मौलाउने तथा अघि बढ्ने अवसर पाउँछ । त्यसैले पहिलो चुम्बनको अर्थ र महत्त्व उत्तिकै रहन्छ । प्रेम सम्बन्धका लागि आवश्यक वातावरण-

**एकान्त**

पहिलो चुम्बनका लागि प्रेमिका वा पत्नी एकान्त स्थानमा हुनु पहिलो आवश्यकता हो । जीवनको पहिलो चुम्बन जीवनभर मीठो सम्झनाका रूपमा रहने भएकाले त्यहाँ दुईजना बाहेक अरू उपस्थित हुनु हुँदैन । यदि कुनै रेष्टुराँ, क्लब वा अन्य त्यस्तै भीड भएको स्थानमा हुनुहुन्छ र तपाईंलाई लाग्छ तपाईंकी प्रियतमा तपाईंसित एकान्तमा अन्तरंग क्षण बिताउन चाहन्छिन् भने उनलाई कतै एकान्त स्थानमा लानु उत्तम हुन्छ । सम्भवतः पहिलो चुम्बनको तयारी यसैबाट हुन सक्छ ।

**राम्रो स्वास**

पहिलो चुम्बनको अवसरलाई आफ्नो स्वासको दुर्गन्धका कारण होस् वा चुरोट, रक्सी आदिको सेवन वा बढी चिल्लो, पिरोका साथै प्याज-लसुन खाएका कारण नगुमाउनुहोस् । पहिलो चुम्बनको अवसरमा उल्लेखित कुरा सेवन नगर्नु नै उपयुक्त हुन्छ । आफ्नो साथमा कुनै राम्रो खालको चुइङ्गम वा माउथ फ्रेसनर राख्नुहोस् ।

**सही समयको चिनारी**

पहिलो चुम्बनका लागि उचित समय पहिचान गर्न जरुरी छ । रोमान्टिक कुराकानीका क्रममा यदि अचानक कुराकानी बन्द हुन्छ तपाईंको आँखा तपाईंकी प्रियतमाको आँखासित जुध्न पुग्छ । आँखाको भाकाबाट चाहना प्रस्फुटित हुन थाल्छ र दुवैको आँखाले एक अर्कालाई एकनासले हेरिरहन्छ तथा नजरबाट दुवैमा आकर्षण एवं सम्मोहन उत्पन्न हुन्छ भने त्यस्तो समय पहिलो चुम्बनका लागि उचित समय हो तर पहल तपाईंबाटै हुनुपर्छ ।

**अनुमति माग्ने**

चुम्बनका लागि अनुमति माग्नु मूर्खता हो । महिलाको नजरमा यसो गर्नु कायरता हो, तपाईंको आत्मविश्वासको कमी हो । त्यसैले सही समयका आधारमा चुम्बनका लागि पहल गर्नुहोस् तर हतार गर्नु भने बुद्धिमानी होइन । चुम्बनका लागि उनी तयार छिन् अर्थात् उनमा चाहना छ-छैन बुझ्नुपर्छ । यो कुरा शारीरिक हाउभाउबाट बुझ्न सकिन्छ । यदि उनको शरीर तपाईंतिर झुकेको छ, तपाईंको शरीरमै टाँसिएको छ, तपाईंको शरीरलाई छोएर विशेषः तपाईंको छाती, गाला, चिउँडो, कान छोएर उनी मुस्कुराइरहेकी छिन्, उनी आफ्नो ओठ विस्तारै टोक्दैछिन् वा आफ्नो केश चलाइरहेकी छिन् भने धेरै हदसम्म उनले चुम्बनका लागि तपाईंलाई इसारा गरिरहेकी हुन सक्छिन् ।



**सहजता अँगाल्ने**

पहिलो चुम्बनका बखत धैर्यता अपनाउनुहोस् । त्यो क्षणलाई सकेसम्म लम्ब्याउने प्रयत्न गर्नुहोस् । समय स्लो मोसनमा गुज्रिरहेको जस्तो अनुभूति गराउनुहोस् । हतार गर्दा आफ्नो छवि बिग्रन सक्छ र त्यो रोमान्टिक क्षण बिथोलिने सम्भावना रहन्छ । आफू पनि सहज रहनुहोस् र आफ्नी प्रियतमलाई पनि सहजता महसुस गराउनुहोस् ।

**स्पर्शलाई प्राथमिकता दिने**

चुम्बनका बखत शारीरिक स्पर्शको महत्त्व उत्तिकै हुन्छ । यसले अनुभूतिलाई अझ रोमान्टिक बनाउँछ नै साथै चुम्बनको उन्मादलाई पनि बढाउँछ । चुम्बन गर्नुपूर्व आफ्नी प्रियतमाको शरीरलाई विस्तारै छुनुहोस् । आफ्नो हातलाई उनको हिपमा राख्नुहोस् वा कम्मरलाई बाँध्नुहोस् र विस्तारै आफूतिर तान्नुहोस् । त्यसपछि आफ्ना हातका औंलाको सहाराले उनको केशलाई चलाउनुहोस् र विस्तारै उनको मुहारलाई आफ्नो दुवै हत्केलामा थामेर आफू नजिक ल्याउँदै मन्द गतिले उनको गालालाई चुम्दै ओठतर्फ आफ्नो चुम्बनको मार्ग प्रसस्त गर्नुहोस् । चुम्बनका क्रममा आफ्नी प्रियतमाको शरीरलाई सुमसुम्याउने क्रियालाई निरन्तरता दिनुहोस् ।

**आँखा बन्द गर्ने**

चुम्बनका क्रममा आफ्नो आँखा बन्द गर्नुपर्छ । आँखा खोलेरै चुम्बन गरिएको कुरा यदि प्रियतमाले चाल पाए तपाईं चुम्बनमा पूर्णरूपले समर्पित नभएको अनुभव उनलाई हुनसक्छ । यसले आत्मविश्वासको कमी, सुरक्षा भावको कमी आदिको अर्थ पनि लाग्न सक्छ । चुम्बनको आनन्द उठाउन आँखा बन्द गर्नु नै राम्रो हुन्छ । यसो गर्नाले एक-अर्काप्रति विश्वास, समर्पण र चाहना अझ बढ्न सक्छ ।

**फस्ट किस र अन्य कुरा**

यौन संसर्गका बखतको चुम्बन र पहिलो चुम्बन फरक-फरक भएकाले यसमा पर्याप्त सावधानी अपनाउनुपर्छ । फस्ट किसका बखत आफ्नी प्रियतमा सुतिरहेकी छिन् र उनलाई डिस्टर्भ नगरी चुम्बन गर्दै हुनुहुन्छ भन्ने अनुभव तपाईंले गर्न सके फस्ट किस अविस्मरणीय बन्न सक्छ । त्यसैले ओठले उनको ओठलाई हल्का दबाब मात्र दिनुपर्छ । उनमा रोमाञ्चकता जगाउने प्रयास मन्द गतिमा हुनुपर्छ नकि अलार्म घडीको जस्तो अप्रत्यासित र जोसिलो । आफ्नो ओठका साथै जिब्रोलाई पनि नियन्त्रणमा राख्नु आवश्यक हुन्छ । समग्रमा धैर्यता, नियन्त्रण एवं मन्द गतिमा रोमाञ्चकता जगाउँदै आनन्दको सरोबरमा आपसी सम्बन्धलाई अझ सुमधुर बनाउन पहिलो चुम्बनलाई आधार बनाउने प्रयास पुरुषबाटै हुनुपर्छ ।

**–रोजिन शाक्य**

## ज्ञान विज्ञान

### ल्यापटपको असर



बेलायतमा हालै गरिएको एक सर्वेक्षणले भुइँमा, बिछ्यौनामा वा आफ्नो काखमा राखेर ल्यापटप कम्प्युटर चलाउने व्यक्तिको घाँटी, काँध र नाडीमा गम्भीर असर पुग्ने सम्भावना रहेको देखाएको छ। लन्डनस्थित युनिभर्सिटी कलेजले गरेको उक्त सर्वेक्षणमा सहभागी प्रत्येक पाँचमध्ये एक जनालाई घाँटी र काँधमा समस्या देखिएको थियो भने १६ प्रतिशतलाई नाडीमा समस्या देखिएको थियो। यसैगरी १५ प्रतिशतमा ढाड दुख्ने समस्या देखिएको छ। सर्वेक्षणमा सहभागी व्यक्तिहरू हरेक दिन औसत साढे पाँच घन्टा ल्यापटपमा बिताउँथे।

### विद्यालयमा भिडियो

भिडियो गेमले केटाकेटीलाई बिगार्छ भन्ने सोचाइका विपरीत जापानी विद्यार्थीहरूमा भिडियो गेमप्रति आकर्षण बढेको छ। जापानको राजधानी टोकियोका केही विद्यालयमा भिडियो गेमका लागि अतिरिक्त समय मिलाइएपछि विद्यार्थीहरूले पठनपाठनमा बढी ध्यान दिएको बताइएको छ। भिडियो गेमप्रति युवा विद्यार्थीहरूको आर्कणण बढेको प्रमाणित भएपछि जापान सरकारले सोही अनुरूपको शैक्षिक कार्यक्रम




तयार गर्न लागेको छ। भिडियो गेमका कारण विद्यार्थीहरू पढाइतर्फ आकर्षित भएकोमा यो प्रविधि अरू विद्यालयका लागि पनि अनुकरणीय बताइएको छ। कक्षाको पढाइपछि भिडियो गेममा रम्न पाइने भएकाले विद्यार्थीहरू छिटोछरितो भएका छन्।

### मातृभाषाको अस्तित्व

विश्वका मातृभाषाहरू द्रुत गतिमा लोप भैरहेकाले पृथ्वीमा प्राकृतिक ज्ञानको भण्डार रित्तिने सम्भावना रहेको नेसनल जियोग्राफिकको एक अध्ययनले देखाएको छ। उक्त अध्ययनले विश्वव्यापी पाँचवटा 'हट स्पट्स' को समेत पहिचान गरेको छ जहाँ पृथ्वीको कुनै पनि क्षेत्रमा भन्दा द्रुत गतिमा मातृभाषाहरू लोप भैरहेका छन्। पहिचान गरिएका ती 'हट स्पट्स' मा पूर्वी साइबेरिया, उत्तरी अस्ट्रेलिया, मध्यदक्षिण अमेरिका, अमेरिकी राज्य ओक्लाहोमा र युएस प्यासिफिक नर्थवेस्ट छन्। अनुसन्धानमा संलग्न भाषाविज्ञानका प्राध्यापक डेबिड ह्यारिसनका अनुसार विश्वका कुल सात हजार भाषामध्ये आधाभन्दा बढी यसै शताब्दीको अन्त्यसम्ममा लोप भैसक्नेछन्। भाषाहरूको लोप हुने क्रम तीव्र भएकाले प्राकृतिक वातावरण, जीव एवं पर्यावरण क्षेत्रको मानवीय ज्ञान पनि संकटमा पार्दै गएको छ।

## जानकारी

### मुटुरोगका लागि माकुराको विष



टारान्टुला स्पाइडर नामक एक प्रकारको माकुराको विषबाट मुटुको उपचारमा सहयोग पुग्ने कुरा पत्ता लागेको छ। अस्ट्रियल फाइब्रिसन भन्ने अवस्थामा पुगेको मुटुलाई सामान्य अवस्थामा ल्याउन उक्त विषले सहयोग गर्छ। यो अवस्थामा पुगे मुटुको धड्कन सामान्यभन्दा कम हुन्छ। यसपछि रगत जम्ने र तैरिने गर्न थाल्छ। बिस्तारै कठिन अवस्थामा पुगेर स्ट्रोक हुने अनुमान गरिएको छ।

## जन्मदिनको शुभकामना



आश्का रौनियार २०६२ असोज २५ | कुशल बस्नेत २०६२ असोज २५ | सौरभ साह २०५८ असोज २६ | रोनिस महर्जन २०६१ असोज २७



नदिना श्रेष्ठ २०६१ असोज ३० | सुनिता लोहनी २०५८ असोज २९ | परिचय आचार्य २०६० असोज २९ | स्नेहा गजुरेल २०६१ असोज २७

कुपन

### जन्मदिनको शुभकामना

नाम :.............................................

जन्म मिति :.............................................

स्कुल :.............................................

ठेगाना : .............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## ब्याक्टेरियाले जीवन छोट्याउँदैन

ब्याक्टेरियाले मानिसलाई छिट्टै मृत्युतिर धकेल्छ भन्ने मान्यतामाथि प्रश्न उठाउँदै एक अनुसन्धानले रोगविरोधी खोपको व्यापकताले मानिसको औसत आयु बढाउँदैन भन्ने संकेत गरेको छ। प्रतिरक्षा प्रणालीलाई उत्प्रेरित गर्ने मित्र ब्याक्टेरियाले समेत आधारभूत ऊर्जाको दोहन गरेर बुढ्यौलीतर्फ धकेल्ने विश्वास गरिएको छ। उक्त अध्ययनलाई युनिभर्सिटी अफ साउथर्न क्यालिफोर्नियाले हालै सार्वजनिक गरेको हो। यदि ब्याक्टेरियाले आयु छोट्याउँदैन भने केले छोट्याउँछ त ? पाचन र अन्य क्रियाका लागि ब्याक्टेरिया आवश्यक हुने ठूला प्राणीमा आफ्नो प्रयोग प्रतिविम्बित हुन नसकेको अनुसन्धानकर्ता स्वीकार गर्छन्।

यो सन्दर्भमा झिँगामा गरिएको अनुसन्धान मानिसको बुढ्यौलीको अध्ययनका लागि महत्त्वपूर्ण हुने बताइएको छ। प्रतिरोध प्रणालीले ब्याक्टेरियाप्रति जनाउने प्रतिक्रिया मानिस र झिँगा दुवैमा एकै प्रकारको हुन्छ र दुवै प्रजातिको उमेर बढ्दै जाँदा यो क्षमतामा क्रमश ह्रास आउँछ। अनुसन्धानप्रमुख डा. स्टेभेन फिन्केल भन्छन्- 'धेरै मानिस बुढ्यौलीसँगै ब्याक्टेरियाको मात्रा बढे बेफाइदा हुन्छ भन्ने कुरामा विश्वास गर्छन्, तर यो नहुन पनि सक्छ।

अनुसन्धानकर्ताले सामान्य ठाउँमा हुर्काइएको झिँगाको जीवन र एन्टिबायोटिकमा अन्डा पखाली, ब्याक्टेरिया नभएको वातावरणमा स्वच्छ खानेकुरा दिई हुर्काइएको झिँगाको जीवन दाँजेर अनुसन्धान गरेका थिए। दुई ठाउँमा राखिएको झिँगाको नमुना लिँदा ब्याक्टेरिया नभएको ठाउँमा राखिएको झिँगा र प्रौढ हुँदासमेत ब्याक्टेरिया भएको सामान्य ठाउँको झिँगा दुवैमा उमेरसँगै नाटकीय रूपमा ब्याक्टेरियाको संख्या बढेको पाइएको थियो।

## बढ्दो तापक्रमको असर

विश्वको बढ्दो तापक्रम (ग्लोबल वार्मिङ) का कारण हिमाली क्षेत्रको प्राकृतिक प्रणालीमा नकारात्मक असर पर्न थालेको छ। तापक्रम वृद्धिले वन्यजन्तुको वासस्थानमा समेत असर पर्छ। जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा पछिल्ला वर्षमा देखापर्न थालेको हो। जलवायु परिवर्तका साथै पृथ्वी तातिँदै जाने क्रम पनि बढेकाले नेपालका करिब ४० वटा हिमताल खतरामा परेका छन्।

तीमध्ये २६ वटा हिमताल फुट्ने अवस्थामै पुगिसकेको निष्कर्ष संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युनेप) तथा एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) को एक अध्ययनले देखाएको छ। तीमध्ये १३ वटा हिमताल सगरमाथा राष्ट्रिय निकुञ्जभित्र छन्। युनेप तथा इसिमोडका अनुसार नेपालमा ३ हजार दुई सय ५२ हिमनदी र २ हजार ३ सय २३ हिमताल छन्। उक्त अध्ययन अनुसार सन् १९७० देखि १९८९ सम्म खुम्बु क्षेत्रका हिमनदी ३० देखि ६० मिटरका दरले घटदै गएको छ। त्यसैगरी धौलागिरी क्षेत्रको रिका सम्भा हिमनदी प्रतिवर्ष १० मिटरका दरले घट्दै गएको छ।

## साप्ताहिक रंग भर प्रतियोगिता - १०



**प्रतियोगीको नाम :**

**कक्षा :**


**विद्यालयको नाम :**

माथि दिइएको चित्र बडादसैंका अवसरमा चंगा उडाइरहेको र पिङ खेलिरहेको दृश्यको हो। यस्तो दृश्य अहिले हाम्रा गाउँ-घरमा सामान्य मानिन्छन्। दसैंका बेला चंगा उडाउनु र पिङ खेल्नु हाम्रो सामाजिक परम्पराको अभिन्न अंग भैसकेको छ। यसपालिको दसैंमा पनि यस्ता दृश्यहरू देखिनेछन् भन्ने आशा हामीले गरेका छौं। उपरोक्त चित्रमा सुहाउँदो रंग भर्ने जिम्मा बालबालिकालाई नै।

**नियमहरू :**

१. यो प्रतियोगितामा कक्षा ५ देखि १० सम्मका भाइ-बहिनीहरूले भाग लिन सक्नेछन्।
२. पुरस्कृत चित्र साप्ताहिकमा प्रतियोगीको तस्बिरसहित प्रकाशित हुनेछ।
३. प्रतियोगीले आफ्नो नाम, विद्यालयको नाम, कक्षा, उमेरसहित रंगीन तस्बिर पनि पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



## चिनियाँहरूलाई नामको अभाव



एक सयवटा मात्र थर भएको चीनमा जनसंख्या बढ्दै गएका कारण बालबालिकाका लागि नामको अभाव देखिएको छ। थर दोहोरिएका कारण देखिएको द्विविधा हटाउन सरकारले नयाँ कानुन मस्यौदा तयार गरेको छ। वर्तमान कानुनअनुसार चिनियाँ बालबालिकाले आमा वा बाबुको थर मात्र लेख्न पाउने व्यवस्था छ। यसका कारण हाल चीनमा ९ करोड ३० लाख मानिसको थर वाङ छ। १ अर्ब १३ करोड जनसंख्या भएको चीनका ८५ प्रतिशत मानिसले १ सयवटा थरमा मात्र सीमित हुनुपरेको छ। सर्वेक्षणअनुसार चीनमा ९ करोड २० लाखले ली थर लेखेका छन् भने ८ करोड ८० लाखले झाङ थर लेखेका छन्। बाँकी २ करोड मानिसले चेन, झओउ तथा लिन आदि सातवटा थर लेख्दै आएका छन्। चाइनिज एकेडेमी अफ साइन्सेजले सार्वजनिक गरेको अर्को प्रतिवेदनअनुसार १ लाख चिनियाँले लोकप्रिय वाङ ताओ थर लेख्दै आएका छन्।

# रंगारंग कार्यक्रमहरूसहितको दसैं उत्सव



विविध मनोरञ्जनात्मक कार्यक्रमहरू सहित यसपालिको दसैं सुरु भएको छ । खासगरेर युवापुस्तालाई लक्षित गरी राजधानीका प्रमुख स्थानहरूमा गरिने फेसन सो, दोहोरी गीत प्रतियोगिता, डान्स र कन्सर्ट, बाल मनोरञ्जन, तारो हान्नेजस्ता सांगितिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू यस पटकको उत्सवमा समावेश छन् । यसैगरी बजारमा यति बेला व्यापारीहरू उपभोक्ताहरूले वर्षभरि दु:ख गरेर कमाएको पैसा तान्न तँछाड मछाड गरिरहेका छन् । सडकदेखि ठूल्ठूला डिपार्टमेन्टल स्टोरका व्यापारीहरू नयाँ-नया- अफर, उपहार, किस्ताबन्दी, बृहत् सेलमा छुट योजनाहरू लिएर उपभोक्ताहरूलाई आकर्षित गर्न तल्लीन छन् । यतिबेला उच्चवर्गीय ग्राहकहरूका लागि डिपार्टमेन्टल स्टोरहरू आकर्षणको केन्द्रविन्दु बनेका छन् भने गरिब उपभोक्ताहरूका लागि फुटपाथ उपयुक्त बजार बन्न पुगेको छ ।

डिपार्टमेन्टल स्टोर तथा सुपरमार्केटहरूले उपभोक्तालाई आकर्षित गर्न सामानहरू सेलमा राख्ने, विशेष छुटको व्यवस्था गर्ने, धेरै सामान किन्दा वा निश्चित रकमभन्दा बढीको सामान किन्दा दुईमा एक फ्रि वा निश्चित प्रतिशतसम्म छुट दिने व्यवस्था गरेका छन् भने खुला सडकमा व्यापार गर्नेहरूले आफ्नै किसिमको शैली अपनाएको देखिन्छ । सबैले सामानहरू बेच्न नयाँ-नयाँ उपाय अवलम्बन गरेका छन् ।

अन्य समयमा सुपरमार्केट र डिपार्टमेन्टल स्टोरको व्यापार राम्रो हुने त छँदैछ तर दसैंको मौकामा सडक व्यापारले समेत महत्त्व पाउँछ । व्यापारीहरूले सडकमा सामान बेच्दा भाडा तिर्नु नपर्ने हुनाले सामान सस्तो बेच्ने र उपभोक्ताले पनि सहज र सस्तो मूल्यमा पाउने भएकाले मध्यम तथा गरिब उपभोक्ताहरूलाई सडक व्यापारले लोभ्याउने गरेको छ । सस्तोको नाममा कमसल तथा सेकेण्ड ह्याण्ड सामान नै पाइन्छ भन्ने धारण गलत छ । किनभने सडकमा सस्तो र स्तरीय सामान पनि पाइन्छ- पुरानो बसपार्क वरिपरिका सडकमा व्यापार गर्ने रोशन कार्की बताउँछन् ।

उता दसैंको मौकामा बढीभन्दा बढी सामानको व्यापार गर्न डिपार्टमेन्टल स्टोरहरूले छुट्टै र विशेष खालको कार्यक्रम सञ्चालन गरी उपभोक्ता लोभ्याउने प्रयास गरेको देखिन्छ । स्टोर खाली गर्न र बजारमा चलेका नयाँ डिजाइनका पोशाकहरू भित्र्याउन सामानहरू सेलमा राखेर बिक्री गर्ने, त्यस्ता सामान र परिधानहरूमा निश्चित प्रतिशतसम्म छुटको व्यवस्था गर्नेजस्ता उपाय अवलम्बन गरी बढीभन्दा बढी उपभोक्तालाई आकर्षित गरिएको पाइन्छ ।

डिपार्टमेन्टल स्टोरहरूको विशेषता के छ भने नुनदेखि सुनसम्मका सामान एउटै छानामुनि उपलब्ध गराइएको हुन्छ । यिनले खाद्यान्न, लत्ताकपडा, रेडिमेड पोशाक, विभिन्न आधुनिक घरायसी र भान्साका सामानहरू, कस्मेटिक उत्पादनहरू, बाथरुमका सामानहरू, इलेक्ट्रोनिक सामानहरू, सञ्चार तथा मल्टिमेडियासम्बन्धी डिजिटल उपकरणहरू सुरक्षित रूपमा उपलब्ध गराउँछन् । नाम चलेका ब्राण्डेड सामानहरूको बिक्री र प्रदर्शनीका लागि ठूल्ठूला डिपार्टमेन्टल स्टोर र सुपर मार्केट नै उपयुक्त स्थल भएको सेन्ट्रल सुपर मार्केटका सञ्चालक तथा डिपार्टमेन्टल स्टोर व्यवसायी संघका पूर्व अध्यक्ष राजारत्न तुलाधर बताउँछन् । त्यहाँ महिला, पुरुष तथा बालबालिकाहरूका लागि सबै किसिमका परिधानहरू एकै ठाउँमा उपलब्ध हुन्छ । त्यति मात्र होइन हाल आएर डिपार्टमेन्टल स्टोरहरूमा वातानुकुलित, सुव्यवस्थित, सुरक्षा गार्ड र गोप्य क्यामेरा तथा भिडियो सर्किटहरू जडान गरी सुरक्षा व्यवस्था मिलाइएकाले उपभोक्ताहरू डिपार्टमेन्टलस्टोरको किनमेलतर्फ आकर्षित भएका हुन् ।

हङकङ्ग, मलेसिया, कोरिया, चीन, जापान, भारत, ब्रुनाई आदि देशबाट झिकाइने ब्राण्डेड सामानहरूका लागि आरबी कम्प्लेक्स, त्रिपुरेश्वर विशालबजार, काठमाडौं मल, भाटभटेनी सुपरमार्केट, चाइना टाउन विशालबजार, मेट्रोमल सुपरमार्केट, सेन्ट्रल सुपर मार्केट जस्ता ठाउँहरूमा ग्राहकहरूको भीड बढ्न थालेको छ । डिपार्टमेन्टल स्टोरको छुट र उपहारमा मुख्यत: लुगा, रेडिमेड पोशाक, जुत्ता, घरायसी र भान्साका सामान हुन् भने किस्ताबन्दी, पुरस्कार, विशेष छुट आदि सुविधा मोटरसाइकल, मोबाइल तथा गाडीहरूमा राखिने गरिएको पाइन्छ ।

अर्कातिर विगत एक दशकदेखि काठमाडौंको मुटुमा रहेको भृकुटीमण्डपमा दसैं उत्सव सुरु भएपछि मात्र दसैं आएको अनुभूति हुन्छ । सहरमा दसैंअघि नै रिमझिम मेलाको आयोजना गर्ने, लुगाकपडा, जुत्ता, रेडिमेड पोशाक, खाद्यान्न, पश्मिना, हस्तकला र सजावटका सामान, जाडोका लुगा, जुत्ता आदि सामानहरूको व्यापार गर्न सहरका विभन्न भागका सार्वजनिक स्थलहरूमा दसैं बजार र दसैं स्टल खडा गर्ने परम्परा नै बसिसकेको छ । केही वर्षदेखि दसैंलाई स्वागत गर्दै एभरेस्ट इभेन्टस एन्ड एक्जिविसनले भृकुटी मण्डपमा दसैं महोत्सवको आयोजना गर्ने परम्परा बसालेको छ । १३ वर्षअघिदेखि उक्त दसैं महोत्सवको आयोजना हुँदै आएको छ । विशेष छुट र विविध मनोरञ्जनात्मक कार्यक्रमहरू सहित सञ्चालन हुने उक्त महोत्सवले उपभोक्ताहरूको मन जितेको छ । यसपटकको दसैं महोत्सवमा विभिन्न आकर्षक परिधानहरू र दसैंका सामानहरू बिक्री गर्न करिब १ सय ६० भन्दा बढी स्टल राखिएको छ । महोत्सवमा छुट, उपहार, विशेष अफरबाट उपभोक्तालाई आकर्षित गर्नुका अतिरिक्त उपभोक्तालाई लोभ्याउन र मनोरञ्जन प्रदान गर्न दोहोरी गीत प्रतियोगिता, फेसन सो, तारो हान्ने जस्ता सांगीतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू पनिसमावेश गरिएको छ । एभरेस्ट एक्जिविसनले यसपालिको मेलालाई अझ बृहत्, व्यापक र मनोरञ्जनात्मक बनाउने, परिकार महोत्सव र चंगा चेटका कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको छ ।

यसैगरी राजधानीका युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, जमल आदि प्रमुख स्थानमा विभिन्न एक्सपोहरू सञ्चालन गरी कलोनी योजना, बैकिङ योजना, गाडी खरिद-बिक्रीमा आकर्षक अफर, मोटरसाइकल, बैठक र सजावटका लागि फर्निचरहरू तथा उपहारका सामानहरू बिक्री एवं प्रदर्शनी हुने गरेका छन् ।

# दसैंको मुखमा लुटेरा र पाकेटमारहरूको बिगबिगी

केही समयअघि काठमाण्डौको ज्याठाबाट साँझ सात बजेतिर ट्याक्सी चढेर हिँडेका तेह्रथुमका टेकराज लिम्बू ट्याक्सीमै लुटिए । लुटेराहरूले उनीबाट रु. १ लाख २४ हजार नगद र ८ तोला सुन लुटे । त्यस्तै सुनसरीबाट विदेशको रोजगारीमा काठमाडौं आइरहेका सुरजप्रसाद यादव कलंकीमा बसबाट ओर्लिंदा-नओर्लिंदै बसमै लुटिए । उनको साथबाट हवाईजहाजको टिकट काट्न भनेर ल्याइएको ४० हजार लुटियो । प्रहरीले हालसम्म अपराधी पत्ता लगाउन सकेको छैन ।

दसैंको मुखमा आएर सुरज र टेकराजजस्ता अनेकौं नागरिक लुटिन थालेका छन् । बजारमा दसैंतिहारको चलहलपहलसँगै लुटेरा र पाकेटमारहरूको सक्रियता बढ्न थालेको छ । जनसेवा प्रहरी कार्यालयका अनुसार कालिमाटी, सुनधारा, न्युरोड, इन्द्रचोक, रत्नपार्क, असन, वीर अस्पतालवरपरका क्षेत्रहरूमा पाकेटमारहरूको सक्रियता बढेको छ भने रत्नपार्क, बौद्ध, स्वयम्भू, कालिमाटी, लगनखेल र बसपार्क जाने सडकरुटहरूमा बढी मात्रामा पाकेटमार र लुटेराहरू सक्रिय देखिन्छन् ।

बस, माइक्रोबसजस्ता सार्वजनिक सवारीसाधनहरू र बजारको भीडभाडमा सुनका गहना, मनिपर्स र झोला लुट्ने घटनामा एकाएक वृद्धि हुन थालेकाले राजधानीका प्रमुख चोक र मानिसको चहलपहल हुने स्थलहरूमा बिहानैदेखि बेलुका अबेरसम्म प्रहरी तैनाथी र सक्रियता बढाइएको हनुमानढोका प्रहरी कार्यालयका इन्चार्ज बताउँछन् ।

दसैं-तिहारको मुखमा लुटेरा र पाकेटमारहरूको सक्रियता बढ्न थालेकाले दिनभरि दु:ख गरेर कमाएको पैसा लिएर किनमेल गर्न हिँडेको होस् कि चाड मान्न घर हिँडेको होस् पाकेटमारहरूले एकैछिनमा पाकेट मारेर सम्बन्धित मानिसलाई हतप्रभ बनाइदिन्छन् । यतिखेर पाकेटमारहरू यति सक्रिय हुन थालेका छन् कि मानिस बजार नपुग्दै वा बसबाट ओर्लिन नपाउँदै खल्ती चट भैसकेको हुन्छ । प्रहरीहरूका अनुसार थाहै नपाई राजधानीमा दिनहुँ लाखौ रुपैयाँ बगली मारिन्छ ।

हिँड्दाहिँड्दै महिलाका गरगहना लुटिन थालेका छन् । मिनेटभरिमै काम फत्ते हुने र सजिलै कमाइ हुने यो सामाजिक अपराधमा पक्राउ पर्दा पनि थोरै दण्ड हुने, पीडित एवं प्रहरीले पाकेटमार, लुटेराहरूलाई दुई-चार घुस्सा दिएर छाडिदिने भएकाले थुप्रै आबारा एवं बेरोजगार युवाहरू यो पेसामा लागेको पाइन्छ । प्रहरीको अनुमानमा उपत्यकामा पाकेटमारहरू करिब ५ हजारको संख्यामा रहे पनि करिब ३ सयजति लुट र पाकेटमारी धन्दामा सक्रिय छन् ।

बजार, मेला, प्रदर्शनी आदि ठाउँको भीडभाड र बसको भीडमा बढी पाकेट मारिने भए पनि किनमेल गरिने मध्यमस्तरको सुपरमार्केट, असन, इन्द्रचोक, सुनधारा, लगनखेल, कालिमाटी, जोरपाटी आदि क्षेत्रका घुइँचो हुने बजारक्षेत्रमा पनि सजिलै पाकेट मारिएको र महिलाको घाँटीबाट समेत गहना लुछिएका घटना प्रशस्तै घटेका छन् । प्रहरीको विवरणमा असन, इन्द्रचोक, सुनधारा, लगनखेल, कालीमाटी, जोरपाटी आदि क्षेत्र पाकेटमारहरूको पकेट क्षेत्र बनेका छन् । यसैगरी रत्नपार्कबाट बौद्ध, स्वयम्भू कालीमाटी, बालाजु, डिल्लीबजार हुँदै चाबेल, लगनखेल रुटमा चल्ने बस र माईक्रोबसजस्ता सवारीसाधनमा पाकेटमारहरू सक्रिय छन् ।



प्राय: दुई जनादेखि छ जनासम्मको समूहमा रहने र विशेष सांकेतिक भाषा तथा इसारा प्रयोग गरी बसको ठेलमठेलमा यात्रुहरूलाई अप्ठ्यारोमा पारी पाकेट मारिएको पाइन्छ । बीच बाटोमा चढ्ने र बीचबाटोमै झर्ने पाकेटमारहरू हेर्दा सुकिला र हट्टाकट्टासमेत हुन्छन् । भीड कहाँसम्म छ त्यहाँसम्म गएर यात्रुलाई घेरा हाल्ने, छेक्ने, अप्ठ्यारोमा पार्ने, नसके नशालु पदार्थ सुँघाउने, नशालु पदार्थ ख्वाउने र काउसो लाएर अलमल गराउनुका साथै अनेक तवरले यात्रुको ध्यान विकेन्द्रित गरेर पाकेट मारिन्छ ।

औंला र ब्लेड प्रयोग गरी जहाँको पैसा पनि उडाउन सक्ने खुबी राख्ने पाकेटमारहरू छाती अगाडि र पेन्टको पछाडिपट्टिको गोजीबाट सजिलै पर्स वा पैसा झिकेर लान सक्छन् । कसैले पाकेट माऱ्यो भन्दै हल्लाखल्ला गरे वा आरोप लगाए उनीहरू पीडितलाई नै बाङ्गबुङ्ग कुटेर सुइँकुच्चा ठोक्छन् । पाकेटमारहरूले बेलाबेलामा ड्राइभर, खलासी तथा सुरक्षाकर्मी प्रहरीसँग समेत मिलेर पाकेट मार्ने गरेको गुनासाहरू पनि सुन्न पाइन्छन् । मेला, दसैं-तिहार र जाडोयाम यिनीहरूको कमाई गर्ने मुख्य सिजन हुन् ।


पक्राउ परे दुई-चार घुस्सा दिएर छाडिदिने गरिएकाले पाकेटमारहरूको मनोबलमा कुनै असर परेको पाइँदैन । गतिलो कारबाही नहुने र युवाहरूमा बेराजगारी बढ्दै गएकाले पाकेटमारहरूको संख्या पनि बढ्दो छ । यिनीहरूबाट सुरक्षात्मक उपाय अपनाउनु र चाडबाडका मौसम तथा बसको भीडभाडमा सर्तक रहनु नै पाकेटमारीबाट बच्न सकिने श्रेयस्कर उपाय भएको भुक्तभोगीहरू बताउँछन् ।

**पाकेटमारबाट बच्न सकिने केही सुरक्षात्मक उपाय :**

- बसभित्र वा बाटोमा कृत्रिम भीड सिर्जना गर्ने तथा सांकेतिक भाषा बोल्नेहरूसँग सतर्क रहनुहोस् ।
- धेरै पैसा तथा गरगहना वा मूल्यवान वस्तु बोकेर भीडभाडमा नजानुहोस् । उभिनुपर्ने स्थितिमा बस नचढ्नुहोस् । गल्लीमा बेलुका एक्लै नहिँड्नुहोस् ।
- खाली सिट र पर्याप्त ठाउँ हुँदाहुँदै पनि उभिने, नदेखिने गरेजस्तो गरेर टाँसिन खोज्ने, धेरै समयसम्म पिछा गरिरहने, नाम ठेगाना बदल्ने तथा हातमा झोला, पत्रिका, फाइल बोक्ने अपरिचत सुकिला हट्टाकट्टा मानिससँग बच्नुहोस् ।
- सार्वजनिक स्थलमा पैसा तथा गरगहनाको प्रदर्शन गर्ने र छाम्ने काम नगर्नुहोस् । लामो यात्रामा धेरै पैसा नबोक्नुहोस् । यसको साटो बैंक ड्राफ्ट, ट्राभेल चेक वा भौचरबाट काम लिनुहोस् । गरगहना लगाएर यात्रा नगर्नुहोस् ।
- अपरिचित व्यक्तिले दिएको नखानुहोस् । बसबाट तल झर्नुभन्दा पहिले खल्ती छाम्नुहोस र खल्ती खाली भए बसलाई सीधै नजिकको पुलिसकहाँ लगेर जाँचबुझ गराउनुहोस् ।
- बाहिर पैसा बोकेर हिँड्दा सय, पाँच सय र हजार दरका नोटहरूको नम्बर टिपेर हिँड्नुहोस्, किनभने तपाईंको लुटिएको पैसाको सही प्रमाण पुलिसलाई बुझाउन सकिन्छ ।
- कसैले अन्यत्र ध्यान मोड्न खोजे नमान्नुहोस् र प्यान्ट तथा सर्टको सबै टाँक लगाएर हिँड्नुहोस् । भरसक सर्ट र प्यान्टको सामान्य खल्तीमा पैसा नराख्नुहोस् ।

–भोला महतो

# राष्ट्रिय पौडीमा छाइन् शैला



शैला राणा यो साता पौडीमा निकै चर्चित बनिन् । एकल प्रयासमा आफ्नो टिमलाई उनले च्याम्पियन समेत बनाइन् । उनको प्रतिनिधित्व रहेको पश्चिमाञ्चल १४ औं राष्ट्रिय खुला पौडीमा पहिलो भयो । पौडीमा पश्चिमाञ्चलको वर्चस्व कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी शैलाले एक्लैले ८ स्वर्ण जितिन् । यतिमात्र कहाँ हो, उनले एउटा नयाँ राष्ट्रिय कीर्तिमानसमेत बनाइन् । पौडी सिजनको अन्त्यतिर सम्पन्न राष्ट्रिय प्रतियोगितामा दुई नयाँ कीर्तिमान बने । अर्को कीर्तिमान त्रिभुवन आर्मीका चन्द्रसिंह महतोको नाममा रह्यो ।

तीन दिनसम्म सातदोबाटोस्थित पौडी पोखरीमा सञ्चालित प्रतियोगितामा दोस्रो स्थान मध्यमाञ्चलले हासिल गर्‍यो भने तेस्रो स्थान त्रिभुवन आर्मीले सुरक्षित गर्‍यो । महिला तथा पुरुषतर्फ गरी कुल ३० स्वर्णका लागि भएको भिडन्तमा पश्चिमाञ्चलले १२ स्वर्णमा कब्जा जमायो । उसले १२ नै रजत जित्यो भने ३ काश्य पनि हात पार्‍यो । उता त्रिभुवन आर्मीको तुलनामा कम स्वर्ण जिते पनि बढी रजत पदकले मध्यमाञ्चललाई माथि पार्‍यो । उसले ७ स्वर्ण तथा ८ रजत जित्यो । ४ काश्य मध्यमाञ्चलको नाममा रह्यो । आर्मीले ९ स्वर्ण, २ रजत तथा ८ काश्य हासिल गर्‍यो । यो प्रतियोगितामा अंकका आधारमा शीर्ष टिम छुट्याइएको थियो । पहिलो हुने पश्चिमाञ्चलले १ सय ७ अंक जोड्यो । मध्यमाञ्चलको ७५ अंक भयो भने आर्मीले ६९ अंक जोड्यो । स्वर्णलाई ५, रजतलाई ३ तथा कांस्यलाई २ अंक दिइएको थियो ।

पाँच विकास क्षेत्र तथा आर्मी गरी ६ टिमले प्रतिस्पर्धा गरेको प्रतियोगितामा बाँकी तीन टिमले राम्रो नतिजा दिन सकेनन् । २८ स्वर्ण शीर्ष तीन टिमले बाँडे भने २ स्वर्ण मध्यपश्चिमाञ्चलले लगेको थियो । उसका लागि ५० मिटर ब्रेस्टस्ट्रोकमा सुधा श्रेष्ठले स्वर्ण पदक जितिन् । अर्को स्वर्ण मध्यपश्चिमाञ्चलले नै ४ गुणा १ सय मिटर महिला मिड्लेमा प्राप्त गर्‍यो ।

पश्चिमाञ्चलका लागि शैलाको व्यक्तिगत ५१ अंक योगदान रह्यो । उनले ३ रजत र १ काश्य पदक पनि प्राप्त गरिन् । शैलाले २ सय मिटर ब्याकस्ट्रोकमा आफ्नो पुरानो कीर्तिमान भंग गरेकी हुन् । उनको नयाँ कीर्तिमान ३ मिनेट ३:३४ सेकेन्डको रह्यो । यसअघि उनले निर्धारित दूरी ३ मिनेट ८:४ सेकन्डमा पौडेर कीर्तिमान बनाएकी थिइन् । नयाँ राष्ट्रिय कीर्तिमान भंग गर्ने क्रममा चन्द्रको समयमा थोरैको भिन्नता आयो । आफ्नै कीर्तिमान तोडेका चन्द्रले ५० मिटर बटरफ्लाई २८:५८ सकेन्डमा पूरा गरे । यसअघि उनको नाममा २८:६४ सेकेन्डको कीर्तिमान थियो ।



शैला २ सय मिटर ब्याकस्ट्रोकसँगै ४ सय मिटर फ्रिस्टाइल, २ सय मिटर बटरफ्लाई, १ सय मिटर ब्याकस्ट्रोक, २ सय मिटर व्यक्तिगत मिड्ले, १ सय मिटर बटरफ्लाई, २ सय मिटर फ्रिस्टाइल तथा ५० मिटर ब्याकस्ट्रोकमा अगाडि रहिन् । पश्चिमाञ्चलका लागि बाँकी चार स्वर्ण शैलेश राणाले जिते । उनले ४ सय मिटर फ्रिस्टाइल, २ सय मिटर ब्रेस्टस्ट्रोक, २ सय मिटर व्यक्तिगत मिड्ले तथा १ सय मिटर ब्रेस्टस्ट्रोकमा पहिलो स्थान प्राप्त गरे । आर्मीका लागि चन्द्रले ५० मिटर बटरफ्लाईसँगै २ सय मिटर बटरफ्लाई, १ सय मिटर बटरफ्लाई तथा ४ गुणा १ सय मिटर पुरुष रिलेमा स्वर्णपदक जिते । आर्मीलाई बाँकी स्वर्ण पदक पुष्पराज शाहीले १ सय मिटर ब्याकस्ट्रोक, २ सय मिटर ब्याकस्ट्रोक तथा ५० मिटर ब्याकस्ट्रोकमा, खिमबहादुर केसीले २ सय मिटर फ्रिस्टाइल र सान्तकुमार राईले ५० मिटर ब्रेस्टस्ट्रोकमा दिलाए । चन्द्रसहित खीम, पुष्प एवं वासुदेव चौधरीले रिले खेलेका थिए ।

मध्यमाञ्चलका तर्फबाट चर्चित खेलाडी नयना शाक्यले १ सय मिटर फ्रिस्टाइल, ५० मिटर फ्रिस्टाइल तथा ५० मिटर बटरफ्लाइमा स्वर्ण जितिन् । नयना प्रतियोगिताको अन्तिम दिन घाइते भइन् । उनको टिमका लागि विविधा रिमालले २ सय मिटर ब्रेस्टस्ट्रोक तथा १ सय मिटर ब्रेस्टस्ट्रोकमा, प्रशिद्धजंग शाहले १ सय मिटर फ्रिस्टाइलका साथै ५० मिटर फ्रिस्टाइलमा स्वर्ण दिलाए ।

**–अजय हमाल**

# म्याराथनको गन्तव्य बनाउने प्रयास



काठमाडौं- नेपाली खेलकुदमा म्याराथनले आफुलाई सधै सम्मानजनक स्थानमा राख्दै आएको छ । चाहे त्यो सफलता पाएर होस् वा आयोजना गरेर नै किन नहोस् ?

नेपालमा म्याराथनले उच्च स्थान पाउनुको मुख्य कारण नेपालले पहिलो अन्तर्राष्ट्रिय पदक यही खेलबाट जितेको मात्र नभएर यसैमार्फत् नेपालले ओलम्पिकदेखि एसियाली खेलकुद प्रतियोगितासम्ममा प्रवेश पाएको थियो । यसबाहेक नेपालले दक्षिण एसियाली खेलकुद प्रतियोगितामा कीर्तिमान सहित ह्याट्रिक स्वर्ण पदक जितेको छ । यही ऐतिहासिक गौरवलाई अर्को पक्षबाट बढाउने कार्य गत शनिबार 'एनआरएन काठमाडौं इन्टरनेसनल म्याराथन- २००७' मार्फत् प्रारम्भ भयो ।

नेपाललाई म्याराथन खेलको प्रमुख गन्तव्यका रूपमा विकसित गर्ने अभिप्राय राखेर प्रारम्भ गरिएको उक्त म्याराथन नेपाली खेलकुदमा व्यक्तिगत रूपमा सर्वाधिक रकम पुरस्कार रहेको प्रतियोगिताका रूपमा पनि प्रतिस्थापित भएको छ । एक वर्षको तयारीपछि आयोजित प्रतियोगितामा नेपाल सेनाका धावकहरूको वर्चस्व रह्यो । सर्वाधिक पुरस्कार राशि रहेको पुरुष म्याराथनमा सेनाका रेवतबहादुर दाहालले पहिलो स्थान हासिल गरे भने दोस्रो स्थान सेनाकै उत्तम खत्री तथा तेस्रो स्थान नेपाल प्रहरीका नारायण देसारले हात पारे । सन् २००० मा सिंगापुरमा सम्पन्न अन्तर्राष्ट्रिय म्याराथनमा नवौं स्थान हासिल गरेका दाहाल बुसान एसियाडको छनौटमा पराजित भएका थिए । आफूसँगै अभ्यास गर्ने खत्रीको टाइमिङ राम्रो भएका कारण दोस्रो हुने अनुमान गरे पनि सुन्धारा पुगेपछि आफ्नो जित्ने आशा बढेको दाहालले बताए । उनले निकटतम प्रतिद्वन्द्वीभन्दा १२ सेकेण्ड अघि २ घन्टा ३३ मिनेट ३२ सेकेण्डमा दौड पूरा गरेर १० हजार अमेरिकी डलर सहित १ लाख रुपैयाँ हात पारे भने उनका निकटतम प्रतिद्वन्द्वी उत्तम खत्रीले २ धन्टा ३३ मिनेट ४४ सेकेण्डमा दौड पूरा गरी ५ हजार डलर तथा तेस्रो हुने नारायण देसारले २ घन्टा ४५ मिनेट ३९ सेकेण्डमा पूरा गरी ३ हजार अमेरिकी डलर हात पारे ।

करिब ६ हजार धावक-धाविका विभिन्न स्पर्धामा सहभागी भएको उक्त म्याराथनको महिला स्पर्धातर्फ भक्तपुरकी हरिदेवी राजलवटले ४ घन्टा १ मिनेट १० सेकेण्डमा दौड पूरा गरेर पहिलो स्थान हासिल गरिन् । प्रतियोगितामा सहभागी भएकी कृष्णेश्वरी सिन्तकलाले बाटो बिर्सिएका कारण अयोग्य घोषित भएपछि राजलवटले पहिलो स्थान हासिल गरेकी थिइन् । स्पर्धामा सिन्तकलाले ३ घन्टा २२ मिनेटमा दौड पूरा गरेकी थिइन् । यो स्पर्धामा पहिलो स्थान हासिल गर्ने राजलवटले ५ हजार अमेरिकी डलर सहित ५० हजार रुपैयाँ हात पारिन् । स्वयंसेवकको गल्तीका कारण आफू अयोग्य घोषित भएको बताएपछि उनलाई आयोजकले १ हजार डलरका साथै १० हजार रुपैयाँ दिने निर्णय गरेका थिए । यही वर्ष सम्पन्न एभरेष्ट म्याराथनमा महिलातर्फ पहिलो स्थान हासिल गरेकी निमा याङ्दी शेर्पा ४ घन्टा ६ मिनेट ४५ सेकेण्डमा दौड पूरा गरी दोस्रो भइन् भने नेपाल सेनाकी केशरी थापामगरले तेस्रो स्थान हासिल गरिन् ।

२ वटा ५ किलोमिटर तथा ५ वटा विभिन्न किसिमका स्पर्धा आयोजित गरिएको एनआरएन काठमाडौं म्याराथनमा पुरुष हाफ म्याराथनमा अर्जुन बस्नेतले १ घन्टा ९ मिनेट ४२ सेकेण्डमा दौड पूरा गरेर पहिलो स्थान हासिल गरेका थिए । उक्त प्रतिस्पर्धामा आनन्दमान श्रेष्ठ तथा गगनसिंह बुधेरले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरेका थिए । यसैगरी महिलाको हाफ म्याराथनमा छायाँ खत्रीले १ घन्टा ३४ मिनेट ३९ सेकेण्डमा दौड पूरा गरी पहिलो स्थान हासिल गरिन् भने सोही स्पर्धामा भावना शाही र विन्दा श्रेष्ठले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरेका थिए । आयोजकहरूले यो प्रतियोगितामा विजयी हुने खेलाडीहरूलाई करिब ४० लाख रुपैयाँको पुरस्कार वितरण गरेका थिए ।



# विश्वकप छनोटमा सम्मानजनक प्रदर्शन



विश्वकप फुटबल २०१० को छनौट खेलमा ओमानसँग नेपाल शून्यका विरुद्ध २ गोलले पराजित भएको छ । सोमबार राति ओमानको राजधानी मस्कटस्थित सुल्तान रंगशालामा भएको खेलको पहिलो हाफमा २ गोलले पछि परेको नेपालले दोस्रो हाफमा आक्रामक खेल खेलेको थियो । आफूभन्दा माथिल्लो स्तरको टिमलाई साँघुरो विजयमा सिमित गर्नु नै नेपालको ठूलो सफलता मानिएको छ । उक्त खेलको पाचौं मिनेटमा फ्वाजी बइटको गोलमा अग्रता लिएको ओमानले दोस्रो गोल पेनाल्टीमार्फत गरेको थियो । विश्ववरियता क्रममा ७९ औं स्थानमा रहेको ओमानका विरुद्ध १ सय ८५ औं स्थानमा रहेको नेपालको यो प्रदर्शन आफैंमा प्रशंसायोग्य पनि हो ।

त्यसो त उक्त खेलमा नेपालले पनि केही राम्रा आक्रमण नगरेको होइन । इङ्लिस प्रिमियरसिप टिम बोल्टन वन्डर्समा समेत आबद्ध रहेका गोलरक्षक अल हब्सीलाई पार गर्न नसकेपछि नेपाली टोलीको गोलको भोक त पूरा हुन सकेन, तथापि नेपाल दुई सातापछि घरेलु भूमिमा हुने दोस्रो लिगका लागि आत्मबल बटुल्दै घर फर्किएको छ । भर्खरै पाकिस्तानमा सम्पन्न प्रेसिडेन्ट कप फुटबलमा सानदार प्रदर्शन गर्दै फर्किएका गोलरक्षक रितेश थापाले आफ्नो प्रभावकारी प्रदर्शनलाई यस खेलमा पनि निरन्तरता दिए । खेलअघि नेपालमाथि गोलको वर्षा गर्ने दावी गर्दै आएका ओमानका प्रशिक्षक गाब्रियल पनि अन्त्यमा नेपाली टिमको प्रशंसा गर्न बाध्य भए ।

छोटो समयको प्रशिक्षण र कमजोर तयारीका बीचमा भएको यो प्रदर्शन अप्रत्याशित नभएको नेपालका फुटबलविज्ञहरु बताउँछन् । राष्ट्रिय प्रशिक्षक ध्रुव केसी भन्छन्– 'यो प्रदर्शनबाट घरेलु भूमिमा हुने दोस्रो लिगमा लागि प्रशस्त आत्मबल प्राप्त भएको छ ।' नेपालले २८ तारिखमा काठमाडौंमा ओमानसँग दोस्रो लिग खेल्नेछ । उक्त खेलमा तीन गोलको अन्तरमा विजय हात पारे नेपालले अन्तिम चरणको छनौट खेल खेल्ने अवसर पाउनेछ ।

सन् २००६ को विश्वकप छनौटमा सहभागिता नजनाएका कारण सर्वाधिक आलोचित बनेको नेपाली फुटबलले यस पटक भने सराहनीय प्रदर्शन गरेको छ । यसअघि सन् २००२ को विश्वकप छनौटमा पनि नेपालले उत्कृष्ट प्रदर्शन गरेको थियो ।

यसअघि राष्ट्रिय टिममा रहँदै आएका विजय गुरुङ, सुरेन्द्र तामाङ तथा रमेश बुढाथोकीको अभाव प्रस्ट देखिने अनुमान गरिए पनि त्यो कुरा गलत साबित भयो । पहिलो पटक राष्ट्रिय टिमको नेतृत्व सम्हालेका राकेश श्रेष्ठले खेलअघि गरेको दावी पनि सही देखिएको छ । 'जित हाम्रो उद्देश्य होइन तर हामी एकदमै कमजोर भने छैनौं भन्ने छाप छोड्न चाहन्छौं ।' ओमानतर्फ लाग्नुअघि श्रेष्ठले भनेका थिए ।

यही खेलबाट अन्तर्राष्ट्रिय खेलजीवनमा प्रवेश गरेका सञ्जीव बुढाथोकीले पहिलो खेलमै आकर्षक खेल खेले भने सन्दीप राई, चुनबहादुर थापा, विश्वविराज्ञ समाल, सन्तोष साहुखल तथा अनिल गुरुङका लागि पनि अन्तर्राष्ट्रिय खेलजीवनको राम्रो सुरुवात भएको छ ।

# बढ्दै छन् ग्ल्यामरतर्फ

नेपालमा बढ्दै गएको फेसन र ग्ल्यामरको लहरबाट खेलाडीहरू पनि अछुतो रहन सकेका छैनन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलताका कारण चर्चित खेलाडीहरूलाई फेसन र ग्ल्यामरको क्षेत्रमा ल्याउँदा त्यति मेहनत गरिरहनुपर्दैन । त्यसैले फेसन एवं ग्ल्यामर क्षेत्रको आँखा चर्चित खेलाडीहरूमाथि पर्न थालेको छ । सूचना तथा प्रविधिको क्षेत्रमा भएको विकासका कारण पनि नेपाली खेलाडीहरूले ट्र्याक, कोर्ट, रिङ एवं बाउन्ड्रीमा पाएको सफलतालाई र्‍याम्प, होर्डिङ बोर्ड हुँदै टेलिभिजनसम्म पु-याएका छन्, तर नेपाली खेलकुदलाई ग्ल्यामरस र फेसनेबल बनाउने काममा केही सीमित खेलका खेलाडी मात्र सक्रिय छन् ।

नेपाली परिप्रेक्ष्यमा फुटबल सर्वाधिक लोकप्रिय खेल हो । फुटबलले खेलाडीहरूलाई समेत लोकप्रियता दिलाइरहेको छ । कुनै समय नेपाली खेलाडी छिमेकी मुलुकमा समेत लोकप्रिय थिए । भारत र बंगलादेशमा आयोजना हुने लिगमा सहभागिता गर्ने नेपाली खेलाडीहरूको लोकप्रियता स्थानीय खेलाडीहरूको भन्दा बढी थियो तर अहिले समयले कोल्टे फेरेको छ । नेपाली फुटबलरहरूले विदेशमा भन्दा स्वदेशमै राम्रो पारिश्रमिक पाउने हुनाले अन्यत्र जानु नपर्ने स्थिति आएको छ भने नेपालका फुटबल क्लबहरूले समेत विदेशी खेलाडीलाई अनुबन्ध गर्ने क्षमता राख्न थालेपछि खेलाडीहरूको लोकप्रियता अझ बढिरहेको छ ।

नेपालमा फुटबलको लोकप्रियता एकातर्फ छ भने अर्कातर्फ विदेशी फुटबलको प्रभाव पनि उत्तिकै छ । यो अवस्थामा अखिल नेपाल फुटबल संघले स्वदेशभित्र आयोजना गर्ने फुटबल प्रतियोगितामा मोटरसाइकलदेखि कारसम्म पुरस्कार राखिएपछि यो क्षेत्रको आकर्षण ह्वात्तै बढेको छ । यसबाहेक अन्तर्राष्ट्रिय सहयोगमा युवा परियोजना सञ्चालनमा आएपछि आफ्ना सन्ततिलाई राजधानीको स्तरीय विद्यालयमा भर्ना गराएर फुटबल खेलाडी बनाउने परिवारको संख्या मात्र बढेको छैन खेलकुदप्रति सकारात्मक दृष्टिकोणसमेत बढेको छ ।

सहरीकरण तथा खेलकुद च्यानलको प्रभावका कारण खेलाडीहरूले आफूलाई पनि फेसनेबल बनाउँदै लगेका छन् । संघका कारण खेलाडीहरूले एकातर्फ आफ्नो स्तरमा विकास गरिरहेका छन् भने टेलिभिजनको प्रभावका कारण युरोपियन फुटबलका खेलाडीहरूले गर्ने फेसनलाई आफूमा प्रयोग गरिरहेका छन् ।







फुटबलको भन्दा केही कम क्रेज क्रिकेटको छ तर छिमेकी मुलुकमा रहेको क्रिकेटको क्रेज र नेपालका युवा क्रिकेटरहरूले पाएको सफलताले उनीहरूलाई पनि ग्ल्यामरस बनाउँदै लगेको छ । शिक्षाप्रतिको जागरूकताले पनि उनीहरू आफ्नो क्षमतालाई जनमानसमा पुऱ्याउन सफल भैरहेका छन् ।

नेपाली खेलाडीहरूलाई ग्ल्यामरस बनाउने काम केवल खेल र उनीहरूले पाएको सफलताले मात्र नभएर बहुराष्ट्रिय कम्पनीका उत्पादनहरूले पनि गरिरहेका छन् । अहिले नेपालमा विश्वस्तरका एडिडास, नाइकी, रिबोक तथा पुमा जस्ता कम्पनीको आधिकारिक सोरुम सञ्चालनमा छन् र उनीहरूले आफ्नो व्यापार विस्तार गर्ने भरपर्दो माध्यम खेलाडीहरूलाई नै बनाएका छन् । उनीहरूले आफ्नो उत्पादनको बजार विस्तार गर्न खेलाडीहरूलाई नै मोडलका रूपमा राख्ने गरेका छन् । यसबाहेक कतिपय कम्पनीले टिमलाई नै प्रायोजन गरेर खेलाडीहरूलाई ग्लामरतर्फ आकर्षित गर्ने गरेका छन् । पछिल्लो पटक आयोजित लिग फुटबल प्रतियोगितामै क्लब तथा खेलाडीलाई प्रायोजन गर्न विभिन्न कम्पनीबीच हानाथाप नै चलेको थियो ।

कम्पनीहरूको बढ्दो आकर्षणकै कारण खेलाडीहरूलाई अहिले फेसन सोहरूमा पनि मोडलका रूपमा र्‍याम्पमा हिंडाउन थालिएको छ । ती फेसन सोमा खेलाडीहरू अन्य मोडलको तुलनामा आकर्षणको केन्द्रसमेत भएका थिए ।

खेलाडीहरू रात्रिकालीन कार्यक्रमहरूमा कमै सहभागी हुन्छन्, तर लोकप्रियताकै कारण अहिले उनीहरूलाई विभिन्न ककटेल पार्टी वा उद्घाटन कार्यक्रममा निमन्त्रणा गर्ने, निर्णायक एवं मुख्य अतिथि बनाउने चलनले पनि विस्तारै गति लिइरहेको छ भने मिडियामा पनि खेलाडीहरूको उपस्थिति बाक्लिएको छ ।

## दृष्टिविहीनले खेले क्रिकेट



पोखरा– दृष्टिविहीन भएर के भो त, उनीहरूमा साहस र धैर्यता छ । दरिलो आँट लिएर उनीहरू अनुमान र सुनेको भरमा खेल खेल्न सक्षम छन् । आवाज सुनेकै भरमा उनीहरूले क्रिकेट खेले । पोखराको अन्नपूर्ण खेलमैदानमा लगातार तीन दिनसम्म नेत्रहीन तन्नेरीहरूको क्रिकेट जम्यो । फलामे बेरिङ भरेर तयार पारिएको प्लास्टिकको बलको सहायताले नेत्रहीनहरू क्रिकेट प्रतियोगितामा रमेका थिए । आवाज सुनेको र अनुमानको भरमा क्रिकेट खेलिरहेका दृष्टिविहीनहरूलाई देखेर दर्शकहरू अचम्ममा मात्र परेनन्, उनीहरूलाई ताली बजाएर प्ररित पनि प्रेरित गरिरहेका थिए । दृष्टिविहीनहरूको क्रिकेट खेल्ने शैली केही फरक भए पनि खेल निकै रोचक देखियो ।

नेत्रहीन क्रिकेट क्लब पोखरा तथा नेपाल नेत्रहीन संघ पोखराले तीन दिनसम्म यहाँ सञ्चालन गरेको नेत्रहीन किक्रेट प्रतियोगितामा मध्यमाञ्चलले पश्चिमाञ्चल 'ए' लाई ५० रनले पराजित गऱ्यो । प्रतियोगितामा मध्यमाञ्चलका विक्रम रानाले सर्वाधिक ९ विकट लिएका कारण म्यान अफ दि सिरिजको उपाधि पाए । प्रतियोगितामा कत्ति पनि नदेख्ने, केही देख्ने र अलि बढी आँखा देख्ने गरी बी–१, बी–२ र बी–३ गरी तीन खालका खेलाडी समावेश गरी ११ जनाको टिम बनाइएको थियो । प्रतियोगितामा १५ र २० ओभरका खेलहरू समावेश गरिएका थिए ।

–शिव शर्मा

## नेपालका लोकप्रिय खेलाडी ?

पृष्ठ १ बाट जारी

संख्या पनि त्यति कम देखिएन । ३३ जनाले दासलाई मन पर्ने खेलाडीको कोटिमा राख्न चाहे । एथलेटिक्सकी कान्छीमाया कोजूलाई मन पर्ने खेलाडीको सूचीमा राख्न चाहनेहरूको संख्या पनि उत्तिकै देखियो । प्रहरी सेवामा आबद्ध तथा भक्तपुरवासीमाझ लोकप्रिय कोजुलाई २७ जनाले मन पर्ने खेलाडीको सूचीमा राखे । सिओल ओलम्पिकमा काश्य पदक विजेता विधान लामा नै नेपालको शीर्ष खेल व्यक्तित्व भएको दावी गर्दै उनलाई मन पराउनेहरूको संख्या पनि कम छैन ।

४० भन्दा माथिको उमेर समूहका १० मध्ये ८ जनाले विधानलाई मन पर्ने खेलाडीको कोटीमा राख्न चाहे भने ३० देखि ४० वर्ष उमेरका २० जनामध्ये ९ जनाले उनलाई रुचाए । पछिल्लो पुस्ताका लागि नौलो नाम बनेका विधानलाई ३० वर्षभन्दा कमका ३ जनाले मात्र मन पर्ने खेलाडीको सूचीमा राखे । यस क्रममा बुद्धिचाल खेलाडी सूरवीरलाई १८ मत पऱ्यो । बुद्धिचाल खेलको समाचार पढेकै भरमा उनलाई माथिल्लो कोटिमा राख्नेहरूको संख्या धेरै देखियो । खासगरी काठमाडौं र ललितपुरका बासिन्दाले उनलाई रुचाएको पाइयो ।

सर्वेक्षणका क्रममा काठमाडौं, ललीतपुर, भक्तपुर, झापा, पर्सा, मोरङ, सुनसरी र चितवनका व्यक्ति नै सम्पर्कमा रहेका कारण क्षेत्रअनुसार छनौट पनि फरक परेको छ । पर्साका केही व्यक्तिबाट जुडोका लीला अधीकारी, रञ्जु राई र देवु थापा मन पर्ने खेलाडीको सूचीमा अटाए भने केही




काठमाडौंवासीको नजरमा बुद्धिचालका राष्ट्रिय विजेता केशव श्रेष्ठ परे । यसैगरी झापाका ६ जनाले भलिबलका सरोज श्रेष्ठलाई उत्कृष्ट पाँच खेलाडीको सूचीमा राख्न चाहे भने अन्य ३ जना उनको पक्षमा रहे ।

सात वर्षदेखि महिला साइक्लिङमा एकल राज गर्दै आएकी निर्जला ताम्राकार, अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पटक पाँच विकेट लिन सफल दीपेन्द्र चौधरी तथा नेपाली क्रिकेटका पूर्वकप्तान राजु खड्कालाई पनि शीर्ष पाँचमा राख्न चाहनेहरू पनि देखिए । एउटा अचम्मको संयोग के देखियो भने विधानबाहेक पुराना पुस्ताका खेलाडीहरूका प्रशंसक कमै देखिए भने युवापुस्तामा अग्रजहरूको प्रभाव पनि थोरै नै देखियो ।

## प्रसंग कतिपय



विक्रम राई



दसैंको सुरुवातसँगै नेपाल सरकारका केही कर्मचारीको स्वदेश तथा विदेश भ्रमण सुरु हुन थाल्छ। यस प्रकारको भ्रमणबाट पर्यटन उद्योगले बढावा पाउनुका साथै दसैं खर्चको जोगाड गर्न सहयोग पुग्याउँछ। हुन त यस पटकको दसैंमा स्वामी रामदेवका अनुयायीहरूले उनको योग पाठशालाको अनुसरण गरे भने धेरै स्वदेशी खसी, बोका तथा राँगो र विदेशी भेडा-च्याङ्ग्राहरूका ज्यान बच्ने पक्का छ, तर त्यसो कहाँ हुन्छ होला र ? दसैं लागेको छ, त्यसमा पनि धर्मनिरपेक्ष भएको मुलुकमा रमजानपछि मनाइने इद र त्यसपछि लगतै तिहार, छठ र अन्य जातजाति, समुदायले मनाउने चाडपर्वहरूको धपेडी त छँदैछ।

चन्दा प्रकोपले धूलोपीठो भैसकेका बेला टोलका मुन्द्रे दादा-भाइहरूले सांस्कृतिक कार्यक्रम गर्ने मौसम पनि यही हो। टिकट छाप्न मात्र खर्च हुने कार्यक्रमको टिकट जबरजस्ती किन्नुपर्ने बाध्यता आफ्नो ठाउँमा छँदैछ। कार्यक्रम ठूला-ठूला हलहरूमा हुने लेखिए पनि हेर्न जाँदा न त त्यहाँ कार्यक्रमको नामोनिशान हुन्छ, न त सञ्चालक भाइहरू नै हुन्छन्। यद्यपि दसैंमा त्यति छुट त पाउनैपर्‍यो। त्यसमाथि यो बेला जुवा, तास र डाइस गेमहरू सामान्य नै हुन्छन्। कसैका लागि चौबीसै घण्टा क्यासिनो हुन्छ भने हाम्रा टोलका भाइ-दाइहरूका लागि यति पनि सुविधा नहुने ? अज्ञात समूहहरूको कुरै नगरौं, चोर र डाँका मित्रहरूका लागि दसैं महान् अवसर नै हो। भनिन्छ, यो मौसममा उनीहरूबीच प्रतिस्पर्धा नै चल्छ– कसले कसको कति ठूलो घर फोड्ने भनेर। आखिर चाडको बेलामा सबैलाई 'जोगाड' चाहिएको छ।

यही उपलक्ष्यमा ट्राफिक पुलिसहरूले चेकिङ सुरु गरिसकेका छन्। नयाँ गौंडामा निर्धक्क सवारी चलाइरहँदा एक्कासि सवारी जाँचमा पर्दा खप्नुपर्ने निराशा त छँदैछ त्यसमा जरिवानाभन्दा बढी दस्तुर तिर्नुपर्ने हुन्छ। सत्तासीनहरूलाई दसैंले ठूलो जोगाड गर्न मद्दत गर्छ रे ! सत्तामा हुँदाको दसैं त्यसै रमाइलो हुन्छ। यद्यपि सत्ताच्युत भएकाहरूका लागि र अन्य विचारहरूलाई यो समय शनिको दशा नै हुनपुग्छ। अझ यसपटक मुसा भनाउँदा नेताहरूको ठूलो बिजोग छ। यही समयमा राजाको फोटो नभएको तर भित्रपट्टि श्रीपेच र तस्बिरको छाँया चित्र रहेको नयाँ नोट आइपुगेको छ। मुलुकको बिरामीसँग ठ्याक्कै मिल्ने आकार प्रकारको नयाँ नोट निष्कासन गर्न सफल भएकोमा राष्ट्र बैंकलाई विजयादशमीको लोकतान्त्रिक शुभकामना पनि दिनैपर्छ।

वास्तवमा आमनागरिकले लौका र कुभिन्डोलाई खसी-बोका बनाई मलेसियन स्टाइलको 'भेज करी इन नन् भेज टेस्ट' मा दसैं मनाउनुपर्ने बाध्यात्मक स्थिति छ। यस बेला यदि संविधानसभाको चुनाव जस्तै दसैंलाई नोट अफ डिसेन्ट लेखेर भए पनि पर सार्न हुने भए सात दलले कति जय पाउने थिए होलान् ? लौ अब अन्त्यमा चारवटा शून्यमा एसएमएस भोटिङ गरी आफ्नो मत जाहेर गर्नुहोस्। प्रश्न छ– सात दलले आगामी दसैं सार्ने निर्णय गरे भने तपाईंलाई कस्तो लाग्ने छ ? अप्सनहरू आफैं भरि आफ्नो मत जाहेर गर्नुहोस्। यसको नतिजा तपाईंकै मोबाइलमा एसएमएस गरेर पठाइनेछ, साथै सहभागीहरूमध्ये एक जनालाई लक्की ड्र मार्फत ३० किलोको चाइनिज च्याङ्ग्रा फ्री।

prasangakatipaya@hotmail.com

# सविनालाई जिताउन हेटौंडामा अभियान

**रुपेश दुलाल**



हेटौंडा– केही दिन अघिसम्म इन्डियन आइडलका प्रतिस्पर्धी प्रशान्त तामाङलाई जिताउन उत्साहित हेटौंडाका युवाहरू अहिले नेपाली ताराको टप टेनमा पुगेकी हेटौंडाकी सविना घलानलाई जिताउन लागिपरेका छन्। ११ हजारभन्दा बढी प्रतिस्पर्धीलाई पछि पार्दै नेपाली ताराको टप टेनमा पुग्न सफल हेटौंडा नगरपालिका कर्रांकी सविनालाई जिताउन हेटौंडेलीहरूले अभियान नै सञ्चालन गर्ने भएका छन्। हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेज काठमाडौंमा बीआईटी चौथो सेमेस्टरमा अध्ययनरत सविनालाई शनिबारदेखि एसएमएस गरी भोट गर्न थालिएको छ।

नेपाली ताराको टप टेन प्रतिस्पर्धी सविना आफ्नो समर्थन जुटाउन शनिबार हेटौंडा आएकी थिइन्। उनले सम्पूर्ण हेटौंडाका बासिन्दाहरूसँग आफूलाई भोट गर्न अनुरोधसमेत गरिन्। टेलिभिजन र रेडियोमा सुनेका गीतहरूलाई गुनगुनाउन मन पराउने सविना आफू नेपाली तारामा सहभागी हुनुमा आमाबाबुको हौसलालाई नै मुख्य कारण मान्छिन्। शनिबार साप्ताहिकसँग कुरा गर्दै दर्शक र श्रोताहरूको साथले नै आफू टप टेनमा आइपुगेको उनले बताइन्। सविना आफ्नो गृहनगर हेटौंडाका बासिन्दाहरूको साथ पाउने कुरामा विश्वस्त हुँदै भन्छिन्- 'हेटौंडावासीको समर्थन मेरा लागि प्रेरणाको स्रोत र जित्ने मुख्य आधार बन्नेछ।'

हेटौंडामा विभिन्न समूहले उनलाई भोटिङ गर्न प्रचार अभियान चलाएका छन्। सोलिड्यारिटी इन्टरनेसनल उच्च मा.वि., हेटौंडामा आयोजित सांस्कृतिक कार्यक्रममा समेत घलानको समर्थनमा भोटिङ गर्न आग्रह गरिएको थियो।

# शैली हार्मोनी फेसन सोको

गत शुक्रबार बौद्धस्थित हयात रिजेन्सीको चौरमा एउटा बेग्लै जमघट देखिन्थ्यो। चौरमा सजाइएको विशाल ट्याम्पमा घरेलु उद्योगबाट उत्पादन भएका नेपाली तथा भारतीय कपडाबाट तयार पारिएका



पोशाकहरूको विभिन्न सुन्दर शैली र आकर्षक डिजाइनबाट दर्शकहरू मन्त्रमुग्ध देखिन्थे। लामो समयपछि राजधानीमा सम्पन्न उक्त फेसन सोमा भारतका सत्यपाल, निक्की महानन, मोनापाली तथा नेपालका सकुन शेरचनद्वारा तयार पारिएका पहिरनलाई नेपाली एवं भारतीय मोडलहरूले आकर्षक ढंगबाट प्रस्तुत गरेका थिए।

सुशीला कोइराला साउथ एसियन कल्चर सेन्टरको सहयोगार्थ साउथ एसियन फाउन्डेसनको आयोजना एवं रश्मी भिरमानीको कोरियोग्राफीमा सम्पन्न



उक्त फेसन प्रदर्शनीको शीर्षक 'हार्मोनी' राखिएको थियो।

चार सिक्वेन्समा विभाजित उक्त फेसन प्रदर्शनीको प्रारम्भ विभिन्न कलरका जर्जेट, क्रेप, जर्जेट ज्याकवार्डका साडीबाट भएको थियो। डिजाइन सत्यपालद्वारा तयार पारिएका ती साडी इम्ब्रोइडरीका साथमा दाना वर्क, बिड्स, फ्रेन्च नट्स आदिको प्रयोगले मनमोहक देखिएका थिए।

निक्की महाजनको कलेक्सनमा भने ए-लाइन र बलुन शैलीमा सर्ट तथा लङ ड्रेसहरूको बाहुल्यता थियो। सिल्कका अतिरिक्त मट्का, टुस्सर तथा भेल्भेट फ्याब्रिकको प्रयोग पनि देखिन्थ्यो। आकर्षक कलर कम्बिनेसन, स्टोन, वर्क तथा ज्वेलन टोनका साथै पहिरनहरूको छेउँतिर गरिएको रंगीन इम्ब्रोइडरीले पहिरनलाई अझ आकर्षक एवं सुन्दर बनाएको देखिन्थ्यो।

डिजाइनर जोडी मोना-पालीको सिर्जनामा भने ह्वाइट, खादी, ब्राइट पिन्क तथा ब्ल्याक कलरको सुन्दर संयोजन थियो। फ्युजन शैलीमा तयार पारिएकासिर्जनामा लेयरिङ शैली विशेष आकर्षक देखिन्थ्यो। लेहेंगाका रूपमा प्रयोग गर्न सकिने लङ स्कर्ट तथा सर्ट ड्रेसका रूपमा पनि प्रयोग गर्न सकिने कुर्ता उनका सिर्जनाका विशेषता थिए।

नेपाली डिजाइनर सकुन शेरचनका पहिरनहरू हेम्प तथा पस्मिनाबाट तयार पारिएका थिए। उनका सिर्जना खादी तथा ब्ल्याक कलरको प्रयोगबाट सजिएका थिए। लङ ड्रेसहरूमा हेम्पद्वारा तयार पारिएको कभर अप आकर्षक थियो। शेरचनका कलेक्सनमा पिन्क एन्ड ब्लु जस्ता ब्राइट कलर प्रयोग भएका टप्सित पाइन्ट एवं स्टाइलिस स्कर्टको कम्बिनेसन पनि उत्तिकै मनमोहक थिए।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुबिधानगर, पो.ब.नं. ८५९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।